सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२९ भदौ २०८२, आइतबार (14 Sep 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १५४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ नक्खु फर्किदै रविले भने-

## न्यायकी प्रतिमूर्ति नै प्रधानमन्त्री बनेकाले अब अन्याय हुन्न भन्ने आशा छ



● जेन-जीको प्रदर्शनमा सुरक्षा जोखिम बढेको भन्दै कारागार प्रशासनले परिवारको जिम्मा लगाएका रास्वपा सभापति चार दिनपछि आफैं नक्खु कारागार फर्किएका छन् । फर्किने क्रममा उनले नयाँ सरकारबाट न्याय पाउने आशा व्यक्त गरेका छन् ।

**पछिल्लो सरकारले ममाथि चरम राजनीतिक प्रतिशोध साधेर मेरो जिना हराम गरेको थियो । आज यस देशको नेतृत्वमा न्यायकी प्रतिमूर्ति स्वयं प्रधानमन्त्री बन्नुभएको छ । अब अन्याय हुन्न भन्ने आशासहित म कारागार जाँदै छु । ममाथि जिल्लैपिच्छे मुद्दा लगाउनुपर्ने थियो कि थिएन, सहकारीको साइनो नभएको मान्छेलाई संगठित अपराध र सम्पत्ति शुद्धीकरणसहितको मुद्दा लगाउनुपर्ने हो कि होइन भन्ने कुरा म नयाँ सरकारको विवेकमाथि नै छोड्न चाहन्छु ।**

**टेकराज थामी**/नयाँ पत्रिका

छुटेको चार दिनपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने नक्खु कारागार फर्किएका छन् । करिब एक महिनादेखि उनी नक्खु कारागारमा रहेकामा जेन-जीको प्रदर्शनका क्रममा २४ भदौमा कारागारमा आगजनी हुन थालेपछि प्रशासनले सुरक्षाको कारण देखाउँदै परिवारको जिम्मा लगाएर छोडेको थियो ।

प्रशासनले पत्र नै थमाएपछि जेलबाट छुटेको भन्दै लामिछानेले उक्त पत्रसमेत सार्वजनिक गरेका थिए । तर, कतिपयले उक्त पत्रमाथि प्रश्न उठाएका थिए । यसैबिच, कारागार व्यवस्थापन विभागले शुक्रबार फरार कैदीबन्दीलाई फर्किन आह्वान गऱ्यो । आफूमाथि पनि प्रश्न उठेकाले लामिछाने शनिबार आफैं कारागार फर्किएका हुन् ।

जेल फर्किनुअघि पनि लामिछानेले प्रशासनले थमाएको पत्रबारे भनेका छन्, 'त्यतिबेला भिडबाट जेललाई जोगाउन

» पृष्ठ २ मा क्रमशः

# जेन-जीले यसरी छान्दै छ मन्त्री

आमनागरिकले प्रस्ताव गरेका नामहरूको पृष्ठभूमि, विज्ञता र स्वतन्त्रता जाँच गरी सामाजिक प्लाटफर्म 'डिसकर्ड'मार्फत भोटिङ गराउने र लोकप्रिय मत पाउनेलाई मन्त्रीमा सिफारिस गर्ने लोकतान्त्रिक विधि अपनाइने

■ जेन-जी आन्दोलनका अगुवा सुदन गुरुङ भन्छन्-

### स्वच्छ छवि र स्वतन्त्र व्यक्तित्व भएका विज्ञहरू राखेर मन्त्रिपरिषद्लाई पूर्णता दिइन्छ



सबैभन्दा पहिले कसलाई मन्त्री बनाउँदा ठिक हुन्छ भनेर आमनागरिकलाई सार्वजनिक आह्वान गर्छौं । विभिन्न माध्यमबाट उहाँहरूले प्रस्ताव गर्नुहुन्छ । नागरिकले प्रस्ताव गरेकामध्येबाट सम्भावित उम्मेदवारबारे हाम्रो मापदण्डअनुसार स्क्रिनिङ गर्छौं । पृष्ठभूमि, विज्ञता, दलको मान्छे हो कि होइन, के कस्तो हो सबै हेरिन्छ । पार्टीगत हुनुभएन, स्वतन्त्र हुनुपऱ्यो भन्ने हाम्रो मापदण्ड छ । त्यस्तै, उच्च छवि भएको, जनताको समस्यालाई बुझेर समाधान गर्न सक्ने व्यक्ति हुनुपर्छ । यस आधारमा स्क्रिनिङमा छनोट भएपछि पोलिङ (भोटिङ) सुरु हुन्छ । डिसकर्डमार्फत भोटिङ हुन्छ । प्रतिस्पर्धीमध्ये जसको धेरै भोट आउँछ, उही मन्त्री बन्छ । मार्नौं स्वास्थ्यमन्त्रीका लागि स्क्रिनिङमा पाँचजना छनोट भए भने पोलिङमा जसको धेरै भोट आउँछ, उही मन्त्री बन्छ । स्वच्छ छवि र स्वतन्त्र व्यक्तित्व भएका विज्ञहरू राखेर मन्त्रिपरिषद्लाई पूर्णता दिइन्छ । प्रधानमन्त्रीको चाहना पनि यही छ ।

■ प्रधानमन्त्री सुशीला कार्कीलाई पनि २५ भदौमा डिसकर्डमा १० हजारभन्दा बढी युवाको प्रत्यक्ष भर्चुअल सहभागिता र खुला मतदानमार्फत छनोट गरिएको थियो

**कमलराज भट्ट**/नयाँ पत्रिका

भ्रष्टाचारविरुद्धको आन्दोलनबाट सत्तापलट गरेका जेन-जी युवाले अनलाइन भोटिङमार्फत सबैभन्दा रुचाइएका 'क्यान्डिडेट'लाई प्रधानमन्त्री छनोट गरेका थिए । उनीहरूले यही विधिबाट मन्त्रीहरू छान्दै छन् । केही नेता कोठाभित्र बसेर कोटको खल्तीबाट मन्त्री छान्ने पुराना दलको अभ्यासविपरीत जेन-जीले आमनागरिकबाट प्रस्ताव गरिएका व्यक्तिलाई सामाजिक प्लाटफर्म 'डिसकर्ड'मार्फत भर्चुअल र खुला मत लिएर मन्त्री छान्ने भएका हुन् ।

प्रधानमन्त्री सुशीला कार्कीलाई पनि २५ भदौमा डिसकर्डमा १० हजारभन्दा बढी युवाहरूको प्रत्यक्ष भर्चुअल सहभागिता र खुला मतदानमार्फत छनोट गरिएको थियो । युवाहरूको मतदानलाई लाखौं जनताले विभिन्न सामाजिक सञ्जालबाट हेरेका थिए । प्रतिस्पर्धामा सागर ढकाल, हर्क साम्पाङ, महावीर पुनलगायत रहेकामा कार्कीले ५० प्रतिशत मत पाएर प्रधानमन्त्री बनेकी थिइन् ।

जेन-जीका अगुवा सुदन गुरुङ सुशीला कार्कीलाई प्रधानमन्त्रीमा छनोट गर्दा अपनाइएकै विधिबाट मन्त्रीहरू पनि छानिने बताउँछन् । 'सुशीला म्यामलाई पनि डिसकर्डमा पोलिङ गरेर छनोट गरेको हो । यसले सम्पूर्ण जेन-जी युवाको भावना प्रतिनिधित्व गरेको छ । हजारौं जनताले प्रत्यक्ष हेरेको छ । जनताले छानेको हो,' उनले भने, 'प्रधानमन्त्री जसरी छानियो मन्त्रीहरू पनि

» पृष्ठ २ मा क्रमशः

## ■ शीतलनिवासमा यसरी जुटेको थियो सहमति

जेन-जी आन्दोलनको दोस्रो दिन २४ भदौको दिउँसो केपी ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिएसँगै सेनाले शान्ति सुरक्षाको जिम्मा लिँदै अन्तरिम सरकारको नेतृत्व तय गर्न समन्वयको भूमिका पनि खेल्यो । लगत्तै काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले जेन-जी अगुवाहरूलाई फेसबुकमा सम्बोधन गर्दै, 'सेनासँग वार्तामा बस्न तयार रहनू, वार्ताअघि संसद् विघटन हुनुपर्छ' भनेर लेखेका थिए । त्यसलगत्तै राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानसेनापति अशोकराज सिग्देलले जेन-जी प्रतिनिधिलाई वार्तामा आउन अपिल गरेका थिए ।



● अस्थिर वातावरणमा पनि नेपालले लोकतान्त्रिक मूल्य-मान्यतालाई सर्वोच्चमा राख्यो : मोदी

(पृष्ठ २)



२५ भदौमा जेन-जीका छुट्टाछुट्टै समूह वार्ताका लागि जंगी अड्डा पुगे । उनीहरूले संसद् विघटन र अन्तरिम सरकार गठनलाई बटमलाइनका रूपमा प्रस्तुत गरे । त्यही दिन अनलाइन भोटिङबाट पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नाम अन्तरिम सरकारको प्रधानमन्त्रीका लागि अनुमोदन गरेर सेनालाई पठायो । तर, धरानका मेयर हर्क साम्पाङले प्रधानमन्त्री बन्न इच्छा देखाए । उनले सोही दिन प्रधानसेनापतिलाई भेटेर आफ्नो पक्षमा सडकमा युवा पनि उतारे । तर, सेनाले जेन-जीको सिफारिसअनुसार कार्कीको नाम राष्ट्रपति पौडेलकहाँ पठाइदियो ।

२६ भदौमा राष्ट्रपतिले कार्की, सभामुख देवराज घिमिरे, कानुनविद् र प्रमुख दलका शीर्ष नेताहरूसँग छलफल गरे । कार्कीलाई प्रधानमन्त्री बनाउन त सबै तयार भए, तर संसद् विघटन नगर्न दबाब दिए । संविधान र संसद्भित्रैबाट निकास खोज्न दलका नेताहरूको दबाब थियो । त्यसपछि राष्ट्रपति पौडेल कार्कीलाई प्रधानमन्त्री बनाउन राजी भए पनि संसद् विघटन गर्न तयार भएनन् । राति ३ बजेसम्म पौडेल, कार्की, प्रधानसेनापति र अधिवक्ता ओमप्रकाश अर्यालबिच छलफल चल्यो । तर, राष्ट्रपति संसद् विघटनमा सहमत नभएपछि थप परामर्श गर्ने भनेर बिहानीपख उठे ।

'कार्कीलाई प्रधानमन्त्री बनाउन सबै पक्ष तयार भए, तर जेन-जीले मुख्य माग बनाएको संसद् विघटन

» पृष्ठ २ मा क्रमशः

■ राष्ट्रपति रामचन्द्र पौडेलको अपिल

# संविधान र प्रणाली बच्यो, 'बडो जुक्ति'ले प्राप्त अवसर चुनावमा सदुपयोग गर्नुस्



**■ राष्ट्रपति रामचन्द्र पौडेलको वक्तव्य-**

देशको अत्यन्त असहज, विषम र भयपूर्ण परिस्थितिमा कठिन प्रयत्नपश्चात् एउटा शान्तिपूर्ण निकास निस्किएको छ । संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन् । बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैंमा सम्हालिँदै आगामी फागुन २१ गते हुने चुनाव सम्पन्न गराउने काममा सहयोग गर्न म सबै पक्षलाई हार्दिक अपिल गर्दछु ।

**प्रेम गौतम**/नयाँ पत्रिका

संसद् विघटनको मुद्दामा प्रमुख दलहरूले असन्तुष्टि जनाएपछि राष्ट्रपति रामचन्द्र पौडेलले आफ्नो कदमको बचाउ गरेका छन् । राष्ट्रपति पौडेलले पछिल्लो राजनीतिक निर्णयबाट संविधान तथा संसदीय प्रणाली बचेको र संघीय लोकतान्त्रिक गणतन्त्र कायम भएको जिकिर गरेका छन् ।

'देशको अत्यन्त असहज, विषम र भयपूर्ण परिस्थितिमा कठिन प्रयत्नपश्चात् एउटा शान्तिपूर्ण निकास निस्किएको छ । संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम

» पृष्ठ २ मा क्रमशः

### ■ विघटनविरुद्ध आठ दल एकै ठाउँमा निर्णय फिर्ता लिएर संसद् बैठक बोलाउन माग

**कांग्रेस, एमाले, माओवादी, एकीकृत समाजवादी, जसपा, जनमत, लोसपा र नागरिक उन्मुक्तिका प्रमुख सचेतकको संयुक्त प्रेस विज्ञप्तिमा भनिएको छ-**

नेपालको संविधान तथा प्रचलित कानुनबमोजिम सुशासनको माग राखेर भएको आन्दोलनको मर्मविपरीत अलोकतान्त्रिक तथा असंवैधानिक ढंगले संसद् छलेर सडकबाट सरकार गठन र प्रतिनिधिसभाको विघटन गरिएको छ । लोकतान्त्रिक र कानुनी राज्यमा सबै प्रकारका समस्याको समाधान संविधान र कानुनबमोजिम हुनुपर्ने र सबै निकायहरू संविधान र कानुनबमोजिम सञ्चालन हुनुपर्दछ भन्ने कुरामा हाम्रो अटल विश्वास रहेको छ । नेपाली जनताको लामो संघर्ष र बलिदानीबाट प्राप्त लोकतन्त्र र संविधानसभाबाट जारी भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानविपरीतका कदमलाई कुनै पनि मूल्यमा स्वीकार गर्न सकिँदैन ।

जननिर्वाचित संस्था प्रतिनिधिसभाको विघटन संविधानको धारा ७६ को उपधारा ७, सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजिर तथा सिद्धान्तहरू एवं नेपालको संवैधानिक परम्पराविपरीत छ । यस्तो कार्यले नेपाली जनताको मताधिकारको अवमूल्यन गर्नुका साथै संवैधानिक सर्वोच्चता र संविधानमाथि प्रहार गरेको छ । तसर्थ, प्रतिनिधिसभा विघटन गरिएको भनिएको निर्णय फिर्ता लिई तत्काल संसद्को बैठक बोलाई जनता र आन्दोलनरत समूहको माग जनानिर्वाचित संस्थाबाटै सम्बोधन हुने वातावरण सिर्जना गर्न सम्बन्धित सबैसँग जोडदार माग गर्दछौं ।

### ■ रास्वपाको ससर्त समर्थन

विघटित प्रतिनिधिसभाको चौथो दल रास्वपाले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारलाई ससर्त समर्थन गरेको छ । रास्वपाले अन्तरिम सरकारसँग २१ फागुनमा तोकिएको आमनिर्वाचन सफलतापूर्वक सम्पन्न गरेर शान्तिपूर्ण सत्ता हस्तान्तरण गर्नुपर्ने, लोकतान्त्रिक हक अधिकारको निर्बाध उपभोग, विधिमा बाँधिएको असल शासनअनुरूप चरम भ्रष्टाचार र दण्डहीनताविरुद्ध कडा कदम, पुनर्निर्माण र आर्थिक सुधार, सुदृढ अन्तर्राष्ट्रिय सम्बन्ध एवं विकासमा गुणस्तरीय द्रुतताको अपेक्षा राखेको छ । घोषित लक्ष्यहरूबाट सरकार च्युत हुँदा प्रतिरोध हुने रास्वापाको चेतावनी छ । स्थापनाकालदेखि नै पार्टी भ्रष्टाचार र कुशासनविरुद्ध संघर्षशील रहेको रास्वपाको दाबी छ ।

## सामान्य बन्दै जनजीवन

सरकारी कार्यालय र शिक्षण संस्था खुल्दै



नयाँ पत्रिका

भ्रष्टाचारविरोधी आन्दोलनको चार दिनपछि काठमाडौं उपत्यकासहितको जनजीवन सामान्य बन्दै गएको छ । शुक्रबार अन्तरिम सरकारकी प्रधानमन्त्रीले मध्यावधि निर्वाचनको मिति तोकिएपछि देशको अवस्था सहज बन्दै गएको हो ।

शनिबारदेखि उपत्यकामा कर्फ्यु हटाएपछि बजार खुलेका छन् भने सार्वजनिक यातायातसमेत फाट्टफुट्ट चल्न थालेका छन् । सवारीसाधनको चाप बढेसँगै सडकमा ट्राफिक प्रहरी पनि खटिएका छन् । सडकमा सर्वसाधारणको भिड बढेको छ ।

» पृष्ठ २ मा क्रमशः

■ शान्तिसुरक्षामा नागरिक सक्रियता

# टोल सुरक्षा समिति गठन, नागरिककै सहयोगमा प्रहरी कार्यालय पुनर्स्थापित हुँदै

नयाँ पत्रिका

जेन-जी आन्दोलनपछिको विषय परिस्थितिमा सुरक्षा चुनौती बढेपछि नागरिकस्तरबाटै शान्तिसुरक्षाका लागि पहल सुरु भएको छ । प्रहरीहरू नै तितरबितर भएको र जेलबाट ठुलो संख्यामा कैदी भागेकाले चोरी तथा लुटपाटको जोखिम बढेपछि टोल सुरक्षा समिति बनाउनेदेखि प्रहरीलाई पुनर्स्थापित गर्ने अभियान सुरु भएको छ ।



काठमाडौंको प्रहरी प्रभाग नेपालटार स्थानीयको सहयोगमा सरसफाइ र रङरोगन गरी कार्यालय बस्न मिल्ने बनाइएको छ

२३ र २४ भदौमा भएको भ्रष्टाचारविरोधी आन्दोलनमा तोडफोड र आगजनी गरिएका उपत्यकाका प्रहरी कार्यालयमा शुक्रबार र शनिबार स्थानीयले सरसफाइमा सघाएका छन् । कतिपय ठाउँमा स्थानीयले फूल दिएर प्रहरीलाई स्वागत गरका छन् । धेरै ठाउँमा स्थानीयले नै अत्यावश्यक सामानसमेत प्रहरीलाई सहयोग गर्न थालेका छन् । स्वस्फूर्त रूपमा स्थानीयहरू संगठित भई आर्थिक सहयोग संकलन गरेर प्रहरीलाई अत्यावश्यक सामान खरिद हुन थालेको छ ।

» पृष्ठ २ मा क्रमशः

प्रधानमन्त्री कार्कीले अस्पतालमा भेटिन् जेन-जी आन्दोलनका घाइते

# घाइतेले भने- मृतकको बलिदानको कदर गर्नुहोला प्रधानमन्त्रीको वचन- तपाईंहरूको एजेन्डा सार्थक बनाउँछु






घाइतेको अवस्था र उपचार स्थिति बुझ्न अस्पतालमा प्रधानमन्त्री सुशीला कार्की । शनिबार दिउँसो दिउँसो ३:१५ मा ट्रमा सेन्टर र ४ बजे निजामती अस्पताल पुगेकी कार्कीलाई घाइतेहरूले अबको पुस्ताले फेरि यस्तो आन्दोलन गर्न नपर्ने गरी कदम चाल्नसमेत सचेत गराए । प्रधानमन्त्री कार्कीले सरकारको प्रत्याभूत गराउने र घाइतेहरूलाई उचित क्षतिपूर्ति दिने आश्वासन दिएन् । 'तपाईंहरूले देशको नेतृत्व परिवर्तनका लागि गोली खानुभयो, म प्रधानमन्त्रीको हैसियतमा छु, अब तपाईंहरूको घाउमा मलमपट्टी लगाउने र तपाईंहरूको एजेन्डालाई सार्थकता दिने गरी काम गर्छु,' उनले ढाडस दिँदै भनिन्, 'तपाईंहरूको योगदानलाई सम्मान हुने गरी नेतृत्व गर्छु । सबै मिलेर देशलाई राम्रो बनाउनतिर लाग्नुपर्छ ।' ट्रमामा रहेकामध्ये २५ जना र निजामती अस्पतालमा रहेका ६ जनालाई अस्पतालको शय्यामै पुगेर भेटिन् । उनले हरेक बिरामीको नाम, ठेगाना, गोली लाग्दाको अवस्था र हालको अवस्था सोधेकी थिइन् ।

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

जेन-जी आन्दोलनका घाइतेले अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीलाई मृतकको बलिदानीको कदर गर्न सचेत गराएका छन् । शनिबार घाइते भेट्न अस्पताल पुगेकी कार्कीलाई उनीहरूले अबको पुस्ताले फेरि यस्तो आन्दोलन गर्न नपर्ने गरी कदम चाल्नसमेत सचेत गराए । जवाफमा कार्कीले जेन-जीको एजेन्डालाई सार्थकता दिने गरी काम गर्ने वचन दिएकी छिन् । उनी धेरै घाइते रहेका ट्रमा सेन्टर र सिभिल अस्पताल गएकी थिइन् ।

दोलखाका रुपिन खड्काले सिभिल अस्पतालको बेडबाट प्रधानमन्त्री कार्कीलाई भने, 'हामीले जे माग राखेर आन्दोलन गऱ्यौं र क्षति व्यहोऱ्यौं, अबको

» पृष्ठ २ मा क्रमशः

NIMB AUTO LOAN @6.29% p.a.

# अस्थिर वातावरणमा पनि नेपालले लोकतान्त्रिक मूल्य–मान्यतालाई सर्वोच्चमा राख्यो : मोदी

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अस्थिर वातावरणमा पनि नेपालले लोकतान्त्रिक मूल्य-मान्यतालाई सर्वोच्चमा राखेको टिप्पणी गरेका छन् । जेन-जी विद्रोहपछि ६ महिनाभित्र निर्वाचन गर्ने गरी पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको विषयमा मोदीको टिप्पणी आएको हो । यद्यपि, नेपालका प्रमुख दलहरूले संसद् विघटनमा असहमति जनाएका छन् ।

उत्तर-पूर्वी भारतको मणिपुरस्थित इम्फालमा शनिबार सम्बोधन गर्दै मोदीले नेपालको अन्तरिम सरकारका प्रधानमन्त्री कार्की र युवाहरूको प्रशंसासमेत गरेका छन् । प्रधानमन्त्री कार्कीलाई सार्वजनिक रूमपा बधाई दिँदै मोदीले नेपालको शान्ति, स्थिरता र समृद्धिको मार्गप्रशस्त हुने विश्वाससमेत जनाएका छन् ।

'म आज नेपालको प्रत्येक व्यक्तिको प्रशंसा गर्दछु, जसले यस्तो अस्थिर वातावरणमा पनि लोकतान्त्रिक मूल्य-मान्यतालाई सर्वोच्चमा राख्यो,' मोदीले भने, 'नेपालको अन्तरिम सरकारको प्रधानमन्त्रीका रूपमा पदभार सम्हाल्नुभएकोमा म आज १४० करोड भारतवासीका तर्फबाट श्रीमती सुशीलाजीलाई हार्दिक बधाई व्यक्त गर्दछु । उहाँले नेपालमा शान्ति, स्थिरता र समृद्धिको मार्गप्रशस्त गर्नुहुनेछ भन्ने मलाई विश्वास छ ।'

भारतीय प्रधानमन्त्री मोदीले पहिलो महिला प्रधानमन्त्रीका रूपमा सुशीलाको आगमन महिला सशक्तीकरणको उत्कृष्ट उदाहरण रहेको बताए । 'हिमालयको काखमा रहेको नेपाल भारतको एक साथी हो, घनिष्ठ मित्र हो । हामी साझा इतिहासद्वारा जोडिएका छौं, आस्थाद्वारा जोडिएका छौं र सँगै मिलेर अगाडि बढिरहेका छौं,' मोदीले भने, 'नेपालको पहिलो महिला प्रधानमन्त्रीका रूपमा सुशीलाजीको आगमन महिला सशक्तीकरणको एक उत्कृष्ट उदाहरण हो ।' मोदीले सम्बोधन गर्ने मणिपुरको इम्फालमा शनिबार उल्लेख्य संख्यामा नेपालीभाषी भारतीय नागरिक पनि सहभागी थिए ।

आन्दोलनपछि नेपालमा युवाहरूले सडक सफा गर्न थालेकोमा समेत उनले चर्चा गरेका छन् । 'पछिल्ला दुई-तीन दिनदेखि, नेपालका युवा-युवती धेरै कडा परिश्रम र शुद्धताको भावनाका साथ नेपालका सडक सफा गर्दै र रङ लगाउँदै गरेको देखिन्छ । मैले सोसल मिडियामा उनीहरूको तस्बिरहरू देखेको छु,' मोदीले भने, 'उनीहरूको यो सकारात्मक सोच र काम प्रेरणादायी मात्र नभई नेपालको नवोदयको स्पष्ट संकेत पनि हो ।' मोदीले नेपालको उज्ज्वल भविष्यका लागि पनि शुभकामना दिएका छन् ।

## नेपालका प्रधानमन्त्रीलाई दलाई लामाको पनि बधाई

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीलाई तिब्बती धर्मगुरु दलाई लामाले बधाई सन्देश दिएका छन् । तिब्बती धर्मगुरु लामाबाट नेपालकी प्रधानमन्त्रीलाई यसरी सार्वजनिक रूपमा बधाई सन्देश आएको पहिलोपटक मानिएको छ । लामाले भारतमा निर्वासित जीवन बिताइरहेका छन् ।

लामाको सन्देश निर्वासित सरकार धर्मशालाको वेबसाइट र उनको व्यक्तिगत वेबसाइटमा राखिएको छ । नेपालले एक चीन नीतिप्रति प्रतिबद्धता जनाउँदै आएको छ भने लामालाई नेपालले तिब्बतका आधिकारिक व्यक्तिका रूपमा मान्यता दिएको छैन । लामाले तिब्बती शरणार्थीको पुनर्वासका लागि नेपाल सरकार र नेपाली जनताले प्रदान गरेको सुविधाका लागि आभार व्यक्त गरेका छन् । लामाले तिब्बती समुदाय सानो भए पनि नेपालको आर्थिक विकासमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएको पनि उल्लेख गरेका छन् ।

## न्यायकी प्रतिमूर्ति...

पृष्ठ १ बाट क्रमशः

चिठी दिएर निकालियो । अहिले चिठी नै वैधानिक छैन भनेको सुन्छु । जुन परिस्थितिमा मलाई जेलबाट निकालियो र चिठी दिइयो, त्यसवेलामा पनि प्रशासनले मलाई जोगाएको होइन, जेल जोगाएको हो । आज आएर त्यसको वैधानिकताका नाममा कुनै कर्मचारीलाई, सचिवलाई अप्ठ्यारोमा पार्न म चाहन्नँ । मैले कालकुट विष पिएको धेरै भइसक्यो ।'

लामिछानेले कारागार जानुअघि गोली प्रहार र सरकारी संरचना ध्वस्त बनाउने घटनाको छानबिन हुनुपर्ने माग गरेका छन् । कलिला युवामाथि ताकीताकी गोली हान्न आदेश दिने गृहमन्त्री रमेश लेखक र प्रधानमन्त्री केपी ओलीमाथि छानबिन गरी कानुनी कारबाही गर्नुपर्ने उनको माग छ । त्यस्तै, सरकारी संरचनामा आगो लगाउनेविरुद्ध पनि कानुनी कारबाही हुनुपर्ने उनको माग छ ।

'कलिला बच्चाहरूलाई ताकीताकी गोली हानेर मारिएको छ । त्यससँगै देशका सरकारी संरचनाहरू ताकीताकी ध्वस्त बनाइएको छ । त्यसैले पहिलो दिनको दमनको पनि छानबिन हुनुपर्छ, दोस्रो दिनको हिंसाको पनि छानबिन हुनुपर्छ,' फेसबुकमार्फत उनले भनेका छन्, 'बच्चाका टाउकोमा ताकीताकी गोली हान्ने गृहमन्त्री, प्रधानमन्त्रीहरू कारबाहीको दायरामा तत्काल आउनुपर्छ । देशका संरचनाहरूमा आगो झोस्नेहरू पनि तत्काल कारबाहीको दायरामा आउनुपर्छ ।'

त्यसबाहेक उनले ०४६ यताका उच्चपदस्थहरूको सम्पत्ति छानबिन गर्नुपर्ने, देशका सबै निकायमा गरिएको राजनीतिक नियुक्ति बदर गर्नुपर्ने, कर्मचारीदेखि न्यायालयसम्मको पुनर्नियुक्तिको बाटो तत्काल रोक्नुपर्नेलगायत माग पनि गरेका छन् । '०४६ पछिका नीतिगतलगायतका सम्पूर्ण निर्णयहरू र उच्चपदस्थको सम्पत्ति छानबिन गर्नुपर्छ । देशका सबै निकायमा गरिएका राजनीतिक नियुक्ति एकै निर्णयबाट रद्द गरिनुपर्छ । कर्मचारीदेखि न्यायपालिकासम्मको पुनर्नियुक्तिको बाटो तत्काल खोल्नुपर्छ । सुब्बादेखि न्यायाधीशसम्मले फेरि जाँच दिनुपर्छ । सम्पूर्ण विश्वविद्यालयमा भएको राजनीतिक नियुक्ति तत्काल खारेज गरी मेरिटोक्रेसी स्थापित हुनुपर्छ । सम्पूर्ण राजदूतहरूको नियुक्तिमा समेत यही विधि लागू हुनुपर्छ,' उनले भने ।

लामिछानेले अन्तरिम सरकार संविधानअनुसार नबनेको भन्दै विरोध गरेका छन् । तर, अहिलेको वास्तविकता यही भएको हुँदा सरकारले कामबाट औचित्य प्रमाणित गर्नुपर्ने उनको भनाइ छ । 'म लोकतन्त्र, विधिको शासनप्रति प्रतिबद्ध राजनीतिकर्मी हुँ । यसमा म कुनै हालतमा सम्झौता गर्दिनँ । अन्तरिम सरकार संविधानको पूर्ण पालनाबाट बनेन, बन्न सक्दैनथ्यो,' उनले भने, 'अन्तरिम सरकारको संवैधानिक पृष्ठभूमि जेसुकै भए पनि यो अब देशको वास्तविकता हो । यो कदमलाई सरकारले अब परिणामबाट सार्थक बनाउनुपर्छ ।'

लामिछानेले यसअघिको सरकारले आफूमाथि चरम राजनीतिक प्रतिशोध साधेको हुँदा यो सरकारबाट न्याय पाउने आशा गरेको बताए । 'पछिल्लो सरकारले ममाथि चरम राजनीतिक प्रतिशोध साधेर मेरो जिना हराम गरेको थियो । आज यस देशको नेतृत्वमा न्यायकी प्रतिमूर्ति स्वयं प्रधानमन्त्री बन्नुभएको छ,' उनले भने, 'अब अन्याय हुन्न भन्ने आशासहित म कारागार जाँदै छु । ममाथि जिल्लैपिच्छे मुद्दा लगाउनुपर्ने थियो कि थिएन, सहकारीको साइनो नभएको मान्छेलाई संगठित अपराध र सम्पत्ति शुद्धीकरणसहितको मुद्दा लगाउनुपर्ने हो कि होइन भन्ने कुरा म नयाँ सरकारको विवेकमाथि नै छोड्न चाहन्छु ।'

## सामान्य बन्दै...

पृष्ठ १ बाट क्रमशः

उपत्यकाका तीनै जिल्लामा शनिबारदेखि कर्फ्यु हटाइएको छ । तर, निश्चित क्षेत्रमा निषेधाज्ञा छ ।

आइतबारदेखि सरकारी कार्यालयबाट पनि सेवा सञ्चालन गर्ने तयारी छ । ठुलो क्षति नभएका सरकारी कार्यालयबाट सेवाप्रवाह गर्न लागिएको छ । क्षति भएका कार्यालयमा सरसफाइ र वैकल्पिक व्यवस्था गर्न लागिएको छ । सर्वोच्च अदालतले पनि आइतबारदेखि बन्दी प्रत्यक्षीकरणसम्बन्धी रिटको सुनुवाइ गर्ने निर्णय गरिसकेको छ ।

आन्दोलनपछि बन्द देशभरिका शैक्षिक संस्था आइतबारदेखि खुल्ने भएका छन् । अवस्था सामान्य हुँदै गएपछि विद्यालय, कलेज तथा विश्वविद्यालयले पठनपाठन अघि बढाउन लागेका हुन् । यद्यपि, क्षति पुगेका शैक्षिक संस्थामा भने केही दिन लाग्ने अवस्था छ । काठमाडौं महानगरपालिकाले पनि आइतबारदेखि शैक्षिक संस्था खोल्ने र सोमबारदेखि पठनपाठन गर्ने निर्णय गरेको छ । आइतबार शैक्षिक संस्था सफा गर्ने र सोमबारदेखि विद्यार्थीलाई मनोसामाजिक परामर्शसँगै अध्ययन-अध्यापन गर्न महानगरपालिकाले निर्देशन दिएको छ ।

## टोल सुरक्षा...

पृष्ठ १ बाट क्रमशः

पूर्वप्रहरी अधिकारीहरू महाराजगन्ज वृत्त पुगेर शनिबार सरसफाइ गरी कार्यालय सञ्चालनका लागि सघाएका छन् । त्यस्तै, नेपालटार प्रभाग स्थानीयबासी प्रहरी र सर्वसाधरण बनेर मर्मत गरी रंगरोगन समेत गरेका छन् । 'हाम्रो आफ्नै टोलको सुरक्षाका लागि सबै मिलेर प्रहरी कार्यालय मर्मत गरेका हौं,' स्थानीय समेत रहेका वरिष्ठ नायब निरीक्षक सन्तोष कार्कीले भने,'प्रहरीलाई फर्काउने प्रयास गरिरहेका छौं ।'

उपत्यका प्रहरीका एआइजी दानबहादुर कार्कीका अनुसार कतिपयले प्रहरी चौकी मर्मतसमेत थालेका छन् । 'बिस्तारै नियमित काममा खटिने प्रयासमा छौं,' एआइजी कार्की भन्छन्, 'यसमा जनताको सहयोगले मनोबल बढिरहेको छ ।'

आन्दोलनको आवेगमा उपत्यकाका ९० प्रतिशत प्रहरी कार्यालय आक्रमणमा परेका छन् । प्रहरीका गाडी जलेका छन् । हतियारदेखि पोसाकसम्म लुटिएपछि प्रहरी अझै नियमित ड्युउटीमा खटिएको छैन । कार्यालयहरू जलेपछि बस्ने र खाने ठाउँसमेत नभएपछि उपत्यकाको शान्तिसुरक्षाको कमान्ड अझै प्रहरीले लिन सकेको छैन । अवस्था कस्तोसम्म छ भने प्रहरीको पोसाकसमेत छैन ।सबैजसो कार्यालयमा सरसफाइमा स्थानीयले सघाएका छन् । स्थानीयकै सहयोगमा प्रहरी नियमित गस्तीमा खटिन थालेको छ । शनिबारदेखि ट्राफिक प्रहरी पनि सडकमा निस्किएको छ । मातहतका कार्यालय जलेकाले उपत्यकाका तीन जिल्लामा जिल्ला प्रहरी परिसरबाट मात्र मुद्दासम्बन्धी कामकारबाही हुन थालेको छ । नागरिकको साथले आफूहरू मनोबल उठाएर अघि बढेको प्रहरी अधिकारी बताउँछन् ।

उता, प्रहरी परिचालन थोरै भएकाले लुटपाट बढ्न सक्ने जोखिमका कारण विभिन्न स्थानमा टोल सुरक्षा समिति बनाएरसमेत गस्ती गर्न थालेका छन् । आन्दोलनको फाइदा उठाउँदै केही अराजक तत्त्वले लुटपाट मच्चाएका थिए । कारागारबाट ठुलो संख्यामा कैदीबन्दी भागेकाले पनि सर्वसाधारणले सुरक्षा चुनौती महसुस गरेका छन् ।



**प्रधानमन्त्रीद्वारा अवलोकन :** प्रधानमन्त्री सुशीला कार्कीले शनिबार आन्दोलनमा क्षतिग्रस्त बनेको प्रहरी वृत्त महाराजगन्जमा पुगेर अवलोकन गरेकी छिन् । अवलोकनपछि उनले प्रहरीको पुनर्स्थापनमा सरकारले सघाउने बताएकी छिन् । अवलोकनमा प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ, एआइजी दानबहादुर कार्कीलगायत उपस्थित थिए ।

## जेन–जी...

पृष्ठ १ बाट क्रमशः

त्यही प्रोसेसबाट चुन्ने कुरा भएको छ ।' गुरुङका अनुसार अनलाइन मतदान गर्न युवाहरूको आइटी टिम सक्रिय छ । उक्त टिमले सबै युवालाई जोडेर पोलिङ गराउँछ । तर, मतदान गर्नुअघि सम्भावित उम्मेदवारहरू तय गर्न उनीहरूको पृष्ठभूमि, विज्ञता, दलीय आबद्धतालगायत जाँच गरिन्छ । यी परीक्षणमा पास भएपछि मात्रै मन्त्रीको उम्मेदवारका रूपमा भोटिङका लागि प्रस्ताव गरिने उनले बताए ।

'सबैभन्दा पहिले कसलाई मन्त्री बनाउँदा ठिक हुन्छ भनेर आमनागरिकलाई सार्वजनिक आह्वान गर्छौं । विभिन्न माध्यमबाट उहाँहरूले प्रस्ताव गर्नुहुन्छ । नागरिकले प्रस्ताव गरेकामध्येबाट सम्भावित उम्मेदवारबारे हाम्रो मापदण्डअनुसार स्क्रिनिङ गर्छौं । पृष्ठभूमि, विज्ञता, दलको मान्छे हो कि होइन, के कस्तो हो सबै हेरिन्छ । पार्टीगत हुनुभएन, स्वतन्त्र हुनुपर्‍यो भन्ने हाम्रो मापदण्ड छ । त्यस्तै, उच्च छवि भएको, जनताको समस्यालाई बुझेर समाधान गर्न सक्ने व्यक्ति हुनुपर्छ,' गुरुङले भने, 'यस आधारमा स्क्रिनिङमा छनोट भएपछि पोलिङ (भोटिङ) सुरु हुन्छ ।'

पोलिङमा सबैभन्दा धेरै भोट प्राप्त गर्ने उम्मेदवार मन्त्री बन्ने उनले बताए । 'डिसकर्डमार्फत भोटिङ हुन्छ । प्रतिस्पर्धीमध्ये जसको धेरै भोट आउँछ, उही मन्त्री बन्छ । मानौं स्वास्थ्यमन्त्रीका लागि स्क्रिनिङमा पाँचजना छनोट भए भने पोलिङमा जसको धेरै भोट आउँछ, उही मन्त्री बन्छ,' गुरुङले भने, 'स्वच्छ छवि र स्वतन्त्र व्यक्तित्व भएका विज्ञहरू राखेर मन्त्रिपरिषद्लाई पूर्णता दिइन्छ । प्रधानमन्त्रीको चाहना पनि यही छ ।' मन्त्रिपरिषद् सकेसम्म सानो आकारको बनाउने योजना रहे पनि निर्णय भइनसकेको उनले बताए ।

गुरुङले युवाहरूको सहभागितामा योग्य व्यक्तिहरूलाई मन्त्री बनाउने बताए । 'हामीलाई पहिला सुशीला कार्की को हो भन्ने थाहा थिएन । हाम्रो उमेरको ल्याउनुपर्छ भनेर लागेको हो । युवाहरूले देश बनाउँछ, तर अभिभावक चाहियो भनेर युवा साथीहरूले नै पारदर्शी हिसाबले उहाँलाई छनोट गर्नुभयो । उहाँ कठोर अडानमा बस्ने मान्छे हो भनेर चुनिनुभएको हो,' उनले भने, 'अब मन्त्रीहरू पनि जेन-जी युवाकै सहभागितामा छान्छौं ।' गुरुङले आफू मन्त्री नबन्ने घोषणासमेत गरिसकेका छन् ।

अन्तरिम सरकारमा मन्त्रीका लागि विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङ, अधिवक्ता ओमप्रकाश अर्याललगायतको नाम चर्चामा छ । त्यस्तै, प्रधानमन्त्री बन्ने प्रयास गरेका धरानका मेयर हर्क साम्पाङले पनि जेन-जीले रोजे मन्त्री बन्ने इच्छा देखाएका छन् ।

तर, घिसिङले मन्त्री बन्ने विषयमा आफूसँग कसैले प्रस्ताव नगरेको बताए । 'जेन-जीसँग मेरो सम्पर्क भएको छैन । त्यस्तो प्रस्ताव आएको पनि छैन । आयो भने सोच्छु,' आन्दोलनमा मारिएकाहरूको द्वीप प्रज्वलन कार्यक्रममा उनले भने । त्यस्तै, अधिवक्ता अर्यालले पनि आफू मन्त्री बन्ने निचोडमा नपुगेको बताए । 'मेरो बारेमा आएका कुरा साँचो होइन । मेरो निर्णय भएको छैन । के कस्तो जिम्मेवारी लिने भन्ने होला,' उनले भने, 'समग्रतामा हेरेर विचार गर्ने कुरा हो । निचोडमा पुगेको छैन ।'

प्रधानमन्त्री कार्कीले जेन-जी पुस्तालाई निराश नबनाउने र उनीहरूकै सल्लाहमा मन्त्रिपरिषद् बनाएर काम गर्ने प्रतिबद्धता जनाएकी छिन् । 'मैले हाम्रो जेन-जी युवालाई निराश बनाउँदिनँ । जेन-जीले मलाई प्रधानमन्त्री बनाएको हो । युवाले शासन गर्ने हिसाबले देश बनाउँछु । तपाईंको पूर्ण साथ चाहिन्छ,' कार्कीले जेन-जी प्रतिनिधिसँगको छलफलमा भनेको गुरुङले बताए ।

शुक्रबार शपथ लिएर आएकी प्रधानमन्त्री कार्कीले पदभार ग्रहण गरेकी छैनन् । उनी मन्त्रिपरिषद् विस्तारपछि मात्रै पदभार ग्रहण गरेर मन्त्रिपरिषद् बैठक राख्ने योजनामा रहेको स्रोतले बतायो । शनिबार उनले अस्पताल गएर आन्दोलनका घाइतेलाई भेटिन् भने आन्दोलनमा आगजनी भएको महाराजगन्ज प्रहरी वृत्तको निरीक्षणमा पुगिन् । जेन-जी युवाले सुरुमा सहिदका परिवार र घाइतेलाई भेटेर उनीहरूका कुरा सुन्ने र सम्बोधन गर्नुपर्ने माग राखेका थिए । त्यसैअनुसार कार्कीले घाइतेलाई भेटेर उनीहरूको कुरा सुनेकी थिइन् ।

## शीतलनिवासमा...

पृष्ठ १ बाट क्रमशः

राष्ट्रपति तयार हुनुभएन । उता कार्कीले जेन-जीको माग पूरा नभएसम्म प्रधानमन्त्री नबन्ने अडान लिनुभयो,' अधिवक्ता ओमप्रकाश अर्यालले भने, 'संसद् कसरी विघटन गर्न सकिन्छ भन्ने सबै विकल्पमा छलफल भए पनि राष्ट्रपति सकारात्मक नहुँदा १६ घण्टा लामो बैठकले निष्कर्ष निकाल्न सकेन ।'

शीतलनिवासमा म्याराथन बैठक चलिरहँदा जेन-जी युवाले बाहिरबाट खबरदारी गरिरहेका थिए । जेन-जीका अगुवा सुदन गुरुङले छलफलमा बसेका सेनाका अधिकारीलाई राति नै फोन गरेर 'युवाहरू गोली खान तयार रहेको र राष्ट्रपतिलाई थुतेर सडकमा ल्याउने' चेतावनी दिएका थिए । निर्णय ढिला भइरहँदा राजा ल्याउन लागेको हल्लाबिच गुरुङले छलफलमा बसेका अधिवक्ता अर्याललाई पनि फोन गरेर 'राजाको हल्ला के हो ? संसद् विघटनको मुद्दा छाड्दैनौं' भन्दै सचेत गराएका थिए । जेन-जीको खबरदारीले राष्ट्रपति दबाबमा परे । सेनाले पनि युवाहरूको माग सम्बोधन नभए संकटकाल लगाएर आफूले 'टेकओभर' गर्नुपर्ने विकल्प राष्ट्रपतिसमक्ष राख्यो । राष्ट्रपतिपछि फेरि दलहरूसँग परामर्श गर्ने निष्कर्षमा पुगे ।

२७ भदौको बिहान ९ बजे बोलाइएको सर्वपक्षीय बैठक सारेर राष्ट्रपतिले परिस्थितिबारे दलका शीर्ष नेतालाई ब्रिफिङ गरे । बिहान ९ बजे नै राष्ट्रपति कार्यालय पुगेका जेन-जी अगुवा गुरुङ राष्ट्रपतिका प्रतिनिधिसँग वार्ता नगर्ने अडानमा बसे । राष्ट्रपतिले दलका नेताहरूबाट ग्रिन सिग्नल पाएपछि संसद् विघटनमा जानुपर्ने मनस्थिति बनाए । सोही दिन साँझ राष्ट्रपति, कार्की र जेन-जी प्रतिनिधिबिच भएको निर्णायक वार्तामा संसद् विघटन गर्ने सहमति जुटेको राष्ट्रपति कार्यालयका एक अधिकारीले बताए ।

'एकातिर जेन-जी युवाको माग, अर्कोतिर दलहरूको दबाबले सम्माननीयज्यू (राष्ट्रपति) चेपुवामा पर्नुभयो । निकास नदिए संकटकाल लगाएर टेकओभर गर्ने आर्मीको दबाब संवेदनशील थियो । यी सबै परिस्थितिमा सम्माननीयज्यू जेन-जीको मागअनुसार संसद् विघटन गर्न तयार हुनुभयो,' ती अधिकारीले भने, 'अन्तर्राष्ट्रिय शक्तिको पनि चर्को दबाब थियो ।' २७ भदौकै साँझ अन्तरिम सरकार गठन र संसद् विघटनमा सहमति जुटेपछि कुन धारा प्रयोग गर्ने भनेर मस्यौदा तय गरियो । धारा ६१ (४) अनुसार राष्ट्रपतिले कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गरेर शपथ खुवाए । लगत्तै कार्कीले प्रतिनिधिसभा विघटन सिफारिस गरिन्, राष्ट्रपतिले स्वीकृत गर्दै २१ फागुनका लागि निर्वाचन तोकिदिए ।

### संसद् विघटनका लागि धेरै फाइट गरें : सुदन गुरुङ

जेन-जीका अगुवा एवं 'हामी नेपाल'का अभियन्ता सुदन गुरुङ सेना र राष्ट्रपतिसँग भएका वार्तामा सुरुदेखि नै अप्रत्यक्ष र प्रत्यक्ष संलग्न थिए । शुक्रबार (२७ भदौ) दिनभर राष्ट्रपति कार्यालयमा बिताएका उनले त्यहाँ संसद् विघटनका लागि लड्नुपरेको बताए । 'हामीले संसद् विघटनका लागि एकदमै फाइट गरेको हो । हाम्रो प्रधानमन्त्री, ओमप्रकाश अर्याल र आर्मी चिफसाबले पनि एकदम साथ दिनुभयो । अन्ततः गरेरै छोड्यौं,' उनले भने । गुरुङले संसद् विघटन गराउन आफू राष्ट्रपति कार्यालयमा पानीसमेत नखाएर अनशनमै बसेको बताए । 'संसद् विघटन नभएसम्म केही खान्न भनेर बसें,' उनले सुनाए ।

राष्ट्रपतिले दलहरूसँग बसेर छलफल गर भनेर सुशीला कार्की र आफूहरूलाई पटक-पटक भनेको गुरुङले बताए । 'उहाँले दलहरूसँग बसेर वार्ता गर, संसद्बाटै ल्याउनुपर्छ भन्नुभयो,' उनले भने, 'हामी लडेर आएको हो । तपाईं को हो र हामीलाई अर्डर दिने ? हामीले धरातल टेक्नुपर्छ, तपाईंले कुन तरिकाले देश चलाउन खोजेको हो भनेर प्रश्न गर्‍यौं ।'

राष्ट्रपतिले दलहरूसँग कुरा गर्न र संसद्बाट प्रधानमन्त्री ल्याउनुपर्छ भनेपछि युवाहरू थप आक्रोशित भएको उनले सुनाए । 'संसद् विघटन भएन भने नयाँ रिभोलुसन हुन्छ, भ्रष्ट नेताभन्दा आर्मीबाट गोली खान तयार छौं, त्यसपछि कसरी हुँदैन रिभोलुसन भन्यौं,' उनले भने ।

संसद् विघटनका लागि राष्ट्रपतिलाई राजी गराउन प्रधानसेनापतिको पनि ठुलो भूमिका रहेको गुरुङले बताए । 'आर्मीको चिफसाबको रोल ठुलो थियो । उहाँहरूले गरेर खाउ भनेर युवाहरूलाई देश सुम्पेको छ । आर्मीको सपोर्टविना केही पनि हुने थिएन । युवाहरूलाई सपोर्ट गरेको छ,' उनले भने ।

राष्ट्रपतिलाई केपी ओली, शेरबहादुर देउवा, प्रचण्डदेखि अन्तर्राष्ट्रियस्तरबाट समेत दबाब आएको सुनेको भन्दै नेताहरूको दबाबमा आफूहरूको माग सम्बोधन नगरिए ठिक नहुने भनेको गुरुङको भनाइ छ । 'ओली, देउवा र प्रचण्डको दबाबमा तपाईं टेक्नुभयो भने राम्रो हुँदैन, उनीहरूको कुशासनको घर ध्वस्त भयो, पत्तासाफ भयो, उनीहरू अब आमनागरिक हो, उनीहरूको कुरा सुन्ने होइन भनेर राष्ट्रपतिलाई दबाब दिएको हो,' उनले भने ।

## संविधान र प्रणाली...

पृष्ठ १ बाट क्रमशः

रहेको छ । ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन्,' शीतलनिवासमा सल्लाहकार तथा पदाधिकारीसँग शनिबार छलफलपछि राष्ट्रपतिले जारी गरेको वक्तव्य छ ।

राष्ट्रपति पौडेलले २१ फागुनका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनमा जान राजनीतिक दलहरूलाई आह्वान गरेका छन् । 'बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैँमा सम्हालिँदै आगामी फागुन २१ गते हुने चुनाव सम्पन्न गराउने काममा सहयोग गर्न म सबै पक्षलाई हार्दिक अपिल गर्दछु,' राष्ट्रपतिले संसद् विघटनको विरोध गरेका दलहरूलाई लक्षित गर्दै शनिबार सन्देश दिएका छन् ।

अर्कोतिर राजनीतिक दलहरूले प्रतिनिधिसभा विघटनको निर्णय फिर्ता लिएर संसद् बैठक आह्वान गर्न र त्यहीँबाट निकास खोज्न आग्रह गरेका छन् । संसद् विघटनको विरोध गरे पनि निर्वाचनबारे दलहरूले कुनै टिप्पणी गरेका छैनन् । प्रमुख नेताहरू पनि अहिले सेनाको सुरक्षा घेरामा छन् ।

राष्ट्रपतिका एक सल्लाहकारले हरेक ठुला आन्दोलनपछि आवश्यकताको सिद्धान्तका आधारमा राष्ट्रप्रमुखबाट कदम चालिएको पृष्ठभूमिमा अहिले पनि संसद् विघटन र नयाँ निर्वाचन घोषणा भएको बताए । 'आन्दोलनको म्यान्डेट कार्यान्वयन गर्नुपर्ने अवस्था छ । राष्ट्रपतिले अहिलेको संविधान, लोकतन्त्र, विधि र प्रक्रिया बचाएर आन्दोलनको म्यान्डेट कार्यान्वयन गर्नुभएको छ । यो सबैले जित्ने निर्णय भएको हुनाले विरोध गर्नुपर्ने नै छैन,' ती सल्लाहकारले नयाँ पत्रिकासँग भने, 'सबैका लागि अवसर प्राप्त भएकाले यो सदुपयोग होस् भन्ने उहाँको चाहना हो ।'

### विघटनविरुद्ध प्रमुख दलहरू एक ठाउँमा, निर्णय फिर्ता लिएर संसद् बैठक बोलाउन माग

प्रतिनिधिसभा विघटनविरुद्धमा विघटित संसद्का प्रमुख तीनसहित आठ दल एक ठाउँमा उभिएका छन् । संसद्मा प्रतिनिधित्व गर्ने आठ राजनीतिक दलले संयुक्त विज्ञप्ति जारी गर्दै प्रतिनिधिसभा विघटनको निर्णय फिर्ता लिएर संसद्को बैठक बोलाउन माग गरेका छन् । संसद्को बैठक बोलाई जनता र आन्दोलनरत समूहको माग जननिर्वाचित संस्थाबाटै सम्बोधन हुने वातावरण सिर्जना गर्न उनीहरूको माग छ ।

प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट संसद् विघटन भएको दोस्रो दिन कांग्रेस, एमाले, माओवादी, एकीकृत समाजवादी, जसपा, जनमत, लोसपा र नागरिक उन्मुक्तिका प्रमुख सचेतकले संयुक्त प्रेस विज्ञप्तिमार्फत आफ्नो धारणा सार्वजनिक गरेका हुन् । 'नेपालको संविधान तथा प्रचलित कानुनबमोजिम सुशासनको माग राखेर भएको आन्दोलनको मर्मविपरीत अलोकतान्त्रिक तथा असंवैधानिक ढंगले संसद् छलेर सडकबाट सरकार गठन र प्रतिनिधिसभाको विघटन गरिएको छ । लोकतान्त्रिक र कानुनी राज्यमा सबै प्रकारका समस्याको समाधान संविधान र कानुनबमोजिम हुनुपर्ने र सबै निकायहरू संविधान र कानुनबमोजिम सञ्चालन हुनुपर्दछ भन्ने कुरामा हाम्रो अटल विश्वास रहेको छ,' आठ दलको संयुक्त विज्ञप्तिमा छ, 'नेपाली जनताको लामो संघर्ष र बलिदानीबाट प्राप्त लोकतन्त्र र संविधानसभाबाट जारी भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानविपरीतका कदमलाई कुनै पनि मूल्यमा स्वीकार गर्न सकिँदैन ।'

जननिर्वाचित संस्था प्रतिनिधिसभाको विघटन संविधानको धारा ७६ को उपधारा ७, सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजिर तथा सिद्धान्तहरू एवं नेपालको संवैधानिक परम्पराविपरीत रहेको दलहरूको ठहर छ । 'यस्तो कार्यले नेपाली जनताको मताधिकारको अवमूल्यन गर्नुका साथै संवैधानिक सर्वोच्चता र संविधानमाथि प्रहार गरेको छ । तसर्थ, प्रतिनिधिसभा विघटन गरिएको भनिएको निर्णय फिर्ता लिई तत्काल संसद्को बैठक बोलाई जनता र आन्दोलनरत समूहको माग जननिर्वाचित संस्थाबाटै सम्बोधन हुने वातावरण सिर्जना गर्न सम्बन्धित सबैसँग जोडदार माग गर्दछौं,' विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरे, एमालेका महेश बर्तौला, माओवादीका हितराज पाण्डे, एकीकृत समाजवादीका मेटमणि चौधरी, लोसपाका रामप्रकाश चौधरी, जसपाका वीरेन्द्रप्रसाद महतो, नागरिक उन्मुक्तिकी रञ्जिता श्रेष्ठ र जनमत पार्टीकी अनिता देवीको हस्ताक्षर रहेको छ । दलहरूले पनि भिन्दाभिन्दै विज्ञप्तिमार्फत पनि संसद् विघटनको विरोध जनाएका छन् ।

### सरकारलाई रास्वपाको ससर्त समर्थन

विघटित प्रतिनिधिसभाको चौथो दल रास्वपाले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारलाई ससर्त समर्थन गरेको छ । रास्वपाले अन्तरिम सरकारसँग २१ फागुनमा तोकिएको आमनिर्वाचन सफलतापूर्वक सम्पन्न गरेर शान्तिपूर्ण सत्ता हस्तान्तरण गर्नुपर्ने, लोकतान्त्रिक हक अधिकारको निर्वाध उपभोग, विधिमा बाँधिएको असल शासनअनुरूप चरम भ्रष्टाचार र दण्डहीनताविरुद्ध कडा कदम, पुनर्निर्माण र आर्थिक सुधार, सुदृढ अन्तर्राष्ट्रिय सम्बन्ध एवं विकासमा गुणस्तरीय द्रुतताको अपेक्षा राखेको छ । घोषित लक्ष्यहरूबाट सरकार च्युत हुँदा प्रतिरोध हुने रास्वापाको चेतावनी छ ।

'फागुन २१ गते तोकिएको आमनिर्वाचन सफलतापूर्वक सम्पन्न गर्दै शान्तिपूर्ण सत्ता हस्तान्तरणका साथै लोकतान्त्रिक हकअधिकारको निर्वाध उपभोग, विधिमा बाँधिएको असल शासनअनुरूप चरम भ्रष्टाचार र दण्डहीनताविरुद्ध कडा कदम, पुनर्निर्माण र आर्थिक सुधार, सुदृढ अन्तर्राष्ट्रिय सम्बन्ध एवं विकासमा गुणस्तरीय द्रुतताको अपेक्षा यस अन्तरिम सरकारबाट राखिएको छ,' महामन्त्री कवीन्द्र बुर्लाकोटीले शनिबार जारी गरेको विज्ञप्तिमा भनेका छन्, 'यी घोषित लक्ष्यहरूबाट सरकार च्युत हुँदा प्रतिरोध हुनेमा रास्वपा स्पष्ट रहँदै समग्र राष्ट्रिय हित, एकता र सौहार्दताको प्रवर्द्धनमा हाम्रो दल सदा सहयोगी भूमिकामा रहनेछ ।' उनले रास्वपा स्थापनाकालदेखि नै भ्रष्टाचार र कुशासनविरुद्ध संघर्षशील रहेको दाबी गरेका छन् ।

### बार र पत्रकार महासंघले गरे विघटनको विरोध

कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनले प्रतिनिधिसभा विघटन संवैधानिक सर्वोच्चता एवं संविधानवादसमेतको प्रत्यक्ष विपरीत रहेको ठहर गरेको छ । स्वेच्छाचारी र असंवैधानिक कदम भन्दै बारले भर्त्सना गरेको छ । बारका अध्यक्ष डा. विजयप्रसाद मिश्र र महासचिव केदारप्रसाद कोइरालाले संयुक्त विज्ञप्ति निकालेर भनेका छन्, 'प्रतिनिधिसभा विघटन गरी नयाँ सरकार बनाउने गरी राष्ट्रपतिबाट भएको निर्णय स्वेच्छाचारी र असंवैधानिक रहनुका साथै कानुनको शासन, संवैधानिक सर्वोच्चता एवं संविधानवादसमेतको प्रत्यक्ष विपरीत रहेको निष्कर्षसहित यस कदमको कडा भर्त्सना गर्दछ ।'

संसद् विघटनले नेपाली जनताले लोकतन्त्रका लागि गरेको लामो र कठिन संघर्षलाई गम्भीर रूपमा कमजोर पार्ने र लोकतन्त्र, गणतन्त्र र समावेशितासहितको संघीयताजस्ता उपलब्धिलाई खोस्नेतर्फ लक्षित रहेको बारको दाबी छ । बारले लोकतन्त्रको तत्काल पुनर्स्थापना र संवैधानिक सर्वोच्चताको अटल पालनाका लागि माग गरेको छ । संविधानमा निहित जनचाहनाको सम्मान गर्न र कठिन संघर्षबाट प्राप्त लोकतान्त्रिक उपलब्धिलाई अस्थिर बनाउन सक्ने कुनै पनि कार्यबाट सचेत रहन बारले आह्वान गरेको छ ।

यस्तै, पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघले संविधानविपरीत प्रधानमन्त्रीको नियुक्ति र सर्वोच्च अदालतबाट यसअघि प्रतिपादित नजिर र सिद्धान्तविपरीत भएको प्रतिनिधिसभा विघटन संवैधानिक र नागरिक सर्वोच्चताविपरीत रहेको ठहर गरेको छ । यो कदम लोकतन्त्रका लागि अनिष्टको संकेत भएको महासंघको दाबी छ । महासंघले वर्तमान संविधान र यसबाट प्राप्त उपलब्धिको रक्षार्थ दृढतापूर्वक अगाडि बढ्न सबै पक्षलाई आह्वानसमेत गरेको छ ।

महासंघका महासचिव रामप्रसाद दाहालले शनिबार विज्ञप्ति जारी गरी भनेका छन्, 'महासंघ संविधानविपरीत प्रधानमन्त्रीको नियुक्ति र सर्वोच्च अदालतबाट यसअघि प्रतिपादित नजिर र सिद्धान्तविपरीत भएको प्रतिनिधिसभा विघटन संवैधानिक र नागरिक सर्वोच्चताविपरीत रहेको ठहर गर्दै यो कदम लोकतन्त्रका लागि अनिष्टको संकेत हो भन्ने ठान्दछ ।' यो कदमले मुलुकको लोकतान्त्रिक प्रणाली, संवैधानिक सर्वोच्चता, नागरिकका अधिकार, मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालगायत संविधानले व्यवस्थित गरेका गणतन्त्र, संघीयता, समावेशिताजस्ता उपलब्धिमा आघात पुग्ने महासंघको ठम्याइ छ ।

## घाइतेले भने...

पृष्ठ १ बाट क्रमशः

पुस्ताले यस्तो गर्न नपरोस् । मृतकको बलिदानीलाई सरकारले कदर गर्ने गरी काम गरोस् ।' आन्दोलनमा रुपिनको शरीरमा आठ गोली लागेको छ ।

जवाफमा प्रधानमन्त्री कार्कीले जेन-जी युवाले गरेको त्यागलाई सम्मान मिल्ने गरी काम गर्ने आश्वासन दिएकी छिन् । 'मैले तपाईंहरूको पीडा बुझेको छु, तपाईंहरू हातहतियारविना प्रदर्शनमा उत्रिनुभयो, तर राज्यबाट गोली बर्साउनु गलत भयो,' उनले भनिन्, 'तपाईंहरूको त्यागलाई सम्मान मिल्ने गरी काम गर्छु ।'

निजामती अस्पतालमा १० घाइते छन् । यीमध्ये चार आइसियूमा छन् । कार्कीले आइसियूबाहिर रहेका ६ घाइतेलाई भेटेकी थिइन् । अर्का घाइते बनेपाका सुभाष दाहालले पनि कार्कीसँग उस्तै अनुरोध गरे, 'हामीलाई भेट्न आउनुभएकोमा खुसी लागेको छ, देश अब तपाईंकै हातमा छ, कृपया राम्रो गर्नुहोला ।'

जवाफमा प्रधानमन्त्री कार्कीले मृतक र घाइतेको योगदानको सम्मान गर्ने गरी अघि बढ्ने दोहोर्‍याइन् । 'तपाईंहरूले देशको नेतृत्व परिवर्तनका लागि गोली खानुभयो, म प्रधानमन्त्रीको हैसियतमा छु, अब तपाईंहरूको घाउमा मलमपट्टी लगाउने र तपाईंहरूको एजेन्डालाई सार्थकता दिने गरी काम गर्छु,' उनले ढाडस दिँदै भनिन्, 'तपाईंहरूको योगदानलाई सम्मान हुने गरी नेतृत्व गर्छु । सबै मिलेर देशलाई राम्रो बनाउनतिर लाग्नुपर्छ ।'

घाइतेहरूले प्रधानमन्त्री भेट्न आएपछि आफूहरूलाई हौसला मिलेको र सरकार भएको महसुस गरेको बताए । 'प्रधानमन्त्री भेट्न आउनुभयो, चासो दिएर सोधखोज गर्नुभयो,' हात र खुट्टामा गरी तीन गोली लागेर निजामतीमै उपचाररत चितवनका रमेश परियारले भने, 'उहाँले देशका लागि राम्रो गर्छु, तपाईंको त्याग र योगदानको कदम गर्ने गरी काम गर्छु भन्नुभएको छ ।'

अपराह्न ४ बजे निजामती अस्पताल पुग्नुअघि प्रधानमन्त्री कार्कीले ट्रमा सेन्टरमा रहेका घाइते भेटेकी थिइन् । ३:१५ मा ट्रमा पुगेकी उनले घाइतेलाई सरकार रहेको प्रत्याभूति दिलाउने र उचित क्षतिपूर्ति उपलब्ध गराउने आश्वासन दिएकी थिइन् । ट्रमा सेन्टरमा ३६ घाइते उपचाररत छन् । जसमध्ये ६ जना आइसियूमा छन् ।

जेन-जी समूहले राखेका माग जायज भएको र गोली चलाउनु गलत भएको दोहोर्‍याउँदै उनले घाइतेलाई भनिन्, 'यसमा छानबिन गहन रूपमा हुन्छ, तपाईंहरूलाई निराश पार्ने गरी मैले काम गर्नेछैन । तपाईंहरूको घाउमा मलम लगाउने र यो घटनाको दोषीलाई कारबाही गर्न सरकार केन्द्रित हुनेछ ।'

प्रधानमन्त्री कार्कीले हरेक बिरामीको नाम, ठेगाना, गोली लाग्दाको अवस्था र हालको अवस्था सोधेकी थिइन् । घाइतेको उपचारमा कमी हुन नदिन पनि अस्पताल नेतृत्वलाई निर्देशन दिइन् ।

निजामती अस्पतालका निर्देशक डा. मोहनचन्द्र रेग्मीले सबै बिरामीको उपचार निःशुल्क भइरहेको विषयमा प्रधानमन्त्रीलाई जानकारी गराएको बताए । 'हालसम्म सबैको उपचार निःशुल्क भइरहेको छ, यसबारेमा पनि प्रधानमन्त्रीज्यूले सोध्नुभएको थियो, कतिपय घाइते उपचारपछि फर्किएर पनि नियमित काम गर्न नसक्ने भएकाले यसबारेमा सम्बोधन हुने गरी कार्यक्रम ल्याउने उहाँले बताउनुभएको छ,' डा. रेग्मीले भने, 'उपचारमा सहजीकरण गर्न र कुनै कमी हुन नदिन भन्नुभएको छ ।'

जेन-जी आन्दोलनको पहिलो २३ भदौको साँझ पनि कार्की घाइतेलाई भेट्न निजामती अस्पताल पुगेकी थिइन् । भोलिपल्ट आन्दोलनलाई सघाउँदै सकडमै उत्रिएकी थिइन् । जेन-जीको मागअनुसार उनी शुक्रबार प्रधानमन्त्री नियुक्त भएकी हुन् ।

# जेन–जी आन्दोलनपछि प्रमुख दलहरूमा बढ्दै पुस्तान्तरण बहस

## कांग्रेस सभापति देउवा, एमाले अध्यक्ष ओली, माओवादी अध्यक्ष प्रचण्ड, एकीकृत समाजवादी अध्यक्ष नेपालको अवकाशको माग



### अब ठुला दलमा पुस्तान्तरण भएर इमानदार नेतृत्व आउनुपर्छ

● **रोशन जनकपुरी**, विश्लेषक

पुराना दलका नेताको नालायकीपनाले यो अवस्था आएको हो । उनीहरूले यस्तो होला भनेर कल्पना गरेका थिएनन् । यसबाट दल र नेताले सिक्नुपर्छ । दलहरूले सही कार्यदिशा समाउने हो भने पार्टी पुनर्संरचना गर्नुपर्छ । अब नेतृत्वमा पुस्तान्तरण भएर पार्टीभित्र इमानदार नेतृत्व आउनुपर्छ । युवालाई अगाडि नल्याई जनतामा गएर काम गर्न गाह्रो छ । शीर्ष नेता पार्टी प्रमुखको भूमिकाबाट ब्याक भएर जनतासँग माफी माग्नुपर्छ र युवालाई अगाडि बढाउनुपर्छ ।



● **विश्वप्रकाश शर्मा**
महामन्त्री, कांग्रेस

उहाँहरूले अहिले छोड्नुहुन्छ भनेर पर्खिनुपर्ने, छाडिदिनुस् भनेर अनुरोध गर्नुपर्ने ? अब यसलाई सिस्टममा ल्याऔं । ताकि भोलि गगन-विश्वको पुस्ताले नेतृत्व गर्दै गर्दा पछि कसैले छाडिदिनुस् भन्न नपरोस् ।



● **योगेश भट्टराई**
सचिव, एमाले

अहिले पार्टीभित्र पुरानो पुस्ता छ, बिचको पुस्ता छ । नयाँ पुस्ता पनि छ, तर अलि कम छ । जेन-जी पुस्ता किन आइरहेको छैन । कडी किन टुटिरहेको छ ? यसको हामीले गम्भीर समीक्षा गर्नेछौं ।



● **जनार्दन शर्मा**
उपमहासचिव, माओवादी

संसद् विघटनसँगै पुराना र नयाँ भनिएका पार्टीहरू पनि विघटनको दिशामा पुगेका छन् । अब आन्दोलनको म्यान्डेट र जनअपेक्षाअनुसार गम्भीर आत्मसमीक्षासहित पुनर्गठन र पुनर्संरचनाको महाअभियान सुरु गरौं ।



● **घनश्याम भुसाल**
महासचिव, एकीकृत समाजवादी

अब हामीलाई बाटो देखाउन कुनै महापुरुष बाँकी छैन । परिस्थिति नयाँ छ, त्यसैले नयाँ परिस्थितिको विचार, राजनीति र संगठनका साथै नयाँ नेतृत्व निर्माण गर्दै अघि बढौं ।

**शुरोजंग पाण्डे** / नयाँ पत्रिका

सत्ता ढाल्ने गरी भएको जेन-जी आन्दोलनपछि प्रमुख दलहरूमा पुस्तान्तरणको बहस अघि बढेको छ । कांग्रेस, एमाले, माओवादी र एकीकृत समाजवादीका दोस्रो र तेस्रो तहका नेताहरूले नेतृत्व हस्तान्तरणको माग गर्न थालेका छन् । तर, शीर्ष नेताहरू भने अझै मौन छन् ।

कांग्रेस सभापति शेरबहादुर देउवा अस्पतालमा उपचाररत छन् । एमाले अध्यक्ष केपी ओली, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल अझै सेनाको सुरक्षामा छन् । ठूला दलका शीर्ष नेतृत्वप्रति जेन-जी पुस्ताले आक्रोश पोखे पनि नेतृत्व हस्तान्तरण र पुस्तान्तरणबारे मौन रहेपछि दोस्रो र तेस्रो तहका नेताहरू खुलेर बोल्न थालेका हुन् ।

जेन-जी पुस्ताको माग सम्बोधनको सट्टा नृशंस दमनको बाटो अख्तियार गरेको र देश चलाउन सत्तापक्ष कांग्रेस-एमाले शीर्ष नेतृत्व असफल भएको भन्दै ती पार्टीहरूमा पुनर्गठनको आवाज मुखरित बन्न थालेको हो । संसद् विघटनप्रति असहमति जनाउँदै प्रमुख पार्टीभित्र दोस्रो तह र तलतलका नेता-कार्यकर्ताले पुनर्गठनको मुद्दालाई मुखर बनाउँदै गएका छन् । दोस्रो तहका नेताहरूले मिलेर वक्तव्य जारी गर्दै असफल पूर्वप्रधानमन्त्रीहरू सबैले नेतृत्व हस्तान्तरण गरेर राजनीतिबाट अवकाश लिन माग गरेका थिए । कांग्रेस र एमालेले पछिल्लो घटनाक्रमको गम्भीर समीक्षा गरेर अगाडि बढ्ने बताएर पुनर्गठनमार्फत अगाडि बढ्ने संकेत गरेका छन् ।

कांग्रेस नेता शेखर कोइरालाले देशको राजनीतिमा नयाँ प्रयोग अगाडि आएको भन्दै कांग्रेसभित्र नेतृत्व, संगठन र विचारमा नयाँपन ल्याउनुपर्ने धारणा सार्वजनिक गरेका छन् । त्यस्तै, माग महामन्त्री गगन थापाले बिहीबारै सार्वजनिक गरेका थिए । अर्का महामन्त्री विश्वप्रकाश शर्माले पनि शनिबार भिडियो वक्तव्यमार्फत नेतृत्व फेर्नुपर्ने सन्देश सम्प्रेषण गरेका छन् ।

'जसरी देशमा नयाँ सम्भावना प्रकट भइरहेका छन् । नयाँ घटना अगाडि आएका छन् । यी सबैको संवाहक भएर नेपाली कांग्रेस अगाडि आउनुपरेको छ । कांग्रेसभित्र नेतृत्व, संगठन र विचारमा नयाँपन ल्याउने जिम्मेवारी तपाईं-हामी सबैको हो । यसका लागि देशव्यापी बहस, छलफल र विवेकपूर्ण कदम कसरी अगाडि बढाउने भनी म तपाईंहरूबिच दसैंलगत्तै देशव्यापी रूपमा आउनेछु,' कोइरालाले भनेका छन् ।

जेन-जी आन्दोलनले पार्टी सत्ताबाट बाहिरिनुपरेको घटनाको समीक्षामा उनले जोड दिएका छन् । 'समयको पदचापअनुरूप हामी हिँड्न नजान्दा जेन-जीको आन्दोलनले दुई ठुला राष्ट्रिय दललाई सत्ताबाट बाहिरिन बाध्य पाऱ्यो । नेपाली समाज र यहाँका ऊर्जावान् युवाहरू एकातिर छन्, कांग्रेसको सोच र दृष्टिकोण अर्कोतिर बग्यो, केही रणनीतिक भुल भए, हामी चुक्यौं,' कोइरालाले भनेका छन्, 'समाज र युवाको भावनालाई राष्ट्रिय भावधारामा समाहित गर्दै एउटा शक्तिशाली राष्ट्रनिर्माणमा हामी समर्पित हुनेछौं भन्ने प्रण गर्छौं ।'

महामन्त्री शर्माले सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली र माओवादी अध्यक्ष प्रचण्डले अब राजनीतिबाट बिदा लिनुपर्ने बताएका छन् । 'मैले पार्टीमा पनि कुरा राखेको हुँ, तर निर्णय गराउन सकिनँ, चुनाव हुन्छ । नयाँ सरकार बन्छ प्रधानमन्त्री उनीहरू नै । उहाँले अहिले छोड्नुहुन्छ भनेर पर्खिनुपर्ने, छाडिदिनुस् भनेर अनुरोध गर्नुपर्ने, त्यसैले अब यसलाई सिस्टममा ल्याऔं । विधिमा ल्याऔं । ताकि भोलि गगन-विश्वको पुस्ताले नेतृत्व गर्दैगर्दा पछि कसैले छाडिदिनुस् भन्न नपरोस्,' शर्माले भिडियो सन्देशमा भनेका छन् ।

### एमालेमा बढ्दै छ ओलीले नेतृत्व छोड्नुपर्ने मत

जेन-जी आन्दोलनले सरकार र पार्टी दुवैतिर प्रधानमन्त्री केपी ओलीको नेतृत्वमाथि प्रश्न उठाएपछि एमालेभित्र उनले असफलताप्रति आत्मालोचित हुँदै जिम्मेवारी छाड्नुपर्ने मत मुखर बन्दै गएको छ । उपाध्यक्ष सुरेन्द्र पाण्डे, सचिवहरू गोकर्ण विष्ट, योगेश भट्टराई, कर्ण थापा, गोकुल बाँस्कोटा, उषाकिरण तिम्सेना हुँदै थुप्रै केन्द्रीय सदस्य, प्रदेश र जिल्ला तहका नेताहरूले मात्र होइन, जनवर्गीय संगठनहरूले पनि पार्टी पुनर्गठनका लागि ओली नेतृत्वबाट बाहिरिनुपर्ने मत उठाउन थालेका छन् । कतिपय ओलीका अलावा महासचिव शंकर पोखरेल र सल्लाहकारको समेत भूमिकामा रहेका उपमहासचिव विष्णु रिमालले पनि जिम्मेवारी छाडेर पार्टीलाई जेन-जीको भावनाअनुरूप देशव्यापी रूपमा पुनर्गठित गर्नुपर्ने माग गरिरहेका छन् । नेतृ तिम्सेनाले सबैभन्दा पहिले अध्यक्ष ओलीले नेतृत्व छाड्नुपर्ने आवाज उठाएकी हुन् ।

२६ भदौमा केन्द्रीय सचिवालयको निर्णय सार्वजनिक गर्दै महासचिव पोखरेलले परिस्थिति सामान्य हुनेबित्तिकै आत्मसमीक्षा हुने भन्दै पुनर्गठनतर्फ अघि बढ्न सकिने संकेतसम्म गरेका छन् । तर, अध्यक्ष ओलीनिकट नेताहरू कसैले पनि उनको विकल्प खोजेर अघि बढ्नुपर्ने मत राखेका छैनन् । 'स्थिति सामान्य हुनासाथ पार्टीको बैठक बसेर समग्र स्थितिको समीक्षा गरिनेछ । हाम्रो भूमिकाको पनि आवश्यक आत्मसमीक्षा हुनेछ र आगामी कामबारे औपचारिक निर्णय गरिने नै छ,' पोखरेलको पछिल्लो वक्तव्यमा भनिएको छ ।

एमाले सचिव भट्टराईले एमालेले जनतासँगको सम्बन्धमा व्यापक सुधार गर्नुपर्ने भन्दै शनिबार भिडियो सन्देशमार्फत पार्टीको नेतृत्व पुनर्गठन हुने बताएका छन् । 'पार्टीलाई गतिशील बनाउन युवाहरूको आवश्यकता छ । एमाले युवाहरूले बनाएको पार्टी हो र विगतमा युवाहरूले नै नेतृत्व गर्दै आएको पार्टी हो । अहिले पार्टीभित्र पुरानो पुस्ता छ, बिचको पुस्ता छ, नयाँ पुस्ता छ । तर, नयाँ पुस्ता अलि कम छ । जेन-जी पुस्ता किन आइरहेको छैन । कडी किन टुटिरहेको छ ? यसको हामीले गम्भीर समीक्षा गर्नेछौं,' भट्टराईले भने, 'यतिवेला पार्टी पुनर्गठन हाम्रो महत्त्वपूर्ण मुद्दा हो । नेतृत्व कार्यशैली थुप्रै कुरामा पुनर्गठन गर्नुपर्छ । त्यो पुनर्गठन हामी गर्छौं । यो युवामुखी, जनमुखी देशभक्त, प्रगतिशील हुन्छ । हामी पार्टीमा संरचनागत सुधार गर्छौं, तपाईंहरूले एमालेप्रति भरोसा गर्नुस् । एमाले अन्यथा जाँदैन ।'

अहिलेको संविधान खारेज गर्न नदिइने उनको भनाइ छ । 'यो संविधान खारेज भयो भने अर्को संविधान बनाउन सजिलो छैन । संविधानलाई लिकमा फर्काउन, लोकतान्त्रिक प्रक्रियालाई लिकमा फर्काउन सजिलो छैन,' भट्टराईले भने, 'आगामी दिनमा संविधान र लोकतन्त्रलाई लिकमा फर्काउन धैर्यतापूर्वक अघि बढ्नुको विकल्प छैन । प्रधानमन्त्री र राष्ट्रपतिलाई भन्न चाहन्छौं तपाईंहरूका हरेक कदम संवैधानिक होऊन् । हामी समर्थन गर्छौं ।'

स्थायी समिति सदस्य बिन्दा पाण्डेले पनि पार्टी नेतृत्व र कार्यशैलीमा पुनर्गठन गरिनुपर्ने धारणा सार्वजनिक गरेकी छिन् । 'नागरिक बलियो भएमा लोकतन्त्र सुदृढ हुन्छ र सदस्यको सक्रिय सहभागिताले दलहरू बलियो बनाउँछ भन्ने मान्यताका आधारमा पार्टी नेतृत्व पुनर्गठन र कार्यशैली परिवर्तन गरी अगाडि बढ्नु अबको आवश्यकता हो,' उनले भनिन्, 'विगतको समीक्षा गरौं । विगतमा भएका गल्ती र कमजोरीलाई स्वीकार गरी सिंगो पार्टीपंक्ति र आमनागरिकसमक्ष आत्मालोचना गर्दै कमजोरीलाई सच्याएर अगाडि बढ्नुको विकल्प छैन ।' पोलिटब्युरो सदस्य गोकुल बाँस्कोटाले नीति र विधिको रक्षा भएपछि स्वतः नेतृत्वको रक्षा हुने भन्दै पार्टीलाई त्यसरी पुनर्गठनमा लैजानुपर्ने धारणा राखेका छन् ।

### माओवादीमा शर्मा र एकीकृत समाजवादीमा भुसालले दबाब बढाउँदै

माओवादीमा उपमहासचिव जनार्दन शर्माले नेतृत्व पुस्तान्तरणको विषय अघि सार्दै आएका छन् । जेन-जी आन्दोलपछि अन्य नेताहरू पनि पुस्तान्तरणको बहसमा उत्रिएका छन् । 'संसद् विघटनसँगै पुराना र नयाँ भनिएका पार्टीहरू पनि विघटनको दिशामा पुगेका छन् । अब आन्दोलनको म्यान्डेट र जनअपेक्षाअनुसार गम्भीर आत्मसमीक्षासहित पुनर्गठन र पुनर्संरचनाको महाअभियान सुरु गरौं,' शर्माले भनेका छन् । संसद् विघटन हुनुमा दलका प्रमुख नेताहरू जिम्मेवार रहेको शर्माको दाबी छ । 'पार्टीलाई व्यक्तिगत पेवा सम्झनेहरूका लागि यो ठुलो विषय नहुन सक्छ । तर, इतिहासले यसको मूल्यांकन गर्नेछ,' उनले भनेका छन् । उनले पछिल्लो समय पार्टी पुनर्गठनको माग गर्दै आएका थिए ।

एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले १० औं महाधिवेशनमा नेतृत्व पुस्तान्तरणको विषय अघि सारेका थिए । अध्यक्षमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग प्रतिस्पर्धाको तयारी गरे पनि अन्तिममा ब्याक भएका थिए । जेन-जीको आन्दोलनपछि भुसालले नेतृत्व पुस्तान्तरण र समग्र वाम एकतामा जोड दिएका छन् । 'यो त गणतन्त्रलाई बिर्ता ठान्ने केवल केही नेताहरूको असफलता हो, ती नेताका स्वार्थको लक्ष्मणरेखा नाघेर अगाडि बढ्न नसक्ने हाम्रो नादानीको असफलता हो । यस वास्तविकतालाई आत्मसात् गर्न सक्यौं भने हामीले हतास, पलायन र आत्मसमर्पणलाई सजिलै जित्न सक्छौं । अझ बढी धैर्यता, दूरदृष्टि र हिम्मतका साथ परिस्थितिको मूल्यांकन गर्दै हाम्रा अभिभारा निर्धारण गरौं । अब हामीलाई बाटो देखाउन कुनै महापुरुष बाँकी छैन । परिस्थिति नयाँ छ, त्यसैले नयाँ परिस्थितिको विचार, राजनीति र संगठनका साथै नयाँ नेतृत्व निर्माण गर्दै अघि बढौं,' उनले भनेका छन् ।

## संक्षेप

### कांग्रेस नेताले जेन-जी आन्दोलनमा गएको भन्दै कुटपिट गरेपछि धानुकले गरे आत्महत्या

**कञ्चनपुर** / जेन-जी आन्दोलनमा सहभागी भएको भन्दै यातना दिएपछि बेदकोट नगरपालिका- ४ बैतडाका २८ वर्षीय नरेश धानुकले आत्महत्या गरेका छन् । उनले फेसबुक लाइभमा आएर आफ्नै कोठामा झुन्डिएको भिडियो सामाजिक सञ्जालमा भाइरल भइरहेको छ । शनिबार बिहान घरपरिवारले उनी मृत फेला परेका हुन् । झुन्डिनुअघि धानुकले आफूलाई कांग्रेस नेता एवं बेदकोट-४ का वडासदस्य अमर बोहरासहित जेन-जी आन्दोलनमा गएको भन्दै कुटपिट गरेपछि मृत्युवरण गर्न बाध्य भएको बताएका छन् । बोहरा समूहले जेन-जी आन्दोलनमा जान्छस् भन्दै टाउकोमा प्रहारदेखि नांगै बनाएर कुटपिट गरेपछि आफूलाई कसैले साथ नदिएको भन्दै झुन्डिन बाध्य भएको उनले बताएका छन् । धानुकले आफूलाई कसैले पनि साथ नदिएको भन्दै अन्तिममा गुडबाई, लास्ट सर्ट भन्दै प्राण त्यागेका छन् । धानुकको प्राण त्याग्ने निर्णयसँगै घरपरिवार र आफन्त शोकाकुल बनेका छन् । कञ्चनपुर प्रहरी प्रवक्ता सागर बोहराले धानुकले नै फेसबुक लाइभको भिडियो विश्लेषण गर्दै घटनाबारे अनुसन्धान भइरहेको बताए । वडाध्यक्ष नरेन्द्र बोहराका अनुसार बिहीबार बिहान घटाल मन्दिरनजिकै एक पसलमा वडासदस्य अमर बोहरोसहित तीन-चारजनासँग धानुकको विवाद भएको र त्यही क्रममा कुटपिट भएको बताए ।

### उच्च अदालत विराटनगरले आजदेखि सुनुवाइ थाल्ने

**विराटनगर** / जेन-जी आन्दोलनका क्रममा आगजनी गरी ध्वस्त उच्च अदालत विराटनगरले आइतबारदेखि सेवा दिने भएको छ । मंगलबार अराजक समूहले आगो लगाएर मुद्दाका हजारौं थान मिसिल जलाएर खरानी बनाएको र भौतिक संरचना ध्वस्त बनाए पनि उच्च अदालत विराटनगरले आइतबारदेखि रिट निवेदनको सुनुवाइ थाल्ने भएको हो । शुक्रबार लागुऔषध ब्राउन सुगरसहित पक्राउ परेर इलाका प्रहरी रंगेली मोरङको हिरासतमा रहेका भारतीय नागरिक ३७ वर्षीय सेर महम्मदले बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गरेका छन् । सोही रिट निवेदनबाट उच्च अदालतले आइतबारदेखि सुनुवाइ थाल्ने रजिस्ट्रार जगदीशप्रसाद भट्टले बताए । उनका अनुसार मंगलबार जेन-जी आन्दोलनको बहानामा अराजक समूहले आगजनी गर्दा उच्च अदालतका सबै शाखाका फर्निचर, कागजात र मुद्दाका नयाँ पुराना मिसिल जलेर खरानी भएका छन् । अदालतपरिसरमा रहेका ११ वटा चारपाग्रे सवारी र दर्जनौंको संख्यामा रहेका मोटरसाइकल जलेर खरानी भएका छन् । अदालतबाट केही नयाँ मोटरसाइकल, कम्प्युटर, टेलिभिजनसहितका धेरै उपकरण चोरी पनि भएका छन् ।

### भाटभटेनीमा चोरीमा संलग्न शिक्षक निष्कासित

**बुटवल** / बुटवलस्थित भाटभटेनी सुपरमार्केटमा चोरीमा संलग्न शिक्षक विद्यालयबाट निष्कासित भएका छन् । २४ भदौमा भएको जेन-जीको प्रदर्शनका क्रममा बुटवलको सुक्खानगरस्थित भाटभटेनी सुपरमार्केटमा भएको तोडफोड तथा लुटपाटका क्रममा कालिका मानवज्ञान माध्यमिक विद्यालयका शिक्षक शिवशंकर शुक्ला चोरीमा संलग्न भएको सामाजिक सञ्जालमा आएको थियो । शनिबार कालिकाका प्रधानाध्यापक दिनेश थापाले शिक्षक शुक्लालाई विद्यालयबाट हटाउने निर्णय गरेका हुन् । शुक्ला भाटभटेनी सुपर मार्केटमा भएको अनियमितताका संलग्न देखिएको थापाले बताए । साथै, शुक्लाले विद्यालयको आचारसंहिता तथा नियमविपरीत कार्य गरेकोसमेत थापाले जारी गरेको पत्रमा उल्लेख छ ।

## सामान्य बन्दै उपत्यकाको जनजीवन



जेन-जी आन्दोलनको ६ दिनपछि जनजीवन सामान्य बन्दै गएपछि शनिबार राजधानीका सडकमा निजी र छिटपुट सार्वजनिक साधन चल्न थालेका छन् । तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

## आगलागी भएको भवनमा जलेका थप एकको मृत्यु

### पोखरामा जलेर मृत्यु हुनेको संख्या तीन पुग्यो

कास्कीमा **रोहितराज पराजुली**

जेन-जीको प्रदर्शनका क्रममा पोखरामा आगलागी भएको भवनमा जलेका थप एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा चितवन भरतपुर महानगरपालिका- १० घर भई हाल पोखरा महानगरपालिका- १६ बस्दै आएका वर्ष ४३ का विजय लामा रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले बताए । उनका अनुसार प्रदर्शनका क्रममा २४ भदौमा जिल्ला प्रहरी कार्यालय तोडफोड एवं आगजनीका लागि गएको समूहमा रहेका लामा प्रहरीको जिन्सी शाखा रहेको कोठामा प्रवेश गरेका थिए । जिन्सी शाखा भएकाले त्यहाँ सिलिन्डरदेखि धेरै प्रकारका सामान थिए । तोडफोडपछि आगजनी गर्ने क्रममा आगो लागेपछि केही पड्केको आवाज आएको थियो । पड्केको आवाज सुनेपछि लामासँगै गएका साथीहरूले हेर्दा उनी जलेको अवस्थामा देखिएपछि तत्काल अस्पताल लगिएको उनका एक साथीले प्रहरीलाई बताएका थिए ।

जलेर घाइते भएका लामालाई उनका साथीहरूले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय अस्पताल भर्ना गरेका थिए । अस्पतालमा उपचारको क्रममा उनको मृत्यु भएको बस्नेतले बताए । आगलागीका कारण लामाको शरीर ७० प्रतिशतभन्दा बढी जलेको चिकित्सकको भनाइ छ । ज्यामी काम गर्दै आएका लामा केही वर्षदेखि पोखरा बस्दै आएका थिए । लामासँगै आगलागी भएको भवनमा जलेर पोखरामा मृत्यु हुनेको संख्या तीन पुगेको छ । जेन-जी आन्दोलनका क्रममा प्रदर्शनकारीले २४ भदौमा आगजनी गरेका पोखरा महानगरपालिका- ६ लेकसाइडस्थित अंशुभरा ग्रुपको भवन र पोखरा- ९ नयाँबजारस्थित हिमालयन अर्गनाइजेसन रहेको भवनको सोरुममा एक-एकजना गरी दुईजनाको जलेको अवस्थामा २५ गते शव फेला परेको थियो । उनीहरूमध्ये अंशुभरा ग्रुपको भवनमा जलेको अवस्थामा भेटिएकी दैलेखको बैतेश्वर गाउँपालिका- ८ की २६ वर्षीया स्वस्थानी खड्का र नयाँबजारमा भेटिएकी सिन्धुपाल्चोककी ३५ वर्षीया सञ्जु नगरकोटी रहेको प्रहरीले जनाएको छ ।

## १२ करोडमा बनेको बागमती प्रदेश सभा भवन ध्वस्त

मकवानपुरमा **पोष्टराज अधिकारी**

जेन-जी आन्दोलनका क्रममा १२ करोड २९ लाख लागतमा बनेको बागमती प्रदेश सभाको नवनिर्मित भवन जलेर खरानी भएको छ । गत २७ साउनमा औपचारिक रूपमा सञ्चालनमा ल्याइएको प्रदेश सभा भवनमा जम्मा तीनवटा बैठक मात्रै सञ्चालन भए । भवन निर्माण गर्न झन्डै साढे चार वर्ष लागेको थियो । २३ भदौबाट सुरु भएको जेन-जी आन्दोलनको दोस्रो दिन प्रदर्शनकारीले भवनमा तोडफोड र आगजनी गरेका थिए । मंगलबार अपराह्न मात्रै आगजनी भएको प्रदेश सभा सुरक्षामा खटिएका एक प्रहरीले बताए ।

उनका अनुसार ठुलो संख्यामा आएका प्रदर्शनकारीले सुरुमा नाराबाजी गर्दै ईंटा र ढुंगा प्रहार गरेका थिए । प्रदर्शन उग्र बन्दै गएपछि आन्दोलनकारी पर्खाल र गेट फोडेर प्रदेश सभा भवनभित्र प्रवेश गरी तोडफोड र आगजनी गरेका थिए । प्रदेश सभाको नयाँ र पुरानो दुवै भवनमा पूर्ण रूपमा क्षति पुगेको छ । कांग्रेस संसदीय दलको कार्यालयबाहेक अन्य दलका कार्यालयमा आगजनी र तोडफोड गरिएको छ ।

आगजनीबाट प्रदेश सभाको नयाँ भवनको संरचना पूर्ण रूपमा ध्वस्त भएको छ । पुरानो भवनको भित्री संरचना, त्यहाँ रहेका सम्पूर्ण फर्निचर, कागजात र भौतिक सामग्री जलेर नष्ट भएका छन् । आगजनीबाट के-कति क्षति भएको छ भन्ने यकिन गर्न नसकिने प्रदेश सभासचिव पूर्णबहादुर दर्जीले बताए । 'केही पनि बाँकी छैन, सम्पूर्ण



जलेर नष्ट भएको छ । नयाँ भवन कामै नलाग्ने भएको छ भने पुरानो भवन मर्मत गरेर सञ्चालनमा ल्याउन सकिन्छ,' उनले भने । १० मंसिर ०७७ मा शिलान्यास गरी १८ महिनामा सम्पन्न गर्नुपर्ने भवन निर्माण व्यवसायीको ढिलासुस्तीका कारण साढे चार वर्षसम्म लागेको थियो । दुई चरणमा ठेक्का लगाएर भवनको काम सम्पन्न गरिएको हो । निर्माण सम्पन्न भएसँगै भवन २७ साउनबाट सञ्चालनमा आएको थियो । २ सय ५० जना अट्ने सभाहल इपिएस स्यान्डबिच प्रविधिबाट निर्माण हुने गरी सहरी विकास तथा भवन कार्यालय हेर्टौंडाको समन्वयमा अर्घाखाँची-सगुन-पारामाउन्ट जेभीले निर्माण गरेको थियो ।

### लुटपाट भएका सामान बरामद गर्दै प्रहरी

जेन-जी आन्दोलनका क्रममा हेर्टौंडामा लुटपाट घटनामा संलग्नमाथि प्रहरीले कारबाही तीव्र पारेको छ । शनिबार बिहान प्रहरीले हेर्टौंडा उपमहानगरपालिका-४ कर्राबाट झन्डै दुई ट्रक चोरीका सामान बरामद गरेको छ । प्रहरीका अनुसार ती सामान बागमती प्रदेश स्वास्थ्य मन्त्रालयबाट चोरी गरिएका थिए । आन्दोलनको फाइदा उठाउँदै २४ भदौमा विभिन्न अवाञ्छित व्यक्ति र समूहले सरकारी तथा सार्वजनिक कार्यालय र व्यक्तिका घर तथा व्यावसायिक प्रतिष्ठानहरूमा पसेर लुटपाट तथा आगजनी गरेका थिए ।

सोही क्रममा हेर्टौंडा- १० स्थित स्वास्थ्य मन्त्रालयबाट दराज, टेबल, कुर्सी, कम्प्युटरलगायतका सामग्री लुटपाट गरिएको थियो । ती सामान स्थानीयको सूचना र सहयोगमा वडा प्रहरी कार्यालय सानोपोखराले बरामद गरेको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्यालले जानकारी दिए । उनका अनुसार लुटपाटमा संलग्न केही व्यक्तिलाई समेत नियन्त्रणमा लिइएको छ । पक्राउ परेका व्यक्तिहरूमाथि अनुसन्धान भइरहेको उनको भनाइ छ । घटना भएको राति दुईवटा ट्रकमा सामान लोड गरेर कर्तातर्फ लगिएको स्थानीयले प्रहरीलाई जानकारी दिएका थिए । सोही आधारमा खोजतलास गर्ने क्रममा ती सामग्री फेला परेको प्रवक्ता अर्यालले बताए । यसअघि शुक्रबार मात्र मकवानपुर प्रहरीले आमसर्वसाधारणलाई अपिल गर्दै लुटपाटमा संलग्नलाई नछोप्न र लुटिएको सामग्री वा भिडियो प्रमाण तत्काल प्रहरीलाई उपलब्ध गराउन आग्रह गरेको थियो ।

# अर्थराजनीतिक पुनर्संरचनाको अवसर

## ध्वंसपछि प्राप्त अर्थराजनीति पुनर्संरचना गर्ने अवसरको सदुपयोग गर्न सके देशको अर्थतन्त्रले पुनर्जीवन पाउन सक्छ, राजनीति र समाज समृद्ध बन्न सक्छ



● भीम भुर्तेल

अग्रलेख

विगत दुई वर्षयता थलिएको अर्थतन्त्र जेन जी आन्दोलनसँगै भएको आगजनीले थप थिलथिलिएको छ। उपभोक्ता र लगानीकर्ताको आत्मविश्वास डगमगाएको छ। पहिलेदेखि जारी कर्जा विस्तारको सुस्तता अझै बढ्नेछ। पर्यटन सिजनमा भएको यस घटनाले यसमा संलग्नको व्यवसाय धरापमा परेको छ। सरकारी खर्चले अर्थतन्त्रलाई तंग्राउने प्रयास निष्प्रभावी बन्नेछ। सरकारले राजस्वको लक्ष्य नभेट्ने निश्चित छ। पहिले नै कुल गार्हस्थ उत्पादनको करिब ४५ प्रतिशत पुगेको सार्वजनिक ऋणको सावाँ र ब्याज भुक्तानी पुँजीगत खर्चबराबरी भएको छ। सन् २०२६ मा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति हुँदा वैदेशिक सहायता घट्ने र पाउँदै आएको सहुलियतपूर्ण ऋणको ब्याज अब १.५ प्रतिशत पुग्नेबारे ऋणदाताले पहिल्यै सूचित गरेका छन्। वैदेशिक ऋणको ब्याजदर बढ्दै जाँदा र आन्तरिक राजस्व संकलन कमजोर हुँदा सरकारको वित्तीय असन्तुलन बढ्नेछ।

नेपालको अर्थतन्त्र र राजनीतिमा संरचनागत समस्या छन्। देशमा निरन्तर यस्ता उथलपुथल हुनुको कारण अर्थराजनीतिक समस्या हुन्। संरचनागत समायोजन कार्यक्रमका लागि लिइएको ऋणको सर्तका कारण नेपालको कृषि क्षेत्र धराशयी भएको हो। गरिबी निवारण रणनीति कार्यन्वयनका लागि लिइएको ऋणका सर्त र नेपाल विश्व व्यापार संगठनको सदस्य बन्न बाध्य भएका कारण नेपालको औद्योगिक क्षेत्रलाई विऔद्योगीकीकरण (डि-इन्डस्ट्रियलाइलेसन) मा धकेलेको हो। नेपालमा बेरोजगारी बढ्नु र लाखौँ नेपाली बाध्यकारी विदेश पलायनका कारण त्यही संरचनागत समायोजनले ल्याएको कृषि क्षेत्रको विनाश, उदारीकरण, गरिबी निवारण रणनीति र विश्व व्यापार संगठनको सदस्य बनेपछि भएको विऔद्योगीकीकरणले हो। नेपाल विश्व व्यापार संगठनको सदस्य बन्नुभन्दा अगाडि कुल वैदेशिक व्यापारको २८ प्रतिशतसम्म निर्यात हुन्थ्यो। अहिले निर्यात पाँच प्रतिशतभन्दा कम छ। कृषि क्षेत्रको प्रतिफलले लगानी उठ्दैन। उद्योगधन्दा बन्द भएपछि युवा विदेश नगएर कहाँ जान्छन् त ?

सन् १९९४/९५ देखि गरिब र धनीबिचको खाडल बर्सेनि गहिरिँदै गएको नेपाल जीवनस्तर सर्वेक्षणका प्रतिवेदनले देखाएको छ। अहिले डिजिटल प्रविधिमा पहुँच भएका र नभएका जनताबिचको खाडलले सामाजिक असमानता अझै बढाएको छ। धनी र गरिबबिचको खाडल र प्रविधिमा पहुँचको खाडलले समाजमा द्वन्द्व र अपराध दुवै बढाउँदै लगेको छ। अहिलेको जेन जीको आन्दोलनमा भएको तोडफोड र आगजनीको स्रोत पनि त्यही हो।

राजनीतिमा देखिएको संसद्मा संख्यात्मक बहुमतका आधारमा सत्तारुढ र विपक्षमा भएका राजनीतिक दलले गरेको संस्थागत बेथितिले देशको शासन व्यवस्थालाई कमजोर बनाएको हो। जसले जनतामा चरम निराशा र अविश्वास पैदा गरेको थियो। दलहरूको स्वार्थकेन्द्रित गतिविधि र अक्षमताले आर्थिक संकट गहिरिएको, विकास र समृद्धिप्रति जनताको अपेक्षा धराशयी बनाएको थियो। जनताको हितलाई बेवास्ता गरी सत्ताको दुरुपयोग गर्ने प्रवृत्तिले नै देशमा आजको अवस्था आएको हो। साथै आसन्न महान् ऊर्जा संक्रमणले हामीले समयमै अर्थतन्त्रको विविधीकरण नगरे २०३५ पछि थप ठुलो आर्थिक संकट आउने निश्चित छ। यस्तै संकटबिच २४ भदौको घटनाले नेपाली जनताको अवस्था 'तावाबाट झरेको माछो भुंग्रोमा' भनेजस्तो भएको छ।

आगजनीबाट क्षतिग्रस्त सार्वजनिक सम्पत्ति पुनर्निर्माणका लागि विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैंकसँग हात पसार्नुपर्ने बाध्यता आइलाग्छ। पहिल्यै ऋणको भार कुल गार्हस्थ उत्पादनको ४५ प्रतिशत पुगिसकेको छ। आसन्न ऋणका सर्तले नेपालको अर्थतन्त्रलाई थप कमजोर बनाउने जोखिम छ। विगतमा संरचनागत समायोजन र गरिबी निवारण रणनीति कार्यान्वयनका लागि लिएको ऋणका सर्तले कृषि र औद्योगिक क्षेत्र ध्वस्त बनाइसकेपछि अब सार्वजनिक सम्पत्तिको मौद्रिकीकरण गर्ने सर्त अगाडि सार्ने निश्चित छ। यसले थप दुर्भाग्य निम्त्याउनेछ। तर, यो संकटले नेपालको अर्थराजनीति पुनर्संरचना गर्ने अवसर पनि प्रदान गरेको छ। यदि हामीले यो अवसरको सदुपयोग गर्यौं भने देशको अर्थतन्त्र, राजनीति र समाजलाई समृद्ध बनाउनेतर्फ अग्रसर हुन सकिन्छ।

राजनीतिमा संसदीय प्रणालीले बारम्बार अस्थिरता निम्त्याएको छ। यसलाई सुधार गर्न जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था हुनुपर्छ। यो प्रणालीले सरकारको स्थायित्व र जवाफदेहिता सुनिश्चित गर्छ र दलगत स्वार्थलाई कम गर्छ। सांसदहरू मन्त्री बन्न नपाउने व्यवस्था लागू गर्नुपर्छ, जसले संसद्को काम र कार्यकारीको काम अलगअगल सम्पन्न भई प्रभावकारी बनाउँछ। ५० सदस्यीय सानो र प्रभावकारी राष्ट्रिय सभा गठन गरी उपराष्ट्रपतिलाई यसको अध्यक्ष बनाउनुपर्छ।

२०१ सदस्यीय प्रतिनिधिसभा गठन गरी प्रत्येक जिल्लालाई एक निर्वाचन क्षेत्र मानेर पूर्ण समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नुपर्छ, जसले सबै समुदाय र क्षेत्रको समान प्रतिनिधित्व सुनिश्चित गर्छ। राष्ट्रिय जीवनमा योगदान गरेको व्यक्ति स्वतन्त्र उम्मेदवारको हैसियतले राष्ट्रपति निर्वाचित हुने व्यवस्था गर्नुपर्छ। संघीय संसद्, प्रदेश सभा




र स्थानीय तहका मेयर, उपमेयर, अध्यक्ष, र उपाध्यक्षले राष्ट्रपति निर्वाचन गर्ने प्रणाली लागू गर्नुपर्छ। प्रधानमन्त्रीमा दुईपटकभन्दा बढी एक व्यक्ति दोहोरिन नपाउने र सांसदमा तीनपटकभन्दा बढी दोहोरिन नपाउने संवैधानिक व्यवस्था गर्नुपर्छ।

शासकीय सुधारमा संस्थागत भ्रष्टाचार र अक्षमता हटाउन प्रशासन र न्यायपालिकामा ठुलो सुधार आवश्यक छ। सर्वोच्च अदालतका सबै न्यायाधीश, उच्च अदालतका मुख्य न्यायाधीश र निजामती सेवाका विशिष्ट श्रेणीका सबै कर्मचारीलाई अनिवार्य अवकाश दिनुपर्छ। स्वतन्त्र न्यायपालिका घुसको अखडामा परिणत भएको छ। नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका डिआइजीभन्दा माथिल्लो तहका सबैलाई पनि अनिवार्य अवकाश दिनुपर्छ।

निजामती कर्मचारी नेपालको सबैभन्दा निकम्मा प्रमाणित भइसकेको छ। अर्थ मन्त्रालयका सचिवलाई आर्थिक सर्वेक्षणमा उल्लिखित तथ्यांकको अर्थ के हो, थाहा छैन। अर्थ मन्त्रालयका सहसचिवले जिडिपी र जिएनपीबिचको अन्तर भन्न सक्दैनन्। उदाहरणका लागि आर्थिक सर्वेक्षणमा नेपालमा रेमिट्यान्स जिडिपीको २७ प्रतिशत छ भनेर लेखिएको छ। कक्षा ८ को अर्थशास्त्रका नानीबाबुले रेमिट्यान्स जिएनपीमा जोडिन्छ, जिडिपीमा होइन भन्ने जान्दछ। त्यसैले लोकसेवा आयोगको परीक्षा प्रणालीमा कार्यदक्षता र कार्यकुशलता नाप्ने नयाँ विधि अपनाउनुपर्छ, जसबाट सक्षम कर्मचारीतन्त्र निर्माण गर्न सकियोस्। भ्रष्टाचार नियन्त्रण गर्न एक उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन गरी सार्वजनिक पद धारण गरेका सबैको सम्पत्ति छानबिन गर्नुपर्छ र स्रोत नखुलेको सम्पत्ति जफत गरेर राष्ट्रिय कोषमा जम्मा गर्नुपर्छ। यस्तो आयोगको निर्णयमाथि अदालतमा सुनवाइ गर्न नमिल्ने व्यवस्था गर्नुपर्छ। भ्रष्टाचारमा दोषी यस्ता व्यक्तिलाई खुला जेलमा राखी दैनिक हाजिरी गर्न आउनुपर्ने व्यवस्था गर्नुपर्छ। वकिल, चार्टर्ड एकाउन्टेन्ट, डाक्टर, इन्जिनियर र अन्य उच्च आय भएका पेसाकर्मीले कर नतिरी लुकाएको आय छानबिन गरी जफत गर्नुपर्छ। त्यस्तै, मन्त्री, नेता, सरकारी कर्मचारी, सेना, प्रहरीका अधिकृतसित विदेशी कूटनीतिक नियोगका कर्मचारीले आफूखुसी भेट्न नपाउने व्यवस्था गर्नुपर्छ।

> जेन-जी आन्दोलनले नेपालको राजनीति र अर्थतन्त्रलाई नयाँ दिशातिर लैजाने अवसर दिएको छ। अर्थतन्त्र सुधारका लागि बलियो राजनीतिक राप र ताप चाहिन्छ। २३ र २४ भदौको राप र ताप यता लगाउन आवश्यक छ।

भ्रष्टाचार अन्त्य गर्न बजारमा रहेका एक हजार र ५०० का नोटलाई बैंकिङ प्रणालीमार्फत मात्र कारोबार हुने गरी प्रतिबन्ध लगाउनुपर्छ। यसबाट भ्रष्टाचारबाट कमाएको रकम पत्ता लगाएर जफत गर्न सकिन्छ। हुन्डी कारोबार संलग्न र मूल्य अभिवृद्धि कर ठगीमा संलग्न व्यापारी र उद्योगीको रकम जफत गर्नुपर्छ र तीनलाई खुला जेलमा राख्नुपर्छ। मौद्रिक क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले आफ्नो कर्जाको १० प्रतिशतभन्दा कम घरजग्गामा, सेयर र आयात निर्यात प्रत्येकमा पाँच प्रतिशतभन्दा कम कर्जा प्रवाहको सीमा तोक्नुपर्छ। कुल कर्जाको ५० प्रतिशत उद्योग र कृषि प्रवर्धनको नीतिगत व्यवस्थामा लगानी गर्नुपर्छ। बैंकहरूले साना तथा मझौला उद्योग र कृषिको आधुनिकीकरणको योजना बनाउन र कार्यान्वयन गर्न एक प्रतिशत सेवा शुल्कमा परामर्श सेवा प्रदान गर्नैपर्ने व्यवस्था गर्नुपर्छ। यो नियम नमान्ने बैंक बन्द गर्नुपर्छ। यो गरे अहिले ४० देखि ४५ जनाले देशको बैंकिङ प्रणालीबाट कुल कर्जाको ८० प्रतिशत रकम लगी सीमित व्यक्तिलाई फाइदा पुग्ने यो आर्थिक संरचना परिवर्तन हुँदै जान्छ।

वित्तीय नीतिगत सुधारमा आयातमा भन्सार दर बढाएर स्वदेशी उद्योगलाई संरक्षण गर्नुपर्छ। खाद्यान्न, मासु, लत्ताकपडा, जुत्ताजस्ता वस्तुमा आयात प्रतिस्थापनको नीति अवलम्बन गर्नुपर्छ। औद्योगिक उत्पादनका प्रत्येक क्षेत्रमा एक सरकारी कम्पनी स्थापना गरी निजी क्षेत्रसँग प्रतिस्पर्धा गराउनुपर्छ। कोरियाका सरकारी कम्पनी निजीभन्दा दक्ष र नाफामूलक छन्। त्यस्तै केन्याका सरकारी खानीजन्य कम्पनी निजी खानीजन्य कम्पनीभन्दा बढी दक्ष र नाफामूलक छन्। दक्षिण कोरिया र केन्याको सफलताबाट सिकेर नेपालमा पनि यस्ता कम्पनीलाई प्रभावकारी बनाउन सकिन्छ। सरकारी कम्पनी अदक्ष हुन्छन् भन्ने पश्चिमा नवउदारवादी शास्त्र हो। यसको मृत्युपत्रमा अमेरिकी राष्ट्रपतिले हस्ताक्षर गरिसकेका छन्। निजी क्षेत्रको गफ भनेको सार्वजनिक क्षेत्रको मूल्यमा सीमित व्यक्तिलाई आर्थिक फाइदा पुर्याउने झेली अर्थशास्त्र मात्र हो।

सबैभन्दा महत्त्वपूर्ण निजी क्षेत्रमा रहेका शिक्षा र स्वास्थ्य क्षेत्रलाई तत्कालै राष्ट्रियकरण गर्नुपर्छ, जसले सबै नागरिकलाई एकै गुणस्तरको सेवा सुनिश्चित गर्छ। देशमा निजी शिक्षा र स्वास्थ्य सेवाले वर्ग विभाजनको खाडल खनेको छ। यो खाडल पुर्न यस्तो कदम चाल्नैपर्छ।

ठुला लगानीकर्ताले अर्थतन्त्रमा लगानी गर्छ र रोजगारी सिर्जना गर्छ भन्ने नवउदारवादी अर्थशास्त्रको मृत्यु भइसकेको छ। अर्थतन्त्रमा माग सिर्जना आममान्छेसँग पैसा भएपछि उनीहरूले गर्ने खर्चले गर्छ। साना तथा मझौला उद्यम र किसानले अर्थतन्त्रमा माग र रोजगारी सिर्जना गर्छ न कि ठुला लगानीकर्ताले। यस्ता लगानीकर्तालाई मात्र प्रोत्साहन गर्ने हालको नीति परिवर्तन गरी यस्ता उद्यमलाई कर छुट, सस्तो कर्जा र प्राविधिक सहयोग प्रदान गर्नुपर्छ। यसको मतलब ठुला लगानीकर्तालाई उपेक्षा गर्ने भनेको होइन। नेपालको प्राविधिक क्षमताले भ्याउने ठुला उद्योगलाई सरकारी, सहकारी र आमनागरिकको लगानीमा सञ्चालन गर्नुपर्छ।

जेन जी आन्दोलनले नेपालको राजनीति र अर्थतन्त्रलाई नयाँ दिशातिर लैजाने अवसर प्रदान गरेको छ। यो सुधारका लागि बलियो राजनीतिक राप र ताप चाहिन्छ। भदौ २३ र २४ को राप र ताप यता लगाउन आवश्यक छ। यदि यी कदम चालिएनन् भने नेपालको अर्थतन्त्र र समाज थप संकटमा फस्ने निश्चित छ। आन्दोलनसँगै उत्पन्न संकटलाई अवसर बनाउने समय आएको छ। यो सबै समस्याको समाधान देशभित्रैका शक्तिबाट हुनुपर्छ। बाह्य शक्ति संलग्न गरिए यो सबैभन्दा ठुलो राष्ट्रघात हुनेछ।

*(भुर्तेल अर्थराजनीति र अर्थशास्त्र प्राध्यापन गर्छन्)*

---

## ३ प्रश्न

संविधानविद्
**डा. भीमार्जुन आचार्यलाई**



**अब बन्ने नयाँ सरकार कसरी अघि बढ्नुपर्ला ?**

यो अन्तरिम सरकार भएकाले यसका संवैधानिक सीमा त हुन्छन् नै। उसले कम्तीमा पनि पछि आउने सरकार र संसद्लाई दीर्घकालीन रूपमा अप्ठ्यारो पर्ने काम गर्नुहुँदैन भन्ने मान्यता छ। आन्दोलनपछि जनताको मुख्य म्यान्डेट भनेकै सुशासन र भ्रष्टाचारविरुद्धको छानबिन हो। त्यो जनआवाज सम्बोधन गर्नैपर्छ। यसका साथै, २३ भदौमा सरकारका तर्फबाट मच्चाइएको नरसंहारको छानबिन गरी जिम्मेवार व्यक्तिमाथि निर्मम कारबाही गरिनुपर्छ। त्यसैगरी, २४ भदौको तोडफोड, लुटपाट र आगजनीका घटनाको पनि निष्पक्ष छानबिन गरी संलग्नलाई कानुनी दायरामा ल्याउन सकिएन भने यसले भविष्यमा गलत नजिर बसाउनेछ। तोकिएको मितिमा निर्वाचन गराउनु त छँदै छ। त्यसका लागि कानुनी बाधा सुरु हुन्छन्। नियममा भएका बाधा सरकारले संशोधन गरेर फुकाउन सक्छ। ऐनमा समस्या भएमा अध्यादेशमार्फत फुकाउन सक्छ। तर, आन्दोलनले संविधान नफ्याँकेको हुनाले यो सरकारले संविधान चलाउन भने पाउँदैन।

**यो सरकार गठनमा उठाइएका कानुनी प्रश्न कति जाजय छन् ?**

कुनै पनि आन्दोलन या विद्रोहको सफलतापछि हुने कैयौँ काममा कानुनी तथा संवैधानिक संगति मिलेको हुँदैन। तर, त्यस्तो अवस्थामा पराजित पक्षले बुझिदिनुपर्छ। संविधानका धारा, उपधारा हेर्ने हो भने कानुनी प्रश्न जायजै हो। तर, आन्दोलनपछि संविधान र जनमत बाझिएमा जहिल्यै जनमत ठुलो मानिन्छ। त्यसैले दलहरूले यस यथार्थलाई स्विकार्न सक्नुपर्छ।

**हाल रिक्त भएका र पछि रिक्त हुने संवैधानिक निकायमा पदपूर्ति कसरी हुन सक्छ ?**

यतिखेर संवैधानिक निकाय तथा अदालतका पूरै टिमको पुनर्नियुक्तिको सख्त आवश्यकता छ। संवैधानिक परिषद् र न्याय परिषद्बाट हुने नियुक्तिमा खासै समस्या हुँदैन। बहुमतबाट सिफारिस गर्न सकिने व्यवस्था यसअघि पनि लागू भइसकेकै छ।

---

प्रेरक प्रसंग

## बालिकाको इमानदारी

एकपटक एउटा देशमा अनिकाल पर्यो। मानिसहरू भोकले मर्न थाले। सहरमा एक धनाढ्य निःसन्तान व्यापारी बस्थे। उनी निकै दयालु थिए। उनले सहरका अनिकाल प्रभावित ससाना बालबालिकालाई साँझ-बिहान एउटा-एउटा रोटी दिने घोषणा गरे। घोषणा सुनेपछि हरेक साँझ-बिहान उनको बगैँचामा बालबालिकाको भिड लाग्न थाल्यो। ती सबैलाई एक-एकवटा रोटी बाँड्न थालियो।

सबै रोटी समान आकारका थिएनन्। कुनै ठुला थिए भने कुनै साना। त्यसैले सबैजसो बालबालिका ठुलो रोटी हात पार्न तँछाडमछाड गरिरहेका थिए। तर, एक बालिका भने चुपचाप उनीहरूको तँछाडमछाड हेरिरहेकी थिइन्। सबैले रोटी हात पारिसकेपछि उनी अघि बढिन्। टोकरीमा सबैभन्दा सानो अन्तिम रोटी बचेको थियो। उनले प्रसन्नतापूर्वक रोटी हातमा लिइन् र घर गइन्।

दोस्रो दिन पुनः रोटी बाँडियो। ती बालिकालाई आज पनि सबैभन्दा सानो रोटी प्राप्त भयो। बालिकाले घर पुगेर जब रोटी टुक्रा पारिन्, त्यसबाट एउटा सुनको सानो सिक्का निस्कियो। उनकी आमाले सो सिक्का तत्काल रोटी बाँड्ने व्यापारीलाई फिर्ता गरेर आउन अह्राइन्। बालिका दौडेर व्यापारीकहाँ पुगिन्।



उनलाई देखेपछि व्यापारीले उनी त्यसरी हतारिँदै आउनुको कारण सोधे। बालिकाले भनिन्- मैले यहाँबाट लगेको रोटीबाट यो सुनको सिक्का निस्कियो। सायद पिठोमा खसेको थियो होला। हजुरलाई फिर्ता दिन आएकी हुँ। आफ्नो सिक्का लिनुहोस्। उनले सिक्का व्यापारीलाई दिइन्।

बालिकाको इमानदारी देखेर व्यापारी निकै खुसी भए। उनले बालिकालाई आफ्नी धर्मपुत्री बनाए। र, उनकी आमाका लागि मासिक तलबको व्यवस्थासमेत गरिदिए। ठुली भएपछि तिनै बालिका व्यापारीको सम्पूर्ण सम्पत्तिकी उत्तराधिकारी बनिन्।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## नेताको सम्पत्ति छानबिन गरियोस्

अहिले संसद् विघटनको जे-जति नेताले विरोध गरिरहेका छन्, खासमा उनीहरूको यो विरोध संसद्को माया भएर होइन, अब हिजो कमाएको अकुत सम्पत्तिको खोजबिन हुने भयो, हिजो सत्ता र शक्तिका बलमा दबाइएका अपराधका फाइल खुल्ने भए र अब जेलको वास हुने भयो भन्ने डरले बर्बराएका हुन्।

● गोविन्द अर्याल

अब ०४६ सालपछि अहिलेसम्म सरकारी उच्चपदस्थको सम्पत्ति शक्तिशाली आयोगमार्फत छानबिन गरी जोसुकै भ्रष्टाचारी ठहर होऊन्, तिनले जेल जानुपर्छ। यो नै उत्तम हुन्छ।

● विज्ञान दुधराज

मेरा निम्न प्रश्नको चित्तबुझ्दो उत्तर दिन सक्नुहुन्छ नेताज्यूहरू ? १. बिपीले जनक्रान्तिबाट २००७ सालमा राणाशासन फाली प्रजातन्त्र ल्याउँदा त्यो संविधानसम्मत थियो ? २. महेन्द्रले २०१७ मा कु गरी बिपीलाई नजरबन्द गरेर पञ्चायत ल्याउनु संविधानसम्मत थियो ? ३. राजनीतिक दलले जनआन्दोलनबाट ०४६ मा पञ्चायत फाली कृष्णप्रसाद भट्टराईलाई अन्तरिम प्रधानमन्त्री बनाउँदा संविधानसम्मत थियो ? ४. ज्ञानेन्द्रले कु गर्दा प्रतिगमन आंशिक सच्चियो भन्दै प्रधानमन्त्रीका लागि निवेदन हाल्ने काम संविधानसम्मत थियो ? ५. ०६२/६३ को जनआन्दोलनपछि आन्दोलनको बलमा सीधै माओवादीलाई प्रतिनिधिसभामा तेस्रो दलको हैसियतसहित विनाचुनाव सांसद नियुक्त गर्नु संविधानसम्मत थियो ? ६. ०७० को चुनावका लागि यिनै दलले भारतको इसारामा तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीलाई प्रधानन्यायाधीशबाट राजीनामा नगराई मन्त्री परिषद्को अध्यक्ष बनाउनुचाहिँ संविधानसम्मत थियो ? ७. भ्रष्टाचार नियन्त्रण र सामाजिक सञ्जाल खोल्नुपर्यो भनेर शान्तिपूर्वक माग राख्ने अबोध जेन जीहरूलाई ताकी-ताकी गोली हानेर मार्नु संविधानसम्मत थियो ? अनि अहिले आफू सुध्रिनुतिर लाग्ने कि काइते तर्क गरेर बस्ने ? याद रहोस्, इतिहास जित्नेले लेख्छ!

● सन्दीप दास संयम

जनताको जनादेश/चाहना र देशको संविधान विवादित भएको अवस्थामा, जनताको जनादेश/चाहना नै सर्वोच्च हुन्छ। यो नै विश्वव्यापी सर्वमान्य सिद्धान्त हो। विगतमा नेपालका राजनीतिक दलले यही सिद्धान्तमा टेकेर नेपालको संविधान ०७२ आएको होइन र ?

● जयन प्रधान

तुटतन्त्र नहटाई देश बन्दैन। धन्न व्यवस्था र संविधान सुरक्षित भयो। यसैलाई उपलब्धि मानेर चुनावमा जानुपर्छ, असल छवि हुनेले जित्छ, खराब विस्थापित हुन्छ।

● रमेशराज भाट

ऐन-नियम संविधानबमोजिम त पार्टी सभापतिको घरघरमा दोस्रो राष्ट्रिय बैंक बनाउने पो हो त! देशलाई निकास दिने काम त अवैधानिक हुने नै भो त होइन, कि कसो ?

● निर्मलमान डंगोल

विरोध त गरिहाल्छन् नि! यतिका वर्षसम्म देश र जनतालाई गुमराहमा राखेर कमाइ खाने भाँडो बनाएको संसद्जस्तो गरिमामय थलो विघटन हुँदा त एक-दुईजना त डिप्रेसनमा गए हुने नि!

● केबी निर्दोष

अब कुनै पनि राजनीतिक पार्टीले पहिलेको दम्भ त्यागेर नयाँ सरकारलाई स्वीकार गर्नुको विकल्प छैन। अन्यथा देश झन् ठुलो दुर्घटनामा जान सक्छ। तसर्थ, अघिल्लो दिनका गल्ती महसुस गर्नुका साथै जनताले पत्याएमा तपाईंहरू फेरि चुनाव जितेर आउनुहोला।

● एसबी राई

अबै सबै नेता कर्मचारी र कालोबजारीको भ्रष्टाचार छानबिन गरेर नयाँ ढंगबाट देशको पुनर्निर्माण गर्नुपर्छ। यो आन्दोलनको जग नै यही हो। निरन्तर खबरदारी गर्नुपर्छ। भ्रष्टाचार उन्मूलन गर्ने हो, भने पाँच वर्षमै देश बन्छ।

● सञ्जीव पोखेल

*(नयाँ पत्रिका फेसबुकबाट)*

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# सार्वजनिक हितको पत्रकारितामाथि धक्का

## ९४ वर्षीय मर्डोकले आफ्नो अवसानपछि पनि आफूले विकास गरेको कम्पनी उग्र दक्षिणपन्थी रहिरहोस् भन्ने सुनिश्चित गरेका छन्



देश/विदेश

● एन्ड्र्यु डोड ● म्याथ्यु रिकेट्सन

'मिडिया मुगल' रुपर्ट मर्डोकले आफ्नो विश्वव्यापी मिडिया साम्राज्य 'न्युज कर्पोरेसन' को आफ्ना उत्तराधिकारी चयन गरेका छन्। उनको निर्णय आफ्ना मिडिया आउटलेटहरू (विशेषतः 'फक्स न्युज') उग्र दक्षिणपन्थी विचारप्रति प्रतिबद्ध रहिरहोस् भन्ने चाहनाबाट प्रेरित देखिन्छ। 'न्युज कर्प'का प्रमुख ९४ वर्षीय मर्डोकले आफ्नो अवसानपछि पनि कम्पनी आफूले विकास गरेको छविमा कायम रहोस् भन्ने सुनिश्चित गर्न खोजेका हुन्। तर, यसले सार्वजनिक हितको पत्रकारिताप्रति चासो राख्ने हरेकलाई निराश बनाएको छ।

मर्डोकले आफ्ना उदार ठानिएका तीन सन्तान प्रुडेन्स, एलिजाबेथ र जेम्सलाई पन्छाएर आफूजस्तै रुढिवादी विचारका जेठा छोरा लकलनलाई कम्पनी सञ्चालनको सर्वाधिकार दिएका छन्। सन् २०२३ मा रुपर्टको राजीनामापछि लकलनले 'न्युज कर्पोरेसन' र 'फक्स कर्पोरेसन'को नेतृत्व गरिरहेका छन्। 'द न्युयोर्क टाइम्स'का अनुसार बाँकी तीन भाइबहिनीले कम्पनीका सबै सेयरका लागि प्रत्येकलाई १.१ बिलियन अमेरिकी डलर दिएर बिदाइ गरिनेछ। पछिल्लो व्यवस्थाले तीन भाइबहिनीले आफ्ना पिता र दाइसँग चलाइरहेको लामो संघर्ष अन्त्य गरेको छ। रुपर्टकी पूर्वश्रीमती अन्ना (जोसँग उनी सबैभन्दा लामो समय ३२ वर्ष रहेका थिए)ले सम्बन्धको अन्त्यतिर एक सम्झौता गराएकी थिइन्। आफ्ना पतिले कम्पनीको उत्तराधिकारी छनोटका लागि आफ्नै छोराछोरीलाई एक-अर्काविरुद्ध खडा गरेकोबाट वाक्क बनेकी अन्नाले सम्झौता गराएकी थिइन्। जसअनुसार रुपर्टका पहिला दुई श्रीमतीबाट जन्मिएका चार सन्तानलाई पारिवारिक ट्रस्टमा भोट अधिकार दिइएको थियो। ट्रस्टमा रुपर्टलाई चार सन्तानको कुल भोटभन्दा बढी भोट अधिकार दिइएको थियो। सबै छोराछोरी मिलेर उनलाई पन्छाउन नसकून् भन्ने सुनिश्चितता गर्न यस्तो प्रावधान गरिएको थियो।

तर, दुई वर्षअघि रुपर्टले लकलनलाई आफ्नो उत्तराधिकारी बनाउँदा बाँकी सबैलाई पाखा लगाउन सुरु गरे। रुपर्टको मृत्यु हुँदा उनीसँग रहेको मताधिकार उनीसँगै निस्तेज हुने अवस्थामा बाँकी तीन भाइबहिनीले मिलेर लकलनलाई प्रमुख कार्यकारी पदबाट हटाउन सक्ने अनुमान भइरहेको थियो। त्यसपछि कम्पनीमाथि लकलनको सट्टा तीन सन्तानको नियन्त्रण हुन सक्थ्यो। यसले कम्पनीको सम्पादकीय रंग आफूले नचाहेको दिशाभन्दा बदलिन सक्ने रुपर्टको डर थियो, विशेषगरी फक्स न्युजमा। त्यसैलाई रोक्न पछिल्लो परिवर्तन गरिएको हो। अहिले पारिवारिक ट्रस्टको आयु सन् २०३० देखि २०५० सम्म बढाइएको छ। त्यसमा मर्डोककी तेस्री श्रीमती वेन्डी डेङबाट जन्मिएका छोरीहरू ग्रेस र क्लोइमा समावेश गरिएका छन्। यसले ट्रस्ट विस्तार हुनुका साथै लकलनको सेयरलाई कमजोर बनाउने गरी तिनले गुट बनाउन नपाउने गरिएको छ। सम्झौतामा लकलन, ग्रेस र क्लोईको स्वामित्वमा रहेको 'होल्ड-को' नामक नयाँ कम्पनीले पहिले मर्डोक परिवार ट्रस्टअन्तर्गतका न्युज कर्प र फक्स कर्पोरेसनका बाँकी सेयरको स्वामित्व लिनेछ। कोही लाभार्थी बाहिरिन चाहयो भने उसले न्युज कर्प र फक्समा रहेको आफ्नो व्यक्तिगत होल्डिङ बेच्नुपर्ने हुन्छ। एकपटक बेचिएको हेयरहोल्डिङ आफू वा नजिकका साझेदारबाट पुनः खरिद गर्न नपाउने पनि सम्झौतामा उल्लेख छ। सन् २०१९ मा मात्रै 'न्युज कर्पोरेसन'ले डिज्नीलाई आफ्नो मनोरञ्जन शाखा बिक्री गरेर ७१ अर्ब अमेरिकी डलर कमाएको थियो। त्यसपछि, रुपर्टले आफ्ना प्रत्येक सन्तानलाई दुई अर्ब अमेरिकी डलर बाँडेका थिए। पछिल्लो सम्झौताअनुरूप बाहिरिने तीन सन्तान थप धनी बन्नेछन्।



*फोटो क्रेडिटः एएफपी*

न्युज कर्पले ८ सेप्टेम्बरमा एक प्रेस विज्ञप्ति जारी गर्दै 'मर्डोक परिवार ट्रस्ट मुद्दाको समाधान भएको' बताएको थियो। पछिल्लो सम्झौताको निर्णयलाई आंशिक रूपमा रेनो (नेभाडा राज्य)मा रहेको 'प्रोबेट कोर्ट'को विकासक्रमले प्रेरित गरेको हुन सक्छ। यसले गत वर्ष प्रुडेन्स, एलिजाबेथ र जेम्सका पक्षमा फैसला सुनाएको थियो। तर, पछि पुनरावेदनका न्यायाधीशले लाइन जोन्सले रुपर्ट र नकलनको पक्ष लिँदै 'आफ्नो परिवार र सन्तानको सबलता र कमजोरी रुपर्ट मर्डोकलाई भन्दा बढी अरू कसलाई थाहा हुन्छ ?' भनेका थिए।

पुनरावेदन न्यायाधीशको निर्णयले तीन सन्तानको बार्गेनिङ क्षमता कमजोर बनाएको हुन सक्छ। त्यसपछि नै उनीहरू कुनै प्रकारको सम्झौता स्विकार्न बाध्य भएको अनुमान छ। जेम्सले फेब्रुअरीमा 'द एट्लान्टिक'लाई दिएको अन्तर्वार्ता उनी र बाँकी भाइबहिनीलाई प्रत्युत्पादक साबित भयो। अन्तर्वार्तामा उनले आफ्ना पिताको उग्र आलोचना गर्दै 'प्रोबेट' सुनुवाइका भित्री सूचना खुलाइदिए। त्यसलाई रुपर्ट र लकलनले आफ्नो पक्षलाई सबल बनाउन प्रयोग गरे। तिनका वकिलले जेम्सलाई सजाय दिनुपर्ने बताए। र, रेनो अदालतले सोही मागअनुरूप निर्णय गरिदियो। जेम्सले अन्तर्वार्तामा भनेका कुराले अन्ततः रुपर्ट र लकलनलाई आफ्नो मिडिया साम्राज्य सञ्चालन आफूले चाहेअनुरूप अघि बढाउन सक्ने सुनिश्चित गर्यो।

अब मर्डोक परिवारको मातहतमा रहेका मिडिया अहिले जसरी चलिरहेका छन्, त्यसरी नै अघि बढ्नेछन्। यसले आमसरोकारका मुद्दा तोडमोड गर्न सक्छ। अर्थात्, अहिले जसरी फक्स न्युज र न्युज कोर्पका अन्य प्रकाशनले जलवायु परिवर्तनविरुद्ध तत्काल कदम उठाउनुपर्ने मुद्दा नभएको भनिरहेको छ। भविष्यमा त्यसै गर्नेछ। त्यस्तै समाजलाई महत्त्व राख्ने मुद्दा अहिलेजस्तै थप विकृत बनाउने प्रवृत्ति जारी रहनेछ। ट्रम्प प्रशासनबाट लोकतन्त्रमाथि भइरहेको आक्रमणको समर्थन भइरहनेछ। तर, कम्तीमा अहिले एउटा कुरा भने प्रस्ट भएको छ, पहिले नै अर्बपति रहेका मर्डोकका तीन सन्तानलाई थप अर्ब डलर र एक वैश्विक मिडियालाई बदल्ने विकल्प दिँदा तिनले पहिलो चुन्ने रहेछन्।

*(डोड युनिभर्सिटी अफ मेलबर्नका पत्रकारिताका प्राध्यापक हुन् भने रिकेट्सन डिकिन युनिभर्सिटीका सञ्चार प्राध्यापक हुन्)*
*द कन्भर्सेसनबाट*

# ट्रम्पसँग किन रिसाए मोदी ?

## भारतीय प्रधानमन्त्री मोदीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको मन जित्ने बाटो फेला पार्न सकेनन् भने आगामी केही वर्ष भारतका लागि कठिन हुन सक्छ

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकाल सुरु भएको केही महिनामै उसको सबैभन्दा महत्त्वपूर्ण रणनीतिक साझेदारी संकटमा परेको छ। अर्थात्, अमेरिका र भारतबिचको सम्बन्धमा निकै तिक्तता आएको छ। अवस्था यति खराब रहयो कि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुई महिनाभन्दा बढी समय ट्रम्पको फोन अस्वीकार गरे।

पछिल्ला दिनमा ट्रम्पले भारतसँगको व्यापार सम्बन्धलाई 'पूर्ण रूपमा एकतर्फी प्रकोप'को रूपमा व्याख्या गरेका छन्। यस वर्षको अन्त्यमा भारतमा आयोजना हुने क्वाड साझेदारहरू (भारत, अमेरिका, अस्ट्रेलिया र जापान)को शिखर सम्मेलनमा ट्रम्प नयाँदिल्ली नजाने रिपोर्ट सार्वजनिक भएको छ।



● इयान हल

(हल अस्ट्रेलियास्थित ग्रिफ्थ युनिभर्सिटीका प्राध्यापक हुन्।)

गत वर्ष ट्रम्पले चुनाव जित्दा नयाँदिल्लीका धेरै मानिस हर्षित भए। मोदीले आफ्ना 'मित्र'लाई एक्समा बधाई दिए, साथै दुईजनाले अँगालो हालेका तस्बिर सामाजिक सञ्जालमा भाइरल भए। भारतका विदेशमन्त्री एस जयशंकरले ह्वाइटहाउसमा ट्रम्पको फिर्तीले अन्य देश 'चिन्तित' भए पनि भारत दुःखी नभएको बताए।

आत्मविश्वासी महसुस गर्दै ट्रम्प ह्वाइटहाउसमा फर्केको केही दिनपछि उनलाई भेट्न मोदी वासिंटन हानिए। तर, भेटघाट सोचेजस्तो राम्रो भएन। बैठकको पूर्वसन्ध्यामा हत्कडी र हतियारले बाँधिएका भारतीय नागरिकको पीडादायी तस्बिर देखेर मोदी जिल्ल परे। उनीहरूलाई सैन्य विमानमा अमेरिकाबाट निर्वासित गरिएको थियो। राष्ट्रपति कार्यलय ओभल अफिसमा मोदीले थप अमेरिकी हतियार, तेल र ग्यास किन्ने वाचा गरे। ट्रम्पलाई भारतमा दण्डात्मक शुल्क नलगाउन आग्रह गरे। तर, मोदीले ट्रम्पको विश्वास जित्न सकेनन्। केही हप्तापछि ट्रम्पले भारतमा २७ प्रतिशत शुल्कको घोषणा गरे, जुन चीनमा लगाइएको १० प्रतिशतभन्दा धेरै बढी थियो।



> ट्रम्प ह्वाइटहाउसमा फर्केको केही दिनपछि उनलाई भेट्न मोदी वासिंटन हानिए। तर, भेटघाट सोचेजस्तो राम्रो भएन। बैठकको पूर्वसन्ध्यामा हत्कडी र हतियारले बाँधिएका भारतीय नागरिकको पीडादायी तस्बिर देखेर मोदी जिल्ल परे। उनीहरूलाई सैन्य विमानमा अमेरिकाबाट निर्वासित गरिएको थियो।

### कस्मिरमा संकट

नचाहँदा-नचाहँदै नयाँदिल्लीले व्यापारबारे कुरा गर्न थाल्यो। अमेरिकी उपराष्ट्रपति जेडी भान्सले अप्रिलको अन्त्यमा भारतको भ्रमण गरे र दुवै पक्षले सम्झौताबारे सकारात्मक आवाज उठाए। तर, भान्स आउँदा भारत नयाँ संकटमा फसेको थियो। अप्रिल २२ मा लामो समयदेखि भारत र पाकिस्तानबिच द्वन्द्वको केन्द्र बनेको कस्मिरमा आतिवादीले २६ निर्दोष सर्वसाधारणको हत्या गरे (धेरैजसो हिन्दु पर्यटक)। उक्त घटनापछि मोदी सरकारले विगतमा जस्तै बल प्रयोग गरेर पाकिस्तानलाई जवाफ दिने वाचा गऱ्यो।

मे ७ मा भारतले पाकिस्तान र पाकिस्तान प्रशासित कस्मिरमा आतंकवादी शिविरमा बमबारीको दाबी गऱ्यो। अप्रत्याशित द्वन्द्वपछि दुवै पक्षले ड्रोन र मिसाइलमार्फत एक-अर्कालाई हमला गरे। विश्वभरका सरकारले दुई आणविक हतियारधारी राज्यलाई मामिला नियन्त्रणबाहिर जानुअघि शत्रुता समाप्त गर्न आग्रह गरे। मे १० को बिहान सबैरै तिनीहरूले युद्धविरामका सहमति जनाए।

### ट्रम्पले शान्तिदूतको जस लिए

भारतीय वा पाकिस्तानी सरकारहरूले केही भन्नुअघि नै ट्रम्पले युद्धविरामको श्रेय लिए। सामाजिक सञ्जालमा उनले दुवै पक्षले सम्झौतामा सहमति जनाएको घोषणा गरे। भोलिपल्ट उनले दाबी गरे कि दुवै देश चाँडै नै मध्यस्थकर्ताको रूपमा उनीसँग बसेर कास्मिर द्वन्द्वको समाधान खोज्नेछन्। उनको भनाइप्रति इस्लामाबाद खुसी देखिए पनि नयाँदिल्ली आक्रोशित बन्यो।

कास्मिर विवाद तेस्रो पक्षको संलग्नताविना द्विपक्षीय रूपमा समाधान गर्नुपर्छ भन्ने भारतको लामो समयदेखिको दृष्टिकोण हो। अमेरिकाले २० वर्षभन्दा बढी समयदेखि यो अडान स्वीकार गर्दै आएको थियो। अब यस्तो देखिन्छ कि ट्रम्पले फरक दृष्टिकोण अपनाइरहेका थिए। यसले मोदीलाई बन्धनमा पारेको छ। पारस्परिक रूपमा लाभदायक साझेदारी कायम राख्न र दण्डात्मक करबाट बच्न उत्सुक, उनी ट्रम्पलाई निराश पार्न चाहँदैनथे।

भारतीय नीतिको आधारभूत सिद्धान्तलाई पन्छाएर मोदीले ट्रम्पको दाबीलाई स्वीकार गर्न सक्दैनथे। मोदीले वासिंटनलाई फोन गरे र कस्मिरमा मध्यस्थता स्वीकार नगर्ने कुरा स्पष्ट पारे।

### अन्तिम अवसर

यसैबिच, पाकिस्तानले वासिंटनको पक्ष लिने र अमेरिका र भारतबिच फाटो ल्याउने अवसर देख्यो। ट्रम्पले नोबेल शान्ति पुरस्कारको लोभ गर्छन् भन्ने कुरा स्वीकार गर्दै इस्लामाबादले उनलाई द्वन्द्व अन्त्य गर्न उनको कथित भूमिकाका लागि मनोनीत गऱ्यो। उत्साहित भएर ट्रम्पले जुन १७ मा मोदीलाई फोन गरे र आफूलाई शान्ति पुरस्कारका लागि मनोनीत गर्न भने। अझ नराम्रो कुरो क्यानडामा भएको जी-७ शिखर सम्मेलनबाट फर्कने क्रममा ट्रम्पले मोदीलाई वासिंटनमा रोकिन र पाकिस्तानका सैन्य प्रमुख असिम मुनिरसँग भेट्न अनुरोध गरे।

हालैको रिपोर्टअनुसार त्यो मोदीका लागि अन्तिम धक्का थियो। उनले दुवै अनुरोधलाई स्पष्ट रूपमा अस्वीकार गरे। त्यसपछि दुईजना छलफल गर्न चासो देखाएनन्। रिसाएका ट्रम्पले भारतलाई रुसी तेल किन्न जारी राखेकोमा दण्ड दिएर भन्सारदर ५० प्रतिशत मात्र पुऱ्याएनन्, व्यापार वार्ता स्थगित गरेको घोषणा गरे।

ट्रम्पको कार्यले आमभारतीय आक्रोशित छन् र कारबाहीको माग गरिरहेका छन्। तर, मोदी सरकारसँग राम्रो विकल्प छैन। जबर्जस्ती अगाडि बढ्दा मोदी कमजोर देखिनेछन्। तैपनि, बजार, लगानी, प्रविधि, हतियार र कूटनीतिक समर्थनको सन्दर्भमा भारतलाई चाहिने कुरा अरू कुनै पनि प्रमुख शक्तिले दिन सक्दैन।

अमेरिका-भारत सम्बन्ध तनावपूर्ण बन्दै गएपछि नयाँदिल्लीले चीनसँगको सम्बन्धलाई स्थिर बनाउन कडा मिहिनेत गरिरहेको छ। दुई देशबिचको सम्बन्ध पनि २०२० मा भएको रक्तपातपूर्ण सीमा झडपदेखि तनावपूर्ण छ। मोदी सात वर्षमा पहिलोपटक अगस्ट ३१ मा राष्ट्रपति सी जिनपिङसँग हात मिलाउँदै त्यो उद्देश्यलाई अगाडि बढाउन चीन गए। तर, सीले मैत्रीपूर्ण सम्बन्धको आवश्यकतामा जोड दिए पनि उनले 'हात्ती र ड्र्यागनसँगै नाच्नुपर्ने' बताए। हाल भारत र चीनबिच थोरै विश्वास छ। मोदी रुसलाई बढी विश्वास गर्छन्। चीनमा मोदी र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पुटिनको लिमोजिनमा लगभग एक घण्टा कुराकानी गरे। र, मोदीले यस वर्षको अन्त्यमा भारतमा रुसी नेतालाई निम्तो दिए। यद्यपि, रुस युरोपमा एक्लो बनेको छ र उसलाई मद्दत गर्ने सीमित माध्यम छन्।

अन्य देशजस्तै जापानले पनि भारतलाई वर्तमान संकट पार गर्न मद्दत गर्न सक्छ। तर, उनीहरूसँग यसलाई समाधान गर्ने शक्ति छैन। जबसम्म मोदीले ट्रम्पको मन जित्ने बाटो फेला पार्न सक्दैनन्, भारतको आगामी केही वर्ष धेरै कठिन हुन सक्छ।

*- द कन्भर्सेसनबाट*

---

# ब्राजिलमा सर्वोच्चको ऐतिहासिक फैसलाले पूर्वराष्ट्रपति बोल्सोनारोलाई झट्का

ब्राजिलको सर्वोच्च अदालतले पूर्वराष्ट्रपति जैर बोल्सोनारोलाई २७ वर्षको जेल सजाय सुनाएको छ। सन् २०२२ को राष्ट्रपतीय चुनावमा वामपन्थी प्रतिद्वन्द्वी लुइज इनासियो लुलासँग हारेपछि सैन्य विद्रोहको षड्यन्त्र रचेको आरोपमा उनलाई अदालतले दोषी ठहर गरेको हो। सर्वोच्च अदालतका पाँचमध्ये चार न्यायाधीश निर्णयको पक्षमा उभिएका थिए।

बोल्सोनारोका सात सहयोगीलाई पनि विद्रोह प्रयाससँग सम्बन्धित आरोपमा दोषी ठहऱ्याइएको छ। दोषी ठहर गरिएका सातमध्ये पाँचजना वाल्टर ब्रागा नेट्टो, माउरो सिड, पाउलो सर्जियो नोगुइरा दे ओलिभेरा, अगस्टो हेलेनो रिबेरो र अल्मिर गार्नियर सान्तोस सैन्य वा नौसेना पृष्ठभूमिबाट आएका व्यक्ति हुन्। दोषी ठहरिएका बाँकी दुईजनामा बोल्सोनारोका पूर्वन्यायमन्त्री एन्डरसन टोरेस र ब्राजिलको गुप्तचर एजेन्सीका पूर्वनिर्देशक अलेक्जान्ड्रे रामागेम छन्। बोल्सोनारोका वकिलले निर्णयविरुद्ध अपिल गर्ने बताएका छन्।

राजनीतिक अस्थिरताको लामो इतिहास भएको ब्राजिलमा पहिलोपटक सैन्य विद्रोहको प्रयास गर्नेलाई दोषी ठहऱ्याइएको छ। बोल्सोनारोको मुद्दाको नेतृत्व गर्ने सर्वोच्च अदालतका न्यायाधीश अलेक्जान्ड्रे दे मोरेसले अगस्टमै पूर्वराष्ट्रपति दोषी ठहरिने संकेत गरेका थिए। सन् १९८८ को संविधानले 'ब्राजिलको राजनीतिमा प्रत्यक्ष वा अप्रत्यक्ष सशस्त्र बलको हस्तक्षेप'लाई प्रतिबन्धित गरेर न्यायपालिकाको स्वतन्त्रता स्थापित गरेको उनले बताएका थिए। यस संवैधानिक ग्यारेन्टीले बोल्सोनारोजस्ता राजनीतिज्ञलाई तिनका हर्कतका लागि उन्मुक्ति नदिने उनको सन्देश थियो।



'कु' प्रयास जनवरी ८, २०२३ मा भएको थियो। त्यति वेलासम्म बोल्सोनारोका उत्तराधिकारीको रूपमा लुलाले शपथ लिइसकेको एक हप्ता मात्रै भएको थियो। दुई वर्षअघि अमेरिकाको 'क्यापिटल भवन (संसद् भवन)'मा भएको आक्रमणको सिको गर्दै बोल्सोनारोका सयौँ समर्थकले राजधानी ब्राजिलियाको राष्ट्रिय कंग्रेस, राष्ट्रपति भवन र सर्वोच्च अदालतमा आक्रमण गरेका थिए। अनुसन्धानका क्रममा बोल्सोनारो र उनका सहयोगीको योजनामा कुको प्रयास भएको पाइयो।

> अमेरिकाको क्यापिटल भवन (संसद्) मा भएको आक्रमणको सिको गर्दै बोल्सोनारोका सयौँ समर्थकले तीन वर्षअघि राजधानी ब्रासिलियाको संसद्, राष्ट्रपति भवन र सर्वोच्च अदालतमा आक्रमण गरेका थिए। अनुसन्धानका क्रममा बोल्सोनारो र उनका सहयोगीको योजनामा 'कु'को प्रयास भएको भन्दै अदालतले २७ वर्ष जेल सजाय सुनाएको हो।

ब्राजिलको इतिहासमा तानाशाही र लोकतन्त्रविरुद्धको धम्कीको लामो छाया परेको थियो। सन् १९६४ र १९८५ को बिचमा देशमा दक्षिणपन्थी सैन्य तानाशाही शासन थियो। आर्थिक संकटलाई देखाएर सेनाले लोकतान्त्रिक रूपमा निर्वाचित राष्ट्रपति जोआओ गौलार्टलाई अपदस्थ गरेपछि सो अवधि सुरु भएको थियो। त्यतिवेलाको अमेरिकी सरकारले विद्रोहलाई समर्थन गऱ्यो। सैनिक शासनको अवधिमा भएका घटनाको अध्ययन गर्न सन् २०१२ मा राष्ट्रिय सत्य निरूपण आयोग स्थापना गरिएको थियो। दुई वर्ष लगाएर आयोगले हजारौँ यातना, गैरन्यायिक हत्या र जबर्जस्ती बेपत्ताका घटनाको अनुसन्धान गऱ्यो। यद्यपि, ती घटनामा कोही पनि दोषी ठहरिएका छैनन्।

ठुल्ठुला प्रदर्शन र नयाँ आर्थिक संकटबिच सेनाले सन् १९८० को दशकमा दमनलाई बिस्तारै खुकुलो बनाउन थालेको थियो। राजनीतिक दल गठन गर्ने स्वतन्त्रतासमेत दिइयो। त्यसवेलादेखि ब्राजिलमा नागरिक सरकार गठन छ। तर, बोल्सोनारोको शासनकालमा सेनाले फेरि महत्त्वपूर्ण राजनीतिक भूमिका खेल्न थाल्यो। बोल्सोनारोले चुनेका उपराष्ट्रपति जनरल ह्यामिल्टन मोराओले सैन्य तानाशाहीको समयमा सेनामा थिए। त्यति मात्र होइन, सरकारभित्रका शक्तिशाली पदमा सैन्य व्यक्तित्वलाई नियुक्त गरिएको थियो। बोल्सोनारो नियमित रूपमा तानाशाही कालको महिमागान गाउँथे र त्यस अवधिमा भएको मानव अधिकार उल्लंघनका घटनालाई कम महत्त्व दिन्थे। बोल्सोनारोको नेतृत्वमा लोकतान्त्रिक क्षयका कैयौँ घटना देखिन थालेका थिए।

बोल्सोनारोले सन् २०२२ मा लोकतान्त्रिक रूपमा सम्पन्न चुनावको परिणामको वैधतामाथि प्रश्न उठाए। त्यसका लागि उनलाई सात वर्षसम्म चुनावमा भाग लिनबाट रोक लागेको छ। यस सन्दर्भमा 'कु' प्रयासका लागि बोल्सोनारोलाई दोषी ठहऱ्याउने निर्णयले ब्राजिलका लोकतान्त्रिक संस्था आफूविरुद्धको खतरा सामना गर्न सक्षम भएको बलियो सन्देश दिएको छ। त्यसअतिरिक्त देशको लोकतान्त्रिक संस्थालाई कमजोर पार्ने प्रयासले उन्मुक्ति पाउनेछैन भन्ने संकेत गरिएको छ।

### ● ब्राजिलबाहिर तरंग

बोल्सोनारोलाई दोषी ठहर गर्ने फैसला ब्राजिलभन्दा बाहिर पनि प्रतिध्वनित हुन्छ। बोल्सोनारोले आफूलाई अमेरिकी समकक्षी डोनाल्ड ट्रम्पको नजिकको वैचारिक सहयोगीको रूपमा प्रस्तुत गर्थे। यता बोल्सोनारोविरुद्ध अदालतमा मुद्दा अगाडि बढ्दै जाँदा ट्रम्पले मुद्दालाई 'राजनीतिक प्रतिशोधपूर्ण' भएको आरोप लगाए। यसैलाई देखाएर उनले अमेरिका आयात हुने ब्राजिलियन सामानमा ५० प्रतिशत भन्सार शुल्क लाग्ने घोषणा गरे। दोषी ठहर गर्ने फैसलाबारे प्रतिक्रिया दिँदै ट्रम्पले यसलाई 'अत्यन्त आश्चर्यजनक' फैसला बताएका छन्। उनले यसलाई आफ्नै न्यायिक संघर्षसँग समेत तुलना गरेका छन्। लुलाले ब्राजिलको राजनीतिमा अमेरिकी हस्तक्षेपको विरोध गरे। 'ट्रम्पले ब्राजिलजस्तो एक सार्वभौम देशको कानुन निर्देशित गर्न सकिने' जुन सोच राखेका छन्, त्यो अस्वीकार्य भएको उनले बताए।

उता अमेरिकी विदेशमन्त्री मार्को रुबियोले सामाजिक सञ्जालमा पोस्ट गर्दै बोल्सोनारोविरुद्धको सजायलाई 'अन्यायपूर्ण' बताए। अमेरिकाले 'यस राजनीतिक प्रतिशोधपूर्ण निर्णयविरुद्ध उचित प्रतिक्रिया दिने' उनले चेतावनी दिएका छन्। ब्राजिलको विदेश मन्त्रालयले भने अमेरिकी विदेशमन्त्रीको यस टिप्पणीलाई आफ्नो सार्वभौमिकता र लोकतन्त्रमाथिको हस्तक्षेप भन्दै आलोचना गरेको छ। ब्राजिलमा अर्को वर्ष राष्ट्रपति चुनाव हुँदै छ। बोल्सोनारोले आफ्नो सजाय र चुनावी प्रतिबन्धविरुद्ध कुनै निर्णय नपाएसम्म उनी उम्मेदवार हुन सक्नेछैनन्। लुलाले हालसम्म औपचारिक रूपमा आफ्नो उम्मेदवारी घोषणा गरेका त छैनन्, तर मतसर्वेक्षणमा उनी सबैभन्दा अगाडि देखिन्छन्।

तर, कुनै उम्मेद्वारले खसेको मतको आधा मत नपाएर चुनाव दोस्रो चरणमा गयो भने कडा टक्कर हुने ठानिएको छ। बोल्सोनारोको स्थानमा सम्भवतः दक्षिणपन्थी राजनीतिज्ञ तथा पूर्वसेना कप्तान टार्सिसियो दे फ्रेटास उठ्ने सम्भावना छ। बोल्सोनारोविरुद्ध भएको फैसलालाई उनका समर्थकले चुनावी मत बढाउन प्रयोग गर्ने डर पनि छ। यस्तो भएमा बोल्सोनारोसँग नजिक देखाउने दे फ्रेटासजस्ता राजनीतिज्ञ थप बलियो बन्नेछन्। फैसलाअघि करिब ४० हजार बोल्सोनारोका समर्थक रियो दि जेनेरियो र साओ पाउलो सहरमा प्रदर्शनमा उत्रिएका थिए। यी ठुला प्रदर्शनले बोल्सोनारोप्रति निरन्तर समर्थनलाई संकेत गर्छ। तथापि, भविष्यमा के हुन्छ भन्ने कुरामा ध्यान नदिई सर्वोच्च अदालतले भने ब्राजिलमा लोकतन्त्रमाथिको आक्रमण सफल हुने सम्भावना न्यून रहेको सन्देश दिएको छ।

**- एजेन्सी**

---

## इतिहासमा आज

सेप्टेम्बर १४



**सन् १८२१** : नेपोलियन बोनापार्टको विशाल सेना मस्को प्रवेश गऱ्यो, तर नेपोलियनको सेना नजिकिँदै गर्दा रुसीहरूले राजधानी सहर छोडेर भागेका थिए। बाँकी रहेका केहीले सहरमा आगजनी गरिदिए, जुन पाँच दिनसम्म निभेको थिएन।

**सन् १३२१** : इटालीयन कवि दाँते अलिघिरीको मलेरियाबाट निधन भयो। मृत्युको केही घण्टाअघि मात्र उनले 'प्याराडिसो' लेखिभ्याएका थिए।

**सन् १८४७** : अमेरिकी जनरल विनफिल्डको नेतृत्वको सेनाले सन् १८४७ मा मेक्सिकोको राजधानी कब्जा गरेको थियो।

**सन् १८६७** : कार्लमार्क्सको चर्चित पुस्तक 'पुँजी'को पहिलो खण्ड प्रकाशित भयो।

**सन् १९०१** : अमेरिकाका २५औँ राष्ट्रपति विलियम म्याकिन्लेको मृत्यु भयो। ६ सेप्टेम्बरमा एउटा सार्वजनिक कार्यक्रममा कार्यकर्तासँग हात मिलाउने क्रममा म्याकिन्लेलाई दुईजनाले गोली हानेका थिए। पेट र छातीमा गोली लागेका उनको एक सातापछि मृत्यु भएको थियो। उनको कार्यकालमा अमेरिका र स्पेनको युद्ध भएको थियो।

**सन् १९५९** : सोभियत अन्तरिक्ष अनुसन्धान यान लुना २ चन्द्रमामा पुग्ने मानिसले बनाएको पहिलो यान हो। सन् १९५९ को १२ सेप्टेम्बरमा पठाइएको लुना १४ सेप्टेम्बरमा चन्द्रमामा पुगेर हराएको थियो। चन्द्रमामा पुग्नेबित्तिकै लुनाको पृथ्वीसँगको सम्पर्क विच्छेद भएको थियो।

**सन् १९६०** : इराक, इरान, कुवेत र साउदी अरब मिलेर तेल उत्पादक राष्ट्रहरूको शक्तिशाली संगठन ओपेकको निर्माण भयो।

**सन् १९९९** : किरिबाटी, नाउरु र टोङ्गाले संयुक्त राष्ट्र संघको सदस्यता लिए।

**सन् २०१९** : साउदी अरबको अब्केक तेल संयन्त्रमा भएको ड्रोन आक्रमणपछि देशको आधा तेल उत्पादन बन्द भयो। साउदी अरबले भीषण आक्रमण गरिरहेको दक्षिणी छिमेकी यमनका विद्रोही हुथीले आक्रमणको जिम्मेवारी लिएको थियो।

---

# विदेशी टिभी प्रसारण गरेको भन्दै उत्तर कोरियाले दियो मृत्युदण्ड

**प्योङयाङ**/ संयुक्त राष्ट्र संघको एक प्रमुख प्रतिवेदनअनुसार उत्तर कोरियाले विगत एक दशकमा आफ्नो जनसंख्यामाथि आफ्नो पकड अझ कडा बनाएको छ। विदेशी टेलिभिजन नाटकहरू साझा गर्नेजस्ता गतिविधिका लागि मानिसलाई मृत्युदण्ड दिइँदै आएको छ। सात दशकदेखि पूर्ण शक्तिका साथ शासन गर्ने किम राजवंशको अधीनमा रहेको प्रविधि-सक्षम राज्य एक दशकभन्दा बढी समयदेखि 'पीडा, दमन र बढ्दो डर'मा अधि बढेको संयुक्त राष्ट्र संघको मानव अधिकार कार्यालयले जनाएको छ। 'आजको संसारमा अरू कुनै जनसंख्या यस्तो प्रतिबन्धमा छैन,' एजेन्सीको प्रतिवेदनले निष्कर्ष निकालेको छ। देशबाट भागेका ३०० भन्दा बढी प्रत्यक्षदर्शी र पीडितसँगको अन्तर्वार्तामा आधारित भएर प्रतिवेदन तयार पारिएको हो।

'जनताको आँखा र कान बन्द गर्न उनीहरूले कारबाहीलाई बलियो बनाए। यो असन्तुष्टि वा गुनासोको सानो संकेतलाई पनि हटाउने उद्देश्यले गरिएको नियन्त्रणको एक रूप थियो,' रिपोर्टमा उद्धृत गरिएका एक भागेका व्यक्तिले भने। उत्तर कोरियाका लागि संयुक्त राष्ट्रसंघीय मानव अधिकार कार्यालयका प्रमुख जेम्स हिनानले जेनेभामा एक ब्रिफिङमा कोभिड-युगको प्रतिबन्धपछि सामान्य र राजनीतिक दुवै अपराधका लागि त्यहाँ मृत्युदण्डको संख्या बढेको बताए।

उनले थपे- दक्षिण कोरियाका लोकप्रिय के-ड्रामासहित विदेशी टिभी शृंखला वितरण गर्नेलाई मृत्युदण्ड दिने नयाँ कानुनअन्तर्गत अनिर्दिष्ट संख्यामा मानिसलाई मृत्युदण्ड दिइसकिएको छ। विगत १० वर्षमा प्राविधिक प्रगतिमार्फत 'जन-निगरानी' प्रणालीको विस्तारले यो प्रतिबन्धलाई सहयोग पुऱ्याएको छ, जसले नागरिकलाई 'जीवनको सबै भागमा नियन्त्रण' गर्न बाध्य पारेको छ। प्रतिवेदनअनुसार बालबालिकालाई जबर्जस्ती श्रम गर्न लगाइँदै छ, जसमा कोइला खानी र निर्माणजस्ता कठिन क्षेत्रका लागि तथाकथित ब्रिगेड पनि समावेश छन्। उत्तर कोरियामा जबर्जस्ती श्रम दासत्वको रूपमा हुन सक्ने भन्दै यसलाई मानवताविरुद्धको अपराध मान्न सकिने गत वर्ष संयुक्त राष्ट्र संघले संकेत गरेको थियो।

# मेक्सिकोमा सरकारविरोधी प्रदर्शन

**मेक्सिको सिटी**/ देशमा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिलाई सार्वजनिक र दोषीलाई कारबाहीको माग गर्दै मेक्सिकोभरि हजारौँ मानिसले विरोध प्रदर्शन गरेका छन्।

बेपत्ता पारिएका व्यक्तिका आफन्त र साथीभाइका साथै मानव अधिकारकर्मीले न्यायका लागि आह्वान गर्दै मेक्सिको सिटी, ग्वाडालाजारा, कोर्डोबा र अन्य सहरको सडकमा मार्च गरे। उनीहरूले राष्ट्रपति क्लाउडिया सेनबाउमको सरकारलाई आफ्ना हराएका प्रियजन खोज्न मद्दत गर्न आग्रहसमेत गरे। मेक्सिकोमा एक लाख ३० हजारभन्दा बढी मानिस बेपत्ता भएको रिपोर्ट गरिएको छ। लगभग सबै बेपत्ता २००७ देखि भएका छन्, जतिबेला तत्कालीन राष्ट्रपति फेलिप काल्डेरोनले 'लागुऔषधविरुद्धको युद्ध' सुरु गरेका थिए।

बेपत्ता पारिएकामध्ये कतिपयलाई जबर्जस्ती लागुऔषध कार्टेलमा भर्ती गरिएको छ भने कतिपयलाई प्रतिरोध गरेका कारण हत्या गरिएको छ। लागुऔषध कार्टेल र संगठित अपराध समूह मुख्य अपराधी भए पनि मृत्यु र बेपत्ताका लागि सुरक्षाबललाई दोषी ठहऱ्याइन्छ। ओक्साकाजस्ता दक्षिणी राज्यदेखि सोनोरा र दुरागोजस्ता उत्तरी राज्यसम्म बेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्य तथा शुभेच्छुक हजारौँको संख्यामा आफ्ना आफन्तको तस्बिर र प्लेकार्ड बोकेर निस्किएका थिए। प्रदर्शनकारीले बेपत्ताको मुद्दालाई सम्बोधन गर्न थप कदम चाल्न माग गरे।

# अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार २९ भदौ ०८२


# क्षति र पीडा भुलेर फेरि उठ्ने निजी क्षेत्रको संकल्प

### सम्पत्ति र संरचनामा ठुलो नोक्सानी व्यहोरेका उद्योगी-व्यवसायीले गरे-
## रोजगारी सिर्जना र लगानीमा अझ सशक्त हुने उद्घोष

**कृष्ण रिजाल**/नयाँ पत्रिका



जेन-जी आन्दोलनका क्रममा अराजक भिडको आक्रमणबाट संरचना र सम्पत्ति गुमाएको निजी क्षेत्रले नोक्सान र पीडा भुलेर 'फेरि उठ्ने संकल्प' गरेका छन् । आफ्नै घर र व्यवसायमाथि प्रदर्शनकारीले गरेको तोडफोड, लुटपाट र आगजनीबाट ठुलो क्षति व्यहोरेका उद्योगी-व्यवसायीले प्रतिकूलताका बाबजुद 'रोजगारी सिर्जना र लगानी'मा अझ सशक्त हुने उद्घोष गरेका हुन् ।

जेन-जी आन्दोलनका क्रममा आक्रोशित एवं अनियन्त्रित भिडले हिल्टन होटेल, एनसेल, भाटभटेनी सुपरमार्केट, बिगमार्ट, राजेश हार्डवेयर, सिजी, चन्द्रागिरि केबलकार, सवारीसाधनका सोरुम, चलचित्र हललगायत निजी लगानीका उद्योग-व्यवसायमा मात्रै नभई निजी घरमा समेत तोडफोड, आगजनी एवं लुटपात गरेका थिए । आक्रमणबाट अर्बौंको क्षति एवं मानसिक पीडा व्यहोरेको निजी क्षेत्रले क्षतिग्रस्त उद्योग-व्यवसायको पुनर्निर्माणमा तत्काल होमिने र थप लगानी, रोजगारी सिर्जना गरी आर्थिक सुधारमा अग्रसर हुने अठोट गरेका छन् ।

निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रतिकूलताका बाबजुद फेरि सम्हालिएर अझ बढ्नुपर्नेबाहेक अर्को विकल्प नभएको भन्दै देशभरका उद्योगी-व्यवसायीलाई नआतिन र नथाक्न आह्वान गरेका छन् । उनले शनिबार सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'महासंघको अध्यक्षका हैसियतमा देशभरका उद्योगी, व्यवसायी र उद्यमशील मनहरूलाई एक सन्देश दिन चाहन्छु कि साथीहरू, हामी नआतिऔं, नथाकौं । आजैबाट क्षतिग्रस्त उद्योग-व्यवसायको पुनर्निर्माणमा होमिऔं । थप लगानी गरी रोजगारी सिर्जनामा लागौं । हरेकपटक आउने यस्ता चुनौतीलाई मुलुकको आर्थिक सुधारको नयाँ अवसरका रूपमा लिऔं र अघि बढौं ।'

निजी क्षेत्रले भूकम्प र कोभिड महामारीको संकटको समेत सामना गरेको उल्लेख गर्दै उनले अहिले पनि खरानी टकटक्याएरै उठ्नुपर्ने र आत्मबललाई दह्रो बनाउनुपर्ने अवस्था रहेको बताएका छन् । आन्दोलनका क्रममा भएको आक्रमणले भौतिक सम्पत्तिको क्षति मात्र नभई मन, समर्पण र सपनामाथि अपूरणीय चोट लागेको उल्लेख गर्दै उनले उद्योगी-व्यवसायीलाई भनेका छन्, 'आगोले इँटा र काठ जलाए पनि तपाईं-हामीभित्रको हौसला र आत्मबल छँदै छ । तपाईं-हामीले गुमाएका सामग्री हाम्रा आत्मबल र हौसलाले फेरि जुटाउन सकिन्छ । यसैले भौतिक सम्पत्ति जोड्नुपर्छ र अहिले लागेको घाउचोटलाई पनि सबै मिलेर पुर्नुपर्छ । आउनुहोस्, सबैको प्रयास र निजी क्षेत्रको साहसले सुनौलो नेपालको मार्गचित्र कोर्ने सन्देश दिन सकिने गरी काम गरौं ।'

त्यस्तै, भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङले आफूलाई हात उठाउने र खुट्टा लुलो गर्ने छुट नभएको बताए । अहिले भाटभटेनीमा लगाइएको आगो अझै बलिरहेको भन्दै उनले आगो निभाउँदै अघि बढ्ने बताए । 'भाटभटेनीमा हजारौं युवा भाइबहिनीहरू आबद्ध छन्, बैंकको अर्बौं कर्जा छ, साना-ठुला व्यवसायीसँग अर्बौंको कारोबार छ, त्यसैले मलाई खुट्टा लुलो गर्ने छुट छैन, मैले चाहिँ अघि बढ्नुपर्छ,' उनले भने, 'हामीले क्षति नपुगेका भाटभटेनी सञ्चालन सुरु गरिसकेका छौं, ध्वस्त भएका भाटभटेनीलाई कसरी पुनर्निर्माण वा नवनिर्माण गर्न सकिन्छ भनेर हेर्छौं । अहिले पनि भाटभटेनीमा आगो बलिरहेको छ, त्यसलाई निभाएर अघि बढ्ने संकल्प गरेको छु ।'

नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष शेखर गोल्छाले आक्रमण भएको क्षति र पीडाका बाबजुद रोजगारी सिर्जना र लगानीमा अझ प्रतिबद्ध रहने उद्घोष गरेका छन् । गोल्छाले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'देशमा सकारात्मक परिवर्तन होस्, नयाँ पुस्ताको नयाँ नेपालको सपना पूरा होस् । आक्रमणले हाम्रो परिवारलाई पनि छोयो, तर हामी अडिग छौं । लोकतन्त्र सुदृढ होस् भन्ने कामनासहित रोजगारी सिर्जना र लगानीमा अझ प्रतिबद्ध छौं । अन्धकारपछि उज्यालोले सबैलाई एकता देओस् ।

चौधरी ग्रूपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले जेन जी आन्दोलनका क्रममा अराजक भिडबाट भएको तोडफोड, लुटमापत र आगजनीका वावजुद चौधरी ग्रूप नडगमगाएको बताएका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'हामी पीडित छौं । हामी हल्लिएका छौं । तर हामी टुटेका छैनौं । अराजकहरूले हाम्रा भवनहरू जलाउन सक्छन्, तर हाम्रा सपनाहरू जलाउन सक्दैनन् । हाम्रा सोरुमहरू लुट्न सक्छन्, तर हाम्रा मूल्यहरू लुट्न सक्दैनन् । उनीहरूले हामीलाई कमजोर बनाउन खोज्न सक्छन्, तर हाम्रो एकता भङ्ग गर्न सक्दैनन् ।

चौधरी समूह नेपालकै सबैभन्दा ठूलो करदाता र सबैभन्दा धेरै रोजगारी दिने संस्थामध्ये एक भएको उल्लेख गर्दै उनले भूकम्प, बाढीपहिरो, महामारीजस्ता हरेक संकटमा अग्रपंक्तिमा उभिने गरेको उल्लेख गरेका छन् । उनले पहिलाभन्दा अझ बलियो भएर अघि बढ्ने समेत बताएका छन् । उनले लेखेका छन्, 'हामी पुनःनिर्माण गर्नेछौं, पुनःउठ्नेछौं । हामी पहिलाभन्दा अझ बलियो भएर अघि बढ्नेछौं । हामी केवल बाँच्ने छैनौं–हामी अझ उज्जवल भविष्य निर्माण गर्नेछौं ।'

### व्यवसायको पुनर्निर्माणमा थप लगानी गर्दै रोजगारी सिर्जनामा लागौं



● **चन्द्रप्रसाद ढकाल**, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

आजैबाट क्षतिग्रस्त उद्योग-व्यवसायको पुनर्निर्माणमा होमिऔं । थप लगानी गरी रोजगारी सिर्जनामा लागौं । हरेक पटक आउने यस्ता चुनौतीहरूलाई मुलुकको आर्थिक सुधारको नयाँ अवसरको रूपमा लिऔं र अघि बढौं । आगोले इँटा र काठ जलाए पनि हामीभित्रको हौसला र आत्मबल छँदै छन् । हामीले गुमाएका सामग्री हाम्रा आत्मबल र हौसलाले फेरि जुटाउन सकिन्छ । सबैको प्रयास र निजी क्षेत्रको साहसले सुनौलो नेपालको मार्गचित्र कोर्ने सन्देश दिन सकिने गरी काम गरौं ।

### मलाई हात उठाउने छुट छैन, आगो निभाएर अघि बढ्छु



● **मीनबहादुर गुरुङ**
सञ्चालक, भाटभटेनी सुपरमार्केट

भाटभटेनीमा हजारौं युवा आवद्ध छन्, बैंकको अर्बौंको कर्जा छ, साना-ठूला व्यवसायीहरूसँग अर्बौंको कारोबार छ, त्यसैले मलाई खुट्टा लुलो गर्ने छुट छैन । हामीले क्षति नपुगेका भाटभटेनी सञ्चालन शुरु गरिसकेका छौं । अहिले पनि भाटभटेनीमा आगो बलिरहेको छ, त्यसलाई निभाएर अघि बढ्ने संकल्प गरेको छु ।

### रोजगारी सिर्जना र लगानीमा अझ प्रतिबद्ध छौं



● **शेखार गोल्छा**, पूर्वध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

देशमा सकारात्मक परिवर्तन होस्, नयाँ पुस्ताको नयाँ नेपालको सपना पुरा होस् । आक्रमणले हाम्रो परिवारलाई पनि छोयो तर हामी अडिग छौं। लोकतन्त्र सुदृढ होस् भन्ने कामनासहित रोजगारी सिर्जना र लगानीमा अझ प्रतिबद्ध छौं । अन्धकारपछि उज्यालोले सबैलाई एकता देओस् ।

### पहिलाभन्दा अझ बलियो भएर अघि बढ्नेछौं



● **निर्वाण चौधरी**
प्रबन्ध निर्देशक चौधरी ग्रुप

हामी पीडित छौं, तर हामी टुटेका छैनौं । अराजकहरूले हाम्रा भवनहरू जलाउन सक्छन्, तर हाम्रा सपनाहरू जलाउन सक्दैनन् । चौधरी समूह नेपालकै सबैभन्दा ठूलो करदाता र सबैभन्दा धेरै रोजगारी दिने संस्थामध्ये एक हो । हामी पुनःनिर्माण गर्नेछौं, पुनःउठ्नेछौं । पहिलाभन्दा अझ बलियो भएर अघि बढ्नेछौं ।

# खुल्यो सार्वजनिक यातायात

### दसैंका लागि अघोषित रूपमा अग्रिम टिकट बुकिङ पनि खुला



**नयाँ पत्रिका**

अन्तरिम सरकार गठन भई कर्फ्यु र निषेधाज्ञा हटेसँगै लामा तथा छोटा दूरीका सार्वजनिक यातायात सेवा खुला भएको छ । यातायात सेवा सञ्चालकले शनिबारदेखि देशभरका लागि यातायात सेवा सञ्चालनमा ल्याएका हुन् ।

गत २३ र २४ भदौमा काठमाडौंसहित देशका अधिकांश ठाउँमा भएको जेन-जी नेतृत्वको आन्दोलनले तत्कालीन केपी ओली नेतृत्वको सरकार ढालेर मुलुकको मूल राजनीतिलाई शून्य अवस्थामा पुऱ्याएको थियो । आन्दोलनले उग्र रूपमा लिएपछि सुरक्षामा समेत चुनौती भएपछि २४ भदौदेखि नै यातायात व्यवसायीले अनिश्चित रूपमा सेवा बन्द गरेका थिए ।

२४ भदौमा तत्कालीन प्रधानमन्त्रीले राजीनामा दिएपछि मुलुक राजनीतिक रूपमा शून्य अवस्थामा पुगेको थियो । त्यसपछि सुरक्षामा थप जोखिम आउन नदिन नेपाली सेनाले देशभर निषेधाज्ञा तथा कर्फ्यु लगाएको थियो । फलस्वरूप यातायात सेवा पनि बन्द भएपछि कैयौं यात्रु काठमाडौंलगायतका सहरमा अलपत्र परेका थिए । शुक्रबार राति पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री रहने गरी अन्तरिम सरकार गठन भएसँगै शनिबारदेखि निषेधाज्ञा र कर्फ्यु पनि हटाइएको छ । त्यसपछि शनिबारदेखि नै लामा तथा छोटा दूरीका सार्वजनिक सेवा पनि सुरु गरेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले बताए ।

'सेवा बन्द हुँदा धेरै यात्रुहरू अलपत्र परेका थिए । कर्फ्यु र निषेधाज्ञा हटेसँगै शनिबारदेखि नै लामा तथा छोटो दूरीका सार्वजनिक यातायात सेवा सुरु गरेका छौं,' उनले भने, 'योसँगै यसबिचमा अलपत्र परेका यात्रुलाई पनि सहजता प्रदान भएको छ ।'

### अघोषित रूपमा दसैंको अग्रिम टिकट बुकिङ पनि खुला

विद्यार्थीलाई लक्षित गरेर व्यवसायीले दसैंका लागि अग्रिम टिकट बुकिङ खुला गरेका छन् । मुलुकको पछिल्लो परिस्थितिलाई दृष्टिगत गर्दै त्रिभुवन विश्वविद्यालय, विभिन्न कलेज तथा विद्यालयले तिहारपछि मात्रै अध्ययन गर्ने निर्णय गरेका छन् । त्यसअनुसार अब विद्यार्थी दसैं मान्न तत्काल नै घर जाने देखिएको छ । त्यो अवस्थालाई लक्षित गर्दै अघोषित रूपमा टिकट बुकिङ भइरहेको अध्यक्ष स्वाँरले बताए ।

'विश्वविद्यालयहरूले अध्ययन स्थगन गरेका छन् । त्यसअनुसार अब विद्यार्थी काठमाडौंलगायतका सहरबाट तत्काल घर जान सक्छन् । उनीहरूलाई लक्षित गरेर व्यवसायी साथीहरूलाई टिकट बुकिङ गर्न भनेका छौं,' उनले भने, 'उहाँहरूले टिकट बुकिङ गरिदिनुभएको पनि छ । सबै यात्रुका लागि कहिले टिकट बुकिङ खुला गर्ने भनेर निर्णय भएको छैन ।' विद्यार्थी तत्काल घर लागेमा दसैं समयमा यातायात व्यवस्थापन गर्न सहज हुने उनले बताए ।

### औपचारिक रूपमा टिकट बुकिङ खुलाउन आइतबार सर्वपक्षीय बैठक

दसैंका लागि औपचारिक रूपमा सार्वजनिक यातायातको अग्रिम टिकट बुकिङ खुलाउन आइतबार सर्वपक्षीय बैठक बसिने भएको छ । नेपाल प्रहरी, सडक विभाग, यातायात व्यवस्था विभाग, यातायात सेवा सञ्चालकगायतका सरोकारवालाको संयुक्त बैठक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बस्ने कार्यक्रम तय भएको छ । त्यो बैठकले यसबारे ठोस निर्णय गर्नेछ ।

नेपालमा हिन्दु धर्म मान्ने नागरिक धेरै भएकाले दसैंजस्ता पर्व महत्त्वका साथ मनाउने गरिन्छ । यसपालि ६ असोज घटस्थापना र १६ असोजमा दसैं छ । अध्ययन तथा रोजगारीका लागि विदेश र देशका विभिन्न ठाउँमा गएका व्यक्ति दसैं मान्न घटस्थापना आसपासको समयदेखि घर जान थाल्छन् । त्यसले गर्दा अघिपछि भन्दा यो समयमा यात्रुको चाप धेरै हुन्छ । त्यसलाई सही ढंगले व्यवस्थापन गर्न अग्रिम रूपमा टिकट बुकिङ खुला गर्ने अभ्यास छ ।

टिकट बुकिङका लागि यसअघि नै निर्णय गरिसक्नुपर्ने थियो । गत २४ भदौमै यसबारे निर्णय गर्ने भनिएको थियो । तर, आन्दोलनका कारण त्यो दिन बैठक हुन पाएन । अहिले अवस्था सामान्य बनेपछि यसबारे निर्णय गर्न लागिएको हो ।

### अनलाइनबाट पनि टिकट बुकिङ गर्न सकिने

अनलाइनमार्फत पनि टिकट बुकिङ गर्न सकिने व्यवसायीले बताएका छन् । अहिले बस सेवाजस्ता अनलाइन टिकट बुकिङ सेवाप्रदायक सञ्चालन छन् । त्यसमार्फत अनलाइन टिकट बुकिङको सुविधा दिने अध्यक्ष स्वाँरले बताए ।

'यो कम्पनीकै क्षेत्राधिकारको विषय हो । अधिकांश कम्पनी बससेवालगायतका अनलाइन प्लाटफर्ममा आबद्ध भइसकेका छन् । त्यो अवस्थामा दसैंका लागि अनलाइनबाट पनि अग्रिम टिकट बुकिङ गर्न सकिनेछ,' उनले बताए ।

# सरकारी संरचनाको छैन बिमा

### बिमा नभएपछि आन्दोलनमा ध्वस्त भएका सरकारी संरचना पुनर्निर्माण सरकारकै लगानीमा गर्नुपर्ने, निजी क्षेत्रबाट भने अर्बौंको दाबी पर्दै

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका



गत सोमबार र मंगलबार काठमाडौंसहित देशभर भएको जेन-जीको आन्दोलनले मुलुकको मुख्य प्रशासनिक क्षेत्र सिंहदरबार, संसद् भवन, राष्ट्रपति भवन, प्रधानमन्त्री निवासलगायत देशभरका सरकारी भौतिक संरचना क्षतिग्रस्त भएका छन् । तर, क्षतिग्रस्त त्यस्ता संरचनाको सरकारले बिमा गर्ने अभ्यास नरहेको सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक मचाकाजी श्रेष्ठले बताए । 'निर्माण अवधिको बिमा हुने गरेको छ । तर, निर्माण भइसकेपछि बिमा गर्ने गरिएको छैन,' उनले भने, 'यद्यपि, यस्ता सम्पत्तिको बिमा गर्ने अवधारणा पहिलेदेखि नै हो । तर, कार्यान्वयन भएको छैन ।'

बिमा नगरेपछि क्षतिग्रस्त सरंचनाको निर्माणमा शतप्रतिशत लगानी सरकारी स्रोतबाट नै गर्नुपर्ने भएको हो । क्षतिग्रस्त सरकारी संरचनाको पुनर्निर्माणमा कति खर्च हुन्छ भनेर अनुमान गरिसकेको अवस्था भने छैन । बजेटको अभावलगायतका कारण पनि बिमा गर्न चुनौती भइरहेको उनी बताउँछन् । 'यस्ता हुलदंगाको बिमा गर्न कम्पनीहरूले पनि आनाकानी गर्ने रहेछन् । त्यसमाथि बिमाशुल्कका लागि बजेट व्यवस्थापनमा पनि चुनौती भयो,' उनले भने, 'विभिन्न प्राविधिक चुनौती पनि भएका कारण बिमाको अभ्यास प्रभावकारी रूपमा सुरु हुन सकेन ।'

पछिल्लोपटक सरकारले पनि बजेटमार्फत सरकारी भौतिक संरचनाको बिमा गर्ने नीति ल्याएको थियो । तर, कार्यान्वयन हुन नसक्दा अहिलेको जस्तो घटनाबाट भएको क्षतिको पुनर्निर्माणमा सरकारबाट खर्च जुटाउनुपर्ने भएको छ, जबकि पछिल्लो घटनाक्रमले मुलुकलाई धेरै लगानी आवश्यक पर्ने देखिएको छ । सरकारी आम्दानी पनि प्रभावित हुने जोखिमहरू देखिन्छन् ।

### सरकारी गाडीको बिमा पनि नगन्य

सरकारी भवनको मात्रै होइन, सरकारी गाडीको समेत बिमा भएको छैन । आन्दोलनका क्रममा सिंहदरबारलगायतका सरकारी निकायमा भएका गाडी जलाएर नष्ट भएका छन्, जुन गाडीको बिमा नगण्य मात्रामा मात्रै भएको छ । सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) चंकी क्षेत्रीले सरकारी गाडीको बिमा भएको देखिने बताए । 'पालिकाका गाडीको बिमा भएको देखिन्छ । संघीय सरकार तथा प्रदेश सरकारका गाडीको बिमा भएको देखिन्न,' उनले भने, 'सरकारी भवनको पनि बिमा भएको छैन ।'

### निजी क्षेत्रबाट हालसम्मकै ठुलो दाबी पर्दै

सरकारी क्षेत्र बिमाको दायराबाहिर हुँदा निजी क्षेत्रबाट भने हालसम्मकै उच्च मात्रामा दाबी आउने देखिएको छ । आन्दोलनले निजी घर, सवारीसाधन, बाइकलगायतका निजी सम्पत्तिमा तोडफोड तथा आगजनी गरिएको छ । ठाउँ-ठाउँमा अत्यधिक मात्रामा गाडी तथा बाइक जलाइएको छ । त्यसमा अधिकांश सवारीसाधन तथा बाइकको बिमा भएको छ ।

यस्तै, भाटभाटेनीको मात्रै १० वटा सुपरमार्केट भवन तोडफोड तथा आगजनी गरिएको छ । नक्सालस्थित हिल्टन होटेल जलाइएको छ । चन्द्रागिरिस्थित चन्द्रागिरि केबलकारको तल्लो स्टेसनमा आगजनी गरिएको छ । सिम्रिक एयरको कार्यालय र एक हेलिकोप्टर जलाइएको छ । एनसेलको लाजिम्पाटस्थित प्रधान कार्यालयमा पनि आगजनी गरिएको छ । चौधरी ग्रुपको सतुंगलस्थित कारखाना र विभिन्न ठाउँमा भएको सोरुम आगजनी गरिएको छ । अन्य विभिन्न कम्पनीको सोरुम पनि तोडफोड गरिएको थापाथलीस्थित बिजनेस पार्कसमेत जलाइएको छ । यसरी निजी सम्पत्ति तथा व्यवसायमा ठुलो मात्रामा क्षति पुगेको छ, त्यसमा अधिकांशको बिमा छ । त्यसअनुसार बिमा दाबी उच्च मात्रामा आउने अनुमान गरिएको छ ।

अघि ०७२ वैशाखको भूकम्पले पुऱ्याएको क्षतिबाट १६ अर्ब ८६ करोड १७ लाख रुपैयाँबराबरको दाबी परेको थियो । त्यसबेला बिमाको दायरा न्यून हुँदा पनि सोबराबरको दाबी परेको थियो । तर, अहिले बिमाको दायरा उच्च छ । त्यो अवस्थामा दाबी पनि धेरै नै आउने अनुमान गरिएको छ । नेपाल बिमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले उच्च मात्रामा दाबी आउने देखिएको बताए । 'कति मात्रामा दाबी पर्छ भनेर अहिले अनुमान गर्न सक्ने अवस्था छैन । तर, दाबी भने ठुलै पर्छ,' उनले भने, '०७२ को भूकम्पमा १७ अर्ब रुपैयाँबराबरको दाबी परेको थियो । अहिले त्योभन्दा ठुलो रकममा दाबी पर्नेछ ।'

### दाबी आवेदन आउन सुरु

यता बिमा कम्पनीहरूमा दावी पर्न सुरु गरिसकेको छ । सगरमाथा लुम्बिनी इन्स्योरेन्सका सिइओ चंकी क्षेत्रीले दाबी आउन सुरु गरेको बताए । 'फोनलगायतका माध्यमबाट दाबी पर्ने तथा दाबी गर्छौं भनेर जानकारी गराउनुभएको छ । दाबी कतिसम्मको आउँछ भनेर अनुमान गरिएको छैन,' उनले भने, 'तर, धेरै नै आउने देखिन्छ ।'

### तर, बिमा कम्पनीको नाफा प्रभावित हुने

तर, यो घटनाले निर्जीवन बिमा कम्पनीहरूको नाफा प्रभावित हुने देखिन्छ । गत आवको असोज १०-१२ गते आएको बाढी, चैत १५ गतेको राजवादी आन्दोलन र असार २३ गतेको बाढीले बिमा कम्पनीहरूमा अतिरिक्त रूपमा उच्च दाबी परेको थियो । त्यसले गर्दा गत आवमा १४ ठुला र चार लघु निर्जीवन बिमा कम्पनीहरूको कुल नाफा घटेको थियो । त्यसमा नेसनल इन्स्योरेन्स घाटामै छ । तर, यसपालि निर्जीवन बिमा कम्पनीहरू नाफा बढ्ने आशामा थिए । तर, यो घटनाले त्यो सम्भावना न्यून देखिएको छ ।

### आउने दाबी तिर्न तयार छौं : बिमा क्षेत्र

जति ठुलो रकममा दाबी परे पनि भुक्तानीमा समस्या नहुने बिमा कम्पनीहरू बताउँछन् । बिमा कम्पनीहरूले बिमाको पनि बिमा अर्थात् पुनर्बिमासमेत गरेका हुन्छन् । पुनर्बिमामार्फत पनि दाबी रकम आउने गर्छ । साथै, कम्पनीहरूमा पनि दाबी भुक्तानीका लागि आवश्यक रकम व्यवस्थापन गरिन्छ, त्यो अवस्थामा दाबी भुक्तानीमा समस्या नहुने कम्पनीहरू बताउँछन् । नेपाल बिमक संघका निवर्तमान अध्यक्षसमेत रहेका चंकी क्षेत्रले दाबी भुक्तानीमा समस्या नहुने बताए । 'आउने दाबीमा प्राविधिक रूपमा बिमायोग्य क्षतिको मूल्यांकन गरेर बिमालेखको सर्तअन्तर्गत दाबी भुक्तानी दिनेछौं,' उनले भने, 'कम्पनीहरूले पुनर्बिमा पनि गरेका हुन्छन् । त्यो अवस्थामा दाबी भुक्तानीका लागि समस्या हुँदैन ।'






## संक्षेप

### नेप्से ५ असोजमा खुल्ने



**काठमाडौं**/ सेयर बजारको कारोबार आगामी २ असोजसम्म बन्द रहने भएको छ । स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)ले सूचना जारी धितोपत्र बोर्डको स्वीकृतिमा २९ भदौदेखि २ असोजसम्म धितोपत्रको दोस्रो बजार कारोबार बन्द रहने जनाएको हो । ३ र ४ असोज शुक्रबार र शनिबार पर्ने भएकाले नेप्से आइतबार मात्रै खुल्नेछ । 'धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ९० (१, घ) बमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त भएअनुसार २९ भदौदेखि २ असोजसम्म धितोपत्रको दोस्रो बजार कारोबार बन्द रहने व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ,' नेप्सेले जारी गरेको सूचनामा भनिएको छ । जेन-जी प्रदर्शनका कारण मंगलबार, बुधबार र बिहीबार तीन दिन नेप्से कारोबार बन्द थियो । शुक्रबार र शनिबार नियमित बिदा भएकाले आइतबारबाट सेयर कारोबार खुल्ने लगानीकर्ताको अपेक्षा थियो । तर, अस्थिर र तरल राजनीतिका कारण लगानीकर्ताको मनोबल खस्कन गई बजारमा नकारात्मक असर पर्न सक्ने जोखिम रहेकाले बजार बन्द हुने अवधि लम्बाइएको नेप्से अधिकारीहरूको तर्क छ । त्यस्तै पुँजी बजार सम्बन्धी संगठन सेयर लगानीकर्ता संघ नेपाल, नेपाल पुँजीबजार लगानीकर्ता संघ र स्वतन्त्र पुँजीबजार लगानीकर्ता संघले संयुक्त रुपमा धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठलाई तत्काललाई बजार स्थगन गर्न ज्ञापनपत्र बुझाएका थिए ।

### आपूर्ति शृंखला खलबलिन नदिन आग्रह

**काठमाडौं**/ समुद्रपार निकासी-पैठारी संघले अत्यावश्यक वस्तुको आपूर्ति शृंखला बिग्रन नदिने गरी कारोबारको वातावरण मिलाउन व्यवसायी र सरकारी निकायलाई आग्रह गरेको छ । उद्यमी, व्यवसायी तथा उद्योग, प्रतिष्ठानलाई लक्षित गरी नोक्सानी पुऱ्याएकाले दीर्घकालसम्म व्यवसायमा हुने स्वदेशी र विदेशी लगानी प्रभावित हुने र समृद्धिको यात्रामा अवरोध आउनेतर्फ सजग हुनुपर्ने संघको ठहर छ । अहिले विषम परिस्थितिबाट माथि उठेर भ्रष्टाचार, कुशासन र बेथितिमुक्त मुलुक निर्माणको दिशामा अगाडि बढ्नुको विकल्प नरहेको संघले जनाएको छ । 'अहिलेको तरल अवस्था चाँडै नै अन्त्य भई युवापुस्ताको चाहनाबमोजिमको समृद्धि यात्रामा देश अगाडि बढ्ने हाम्रो अपेक्षा छ,' संघका महासचिव जयन्तकुमार अग्रवालले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

### 'लगानी सुरक्षामा संवेदनशील जरुरी'

**काठमाडौं**/ क्रसर तथा खानी उद्योग-व्यवसायी महासंघले कानुनसम्मत रूपमा व्यवसाय गर्ने नागरिक अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै उद्योगीहरूको लगानीलाई कानुनी संरक्षण गरिनुपर्ने जनाएको छ । त्यस्तै, रोजगारी, स्वरोजगारी र सर्वसाधारणले तिरेको राजस्वको सदुपयोगबारे युवापुस्ताले देखाएको चासोलाई सरकार, राजनीतिक दल र सम्बन्धित निकायहरूले संवेदनशीलतापूर्वक सम्बोधन गर्नुपर्ने महासंघका अध्यक्ष सीताराम न्यौपानेले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । 'सामाजिक न्यायसहितको उच्च आर्थिक वृद्धिको वातावरण बनाएर मात्र मर्यादित रोजगारी र उच्च ज्याला सम्भव हुन्छ,' विज्ञप्तिमा भनिएको छ ।

# आन्दोलनका कारण बजारमा लैजान नपाउँदा बारीमै रह्यो तरकारी

## बजार नखुल्दा र यातायात सञ्चालन नहुँदा अकबरे खुर्सानी, काउलीलगायत तरकारीको भएन बिक्री





उदयपुरमा **विदुर कटुवाल**

उदयपुरको कटारी नगरपालिकाका पहाडी क्षेत्रका किसानले उत्पादन गर्दै आएको तरकारी बिक्री हुन कठिन भएको छ। जेन-जी प्रदर्शनका कारण यातायात सञ्चालनमा कठिनाइ हुँदा किसानको तरकारी बिक्री हुन सकेको छैन। यतिवेला किसानको बारीमा अकबरे खुर्सानी, काउली, टमाटर, स्कुस, रायोको साग छ। कटारी नगरपालिका- ११ का कृषक उद्धव राउतले आन्दोलनका कारण बजार नखुल्दा र यातायात सञ्चालन नहुँदा अकबरे खुर्सानी, काउली बिक्री हुन छाडेको बताए। उनले भने, 'म दश वर्षअघिदेखि मौसमी तथा बेमौसमी तरकारी खेती गर्दै आएको छु।

भन्डै १६ रोपनी जग्गामा मात्र अकबरे खुर्सानी लगाएको छु। त्यसमा काउली र टमाटर पनि छ। वार्षिक रूपमा तरकारी खेतीबाट खर्चसहित ९-१० लाख कमाउँदै आएको छु। तर, यसपालिको बन्दका कारण मारमा परेको छु।

कटारी नगरपालिका- १०, ११ र १३ नम्बर वडा मौसमी तथा बेमौसमी तरकारी खेतीको पकेट क्षेत्रमा पर्छ। भन्डै १५ वर्षअघिदेखि तरकारी खेतीमा रमाउँदै आएका यस क्षेत्रका कृषक अहिले चिन्तित छन्। गहुँबारी तरकारी संकलन तथा बिक्री केन्द्रका अध्यक्ष केशव बस्नेतले जेन-जीको आन्दोलनभन्दा अघि दैनिक रूपमा १९ देखि २५ क्विन्टलसम्म तरकारी तथा खुर्सानी बिक्री हुने गरेको बताउँदै अहिले ठप्प भएको बताए। उदयपुरगढी गाउँपालिकाका कृषि विकास शाखाका प्रमुख पारस फुयाँलले दसैंका लागि खसी-बोका बिक्री हुने समयमा आन्दोलनका कारण यातायात बन्द हुँदा किसान समस्यामा परेको बताए।

उनले भने, 'खसी बोका अब बिक्री हुने समय सुरु भयो। तर, आन्दोलनको प्रभावले कतै पनि बिक्री भएको जानकारी आएको छैन।'

# भाटभटेनीका १६ स्टोर शनिबारदेखि पुनः सञ्चालनमा

## उपत्यकाका नौ र उपत्यकाबाहिरका सात स्टोरबाट सेवा सुरु




**काठमाडौं**/ भाटभटेनी सुपरस्टोरका १६ स्टोर शनिबारदेखि पुनः सञ्चालनमा आएका छन्। जेन-जी प्रदर्शनका कारण मंगलबारदेखि बन्द रहेका १६ स्टोर सञ्चालनमा आएको भाटभटेनी सुपरस्टोर व्यवस्थापनले जनाएको छ, जसमा उपत्यकाभित्र नौ र उपत्यकाबाहिर सातवटा शाखा छन्। उपत्यकामा टोखा, सातदोबाटो, अनामनगर, सानागाउँ, युनाइटेड वर्ल्ड ट्रेड सेन्टर, पाटन, कलंकी, राधेराधे र बालाजु शाखा सञ्चालनमा आएका छन्। त्यसैगरी उपत्यकाबाहिर नेपालगन्ज, जनकपुर, बुटवल, वीरगन्ज, धनगढी, इटहरी र भैरहवा शाखा पनि शनिबारदेखि नै सेवा सुरु गरेको बताइएको छ।

'अनिश्चितताका केही दिनपछि हाम्रा स्टोर पुनः एकपटक खुलेका छन्,' सामाजिक सञ्जालमा भाटभटेनीले लेखेको छ, 'भाटभटेनी केवल पसलका रूपमा होइन, तपाईंको परिवारका रूपमा पनि उत्तिकै अग्लो छ।'

साथै, ग्राहकको धैर्यता, समर्थन र विश्वासलाई धन्यवाद पनि दिएको छ। 'हामी उही हेरचाह र प्रतिबद्धतासहित तपाईंको सेवा गर्न फर्किएका छौं,' भाटभटेनीको भनाइ छ। २४ भदौमा भएको जेन-जी प्रदर्शनका क्रममा देशभरका २८ वटा स्टोरमध्ये सातबाहेक सबै स्टोरमा क्षति पुगेको थियो। जसमध्ये १२ स्टोरमा पूर्ण आगजनी र नौवटामा तोडफोड र लुटपाट भएको थियो।

# क्षतिग्रस्त संरचना सञ्चालन गर्न कामना सेवा विकास बैंकको सहयोग

## वडालाई कुर्सी र प्रहरीलाई कम्प्युटर तथा प्रिन्टर हस्तान्तरण





**कास्की**/ 'जेन-जी'को प्रदर्शनका क्रममा तोडफोड र आगजनीका कारण क्षतिग्रस्त संरचना सञ्चालन गर्न कामना सेवा विकास बैंकले वडा कार्यालय र प्रहरीलाई सहयोग गरेको छ। बैंकले पोखरा महानगरपालिका-३० को कार्यालयलाई टेबल, कुर्सीलगायतका फर्निचर र जिल्ला प्रहरी कार्यालय, कास्कीलाई आवश्यक कम्प्युटर तथा प्रिन्टर सहयोग गरेको हो।

बैंकका पोखरा क्षेत्र प्रमुख शिवकुमार ढकालले जिल्ला प्रहरी कार्यालय, कास्कीका डिएसपी हरिबहादुर बस्नेतलाई र बैंकको पोखरा दुंगेपाटन शाखाकी शाखा प्रबन्धक लक्ष्मी ढकालले पोखरा-३० का वडाध्यक्ष दुर्गाप्रसाद सुवेदीलाई सहयोग गरिएका सामग्री हस्तान्तरण गरिन्।

आन्दोलनका क्रममा कार्यालयका सम्पूर्ण उपकरण तथा फर्निचरहरू जलेर नष्ट भएकामा छिटोभन्दा छिटो सेवा प्रदान गर्न सकियोस् भन्ने उद्देश्यसहित बैंकले सहयोग गरेको बैंकका पोखरा क्षेत्र प्रमुख ढकालले जानकारी दिए। ढकालका अनुसार कास्कीसँगै बैंकले प्रदर्शनका क्रममा क्षतिग्रस्त भएका देशका अन्य जिल्लाका वडा कार्यालयहरू, मालपोत कार्यालयहरू, प्रहरी कार्यालयहरूको पुनर्निर्माण, मर्मत-सम्भार तथा आवश्यक सामग्री सहयोग गर्न सुरु गरेको जानकारी दिए।

कास्कीका प्रहरी प्रमुख श्यामबाबु ओलियाले प्रदर्शनका क्रममा भएको तोडफोड र आगजनीका कारण कार्यालयभित्र भएका सबैजसो वस्तु जलेको बताए। बैंकले कार्यालय सञ्चालनका लागि गरेको सहयोगका लागि आभार व्यक्त गर्द ओलियाले सबैको साथ-सहयोगले कार्यालयलाई पुरानै अवस्थामा फर्काउन सहयोग मिल्ने बताए।

वडाध्यक्ष सुवेदीले आन्दोलनका क्रममा क्षति पुगेका संरचनामा सेवा सुचारु गर्न सहयोग गरेकोमा बैंकलाई धन्यवाद दिएका थिए। उनले अन्य सरोकारवालालाई समेत पुनर्निर्माणमा जुट्न र आवश्यक सहयोगका लागि आह्वानसमेत गरे।

# नयाँ सरकारसँग ऊर्जा क्षेत्रमा सहकार्य गर्न तयार : इप्पान

**काठमाडौं**/ स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले नयाँ अन्तरिक सरकारसँग ऊर्जा क्षेत्रमा सहकार्य र सहयात्रा गर्ने जनाएको छ। जेन-जी युवाहरूको आन्दोलनपछि नेपालको अन्तरिम सरकारको प्रधानमन्त्रीका रूपमा नियुक्त भएकोमा सुशीला कार्कीलाई हार्दिक बधाई ज्ञापन गर्दै इप्पानले सहकार्य गर्ने जनाएको हो।

इप्पानले हरेक क्षेत्रका लागि अत्यावश्यक मानिएको ऊर्जा क्षेत्रमार्फत मुलुकुको समृद्धि हासिल गर्न सकिने भन्ने उच्च मनोबलका साथ विभिन्न समस्या र चुनौतीबिच लगानी गरिरहेका ऊर्जा उद्यमीका लागि कार्कीको कार्यकाल स्वर्णिम हुने अपेक्षा गरेको छ। इप्पानका अध्यक्ष गणेश कार्कीले परिवर्तित अवस्थामा नयाँ अन्तरिम सरकारले लगानीमैत्री वातावरण निर्माणमार्फत निजी क्षेत्रलाई उत्साहित बनाउने कार्य गर्ने अपेक्षा राखेको बताए। 'नयाँ आन्तरिक सरकारले लगानीमैत्री वातावरण बनाउने अपेक्षा हामीले गरेका छौं, अहिलेको अवस्थामा देशको पुनर्निर्माणसँगै आर्थिक समृद्धिको यात्रामा बढीभन्दा बढी लगानीमार्फत नेपाल सरकारसँगै सहकार्य र सहयात्रा गर्न तयार छौं,' उनले भने।

अध्यक्ष कार्कीले नयाँ अन्तरिम सरकारले ऊर्जा उद्यमीले ऊर्जा विकास र विस्तारका लागि हाल भोगिरेहको समस्या र चुनौती समाधानका लागि अग्रसर हुने अपेक्षा गरेको बताउँदै ऊर्जा सुरक्षाका लागि निजी क्षेत्रले योगदान दिइरहेको र आगामी दिनमा अझ बढी दिनका लागि तयार रहेको बताए।

# निषेधाज्ञा हटेसँगै बढ्यो बजारमा चहलपहल

## मुख्य व्यापारिक क्षेत्र मानिने लहान, मिर्चैया, गोलबजार, सिराहा सदरमुकामलगायतका ठाउँमा खुले पसल र हाटबजार

## मंगलबारदेखि ठप्प रहेका जिल्लास्थित सरकारी कार्यालय, संघ-संस्था, प्रतिष्ठान पनि आजदेखि खुल्ने



लहानमा **मणिलाल विश्वकर्मा**

जेन-जीको आन्दोलन र त्यसपछि बिग्रिएको शान्ति सुरक्षाकालाई नियन्त्रणमा लिन जिल्ला प्रशासन कार्यालय सिराहाले गत मंगलबारदेखि निरन्तर लगाउँदै निषेधाज्ञा-कर्फ्यु शनिबार बिहानदेखि हटाइएपछि स्थानीय हाटबजारमा चहलपहल बढेको छ भने पूर्व-पश्चिम लोकमार्गमा सवारीसाधन गुड्न थालेका छन्। सिराहाको मुख्य व्यापारिक क्षेत्र मानिने लहान, मिर्चैया, गोलबजार, सिराहा सदरमुकामलगायतका ठाउँमा हाटबजार, पसल खुलेका छन् भने पूर्व-पश्चिम लोकमार्गमा लामो तथा छोटो दूरीका सवारीसाधन र मालवाहक ट्रक चल्न थालेका छन्। जिल्ला प्रशासनले निषेधाज्ञा भए पनि शुक्रबार दिउँसो तराई मधेशका महिलाले मनाउने सांस्कृतिक पर्व जितियालाई मध्यनजर गर्दै तीन घण्टा बजार खुला गरी अवस्था केही खुकुलो बनाएको थियो। तराई मधेशका जिल्लामा महिलाले शनिबारदेखि सोमबारसम्म सांस्कृतिक पर्व जितिया मनाउँदै छन्।

गत मंगलबारदेखि नै ठप्प रहेका जिल्लास्थित सरकारी कार्यालय, संघ-संस्था, प्रतिष्ठानहरू आइतबारदेखि खुल्ने भएका छन्। सिराहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले शनिबार सूचना जारी गर्दै जिल्लाको समग्र कार्यप्रणाली र सेवा प्रवाहलाई सेवाग्राहीमैत्रीपूर्ण तरिकाले सम्पादन गर्न सबै कार्यालय प्रमुखहरूले अहोरात्र, इमानदार र प्रभावकारी ढंगले काम गर्न आग्रह गरेका छन्। कार्यालयको सेवा प्रवाहलाई आइतबारदेखि सम्भव भएसम्म सञ्चालन गर्न तथा त्यसका लागि एक कार्यालयले अर्को कार्यालयलाई सहयोग पुऱ्याउन आवश्यक रहेको उल्लेख गर्दै सूचनामार्फत उनले सम्पूर्ण कर्मचारी आ-आफ्नो कार्यालयमा उपस्थित भई सेवा प्रवाह गर्न जानकारी गराइएको छ।

आन्दोलनका क्रममा आगजनी, तोडफोड गरिएका सरकारी कार्यालयमा विद्युत् तथा सञ्चार सेवा सुचारुका लागि शनिबार लहान, मिर्चैया र सिराहास्थित नेपाल टेलिकम र नेपाल विद्युत् प्राधिकरणका प्रमुखसँग छलफल गरिएको प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले जानकारी दिए। 'तोडफोड र आगजनीका कारणले विद्युत् र सञ्चार सेवा अवरुद्ध भएका कार्यालयले सेवा सुचारुका लागि टेलिकम र प्राधिकरणमा निवेदन दिन आग्रह गर्दछु,' उनले भने।

# पर्यटन प्रवर्द्धनको सपना अझै टुटेको छैन : चन्द्रागिरि हिल्स

**काठमाडौं**/ चन्द्रागिरि हिल्स लिमिटेडले पर्यटन प्रवर्द्धनको सपना अझै रहेको बताएको छ। कम्पनीले शनिबार एक विज्ञप्ति जारी गर्दै जेन-जी आक्रमणबाट केबलकारमा भएको तोडफोड, आगजनीले क्षति पुगे पनि पर्यटन प्रवर्द्धनमा भने निरन्तर लागिरहने जनाएको छ। 'मंगलबार प्रदर्शनका क्रममा हामीलाई समेत निसाना बनाई तोडफोड तथा आगजनी गरिँदा केबलकारको बटम स्टेसनमा ठुलो क्षति पुगेको छ। यद्यपि, हाम्रो अठोट कमजोर भएको छैन। गुणस्तरीय सेवाका माध्यमबाट नेपालको पर्यटन प्रवर्द्धनमा हामी कति पनि विचलित भएका छैनौं,' जारी विज्ञप्तिमा भनिएको छ।

साथै कम्पनीले ग्राहकको सद्भाव, साथ र सहयोगले पर्यटन विकासमार्फत देशको मुहार फेर्ने आफ्नो अठोट अझै बलियो बनेको जनाएको छ। 'हामी पुनः उठ्नेछौं र छिट्टै नै सेवा सुचारु गर्नेछौं,' कम्पनीले भनेको छ।



आगामी दिनमा व्यावसायिक वातावरण सहज बन्ने अपेक्षासहित गुणस्तरीय सेवा प्रदानमा थप लगानी र रोजगारी सिर्जनामा प्रतिबद्ध रहेको पनि कम्पनीले स्पष्ट पारेको छ। साथसाथै, २३ भदौमा प्रदर्शनका क्रममा भएको दुःखद घटनाप्रति दुःख प्रकट गर्दै मृतकप्रति श्रद्धाञ्जली र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि विज्ञप्तिमार्फत गरिएको छ।

# व्यावसायिक तरकारी खेतीमा रमाउँदै जुम्लाका रावल

जुम्लामा **मानदत्त रावल**

स्वदेशमा रोजगारीको अभाव रहेको भन्दै वैदेशिक रोजगारीमा जाने युवाको संख्या दिनानुदिन बढ्दो छ। संघीयता कार्यान्वयनपछि स्थानीय सरकारले उपयुक्त रोजगारी सिर्जना गर्न नसकेपछि कर्णालीबाट कालापहाड (भारत) र खाडी मुलुक जाने युवाको संख्या बढ्दै गएको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार कर्णाली प्रदेशबाट मात्रै ९४ हजार युवा बिदेसिएका छन्, जसमा भारत जानेको ठोस तथ्यांक सरकारसँग छैन।

यस्तो अवस्थामा पनि जुम्लाका एक युवाले भने सुविधासम्पन्न मुलुक जापानको भिसा नै त्यागेर व्यावसायिक तरकारी खेतीमा जुटेका छन्। चन्दननाथ नगरपालिका- ६, छिना गाउँका युवा सुशील रावल स्वदेशमा सम्भावना छैन भन्ने तमाम युवाबिच उदाहरण बन्दै गाउँमै व्यावसायिक तरकारी खेती गरिरहेका छन्।

रावलले ०७७ सालमा जापान जाने तयारी गरेका थिए। भाषा सिकेर सबै प्रक्रिया पूरा गरिसकेपछि भिसा प्रक्रियासमेत अघि बढेको थियो। तर, एकाएक उनले जापान जाने सोच नै त्यागेर गाउँ फर्किए। त्यसपछि उनले आफ्नो अध्ययनको सीप र दक्षता सबै व्यावसायिक तरकारी खेतीमा लगाए।

चन्दननाथ- ६, छिना ज्युलोको १२ रोपनी जग्गा लिजमा लिएर व्यावसायिक तरकारी खेती गरेको सुशीलले आफू मात्र आत्मनिर्भर भएका छैनन्, गाउँका थप १० जना युवालाई रोजगारीसमेत प्रदान गरेका छन्। उनले मौसमी तथा बेमौसमी रूपमा कुरिलो, ब्रोकाउली, स्कुस, भेडे खुर्सानी, अकबरे खुर्सानी, डेजिरे, काँखा, खुमल सेतो र लोक जातको आलु र टमाटरलगायतका अर्गानिक तरकारी उत्पादन गरिरहेका छन्। त्यस्तै, ओखर र स्याउका ग्राफ्टिङ बिरुवा पनि उत्पादन गर्दै आएका छन्। रावलले सुरुमा १० हजार रुपैयाँ लगानी गरी ओखरका बिरुवा उत्पादन सुरु गरेका थिए। अहिले वार्षिक १५ लाखभन्दा बढीको कारोबार गर्दै आएका छन्।



सुशील रावल

'जापान जाने अन्तिम तयारी थियो। तर, अर्काको देशमा श्रम र सिप खर्चिनुभन्दा आफ्नै देशमा केही गर्नुपर्छ भनेर गाउँ फर्किएँ,' रावल भन्छन्, '१२ रोपनी जग्गा लिजमा लिएर स्याउ, ओखरका ग्राफ्टिङ बिरुवा उत्पादन सुरु गर्‍यौं। पछि व्यावसायिक तरकारी खेती थाल्यौं। अहिले आम्दानी राम्रै छ। उत्पादनले बजार लिइरहेको छ।'

नेपाललाई कृषिप्रधान देश भनिने, तर कृषि पेसाप्रति समर्पित व्यक्तिलाई सम्मान नगर्ने चलन गरेको रावलको गुनासो छ। 'अरूले पनि अनुसरण गरून् भन्ने उद्देश्यका साथ कृषि पेसामा हामी आबद्ध भएका हौं,' उनले भने। तरकारी उत्पादन गर्न सके बजार व्यवस्थापनको समस्या नहुने उनको बुझाइ छ।

रावलको फार्ममा उत्पादित तरकारी जुम्लाका सबै होटेलदेखि मन्डीमा तरकारी जाने गरेको छ। हिउँदमा टनेलभित्र सबै प्रकारका तरकारी फलाउने गरेको उनले बताए। 'मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्ने भएकाले हाम्रो उत्पादनलाई अहिले बजारको समस्या छैन। सिजनमा राम्रै उत्पादन गरेर मागअनुसारको पूर्ति गर्दै आएका छौं। यद्यपि, बेमौसमी सिजनमा भने मागनुसारको तरकारी पुऱ्याउन मुस्किल हुन्छ,' उनले भने।

रावलले कृषि विकास कार्यालय जुम्लाको एक लाख अनुदान र आफ्नो एक लाख गरी दुई लाख लगानीमा तरकारी क्षेत्र विस्तार गरेका हुन्। त्यस्तै, कृषि प्रधानमन्त्री आधुनिकीकरण परियोजना स्याउ सुपरजोन कार्यालय जुम्लाबाट स्याउका नर्सरी रुट स्टक बिरुवा उत्पादनका लागि एक लाख ७५ हजार अनुदान प्राप्त गरेको बताए।

गाउँमै व्यावसायिक तरकारी खेती गरिरहेका सुशीलको लोभलाग्दो कृषिकर्मप्रति जुम्लाका सरकारी निकायदेखि सबै उत्साहित छन्। युवालाई गाउँमै आकर्षित गर्न र उत्पादनसँग युवालाई जोड्न सुशीलले गरेको प्रयास सराहनीय रहेको कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीले बताए। उनको व्यावसायिक तरकारी खेतीको विस्तार, उत्पादित तरकारीको बजारीकरणमा सरोकारवालाले सहयोग गर्नुपर्ने उल्लेख गरे।

# भायानेटको इन्टरनेट र भाया-टिभी सेवा सुरु

**काठमाडौं**/ भायानेटको इन्टरनेट तथा भाया-टिभी सेवा सामान्य अवस्थामा फर्किएको छ। कम्पनीका अनुसार सेवा अझै पूर्ण क्षमतामा ल्याउन नसके पनि अधिकांश ग्राहकका लागि सेवा उपलब्ध भएको छ। बाँकी सर्भर अर्को डेटा सेन्टरमा सार्ने काम सकिएपछि सेवा आइतबारसम्म पूर्ण रूपमा सामान्य हुने बताइएको छ।

यस अवधिमा इन्टरनेटको गति केही स्लो हुन सक्ने कम्पनीको भनाइ छ।

vianet
अब सबै connected

त्यस्तै, भायानेट मोबाइल एपले भने पूर्ण रूपमा काम गर्नुका साथै कल सेन्टर थप क्षमतासहित सञ्चालनमा आएको छ र यसले ग्राहकलाई छिटो सहयोग गर्न सक्ने बताइएको छ। 'प्रदर्शनबाट क्षति पुगेको डेटा सेन्टर यस्तो विषम परिस्थितिमा पनि हाम्रो टिमले ४८ घण्टाभित्र सेवा सामान्य स्तरमा ल्याउन सफल भएको छ। यसले हाम्रो नेटवर्कको मजबुती र टिमको समर्पण देखाउँछ,' कम्पनीले भनेको छ।

**उपस्थित हुने बारेको सूचना**

सूचना प्रकाशन मिति : २०८२/०५/१७

काठमाडौं महानगरपालिका वडा नं. ३० स्थित मैतिदेवी स्थित घरको कित्ता नं ३८३ को क्षे.फ. १-८- ०-३ मा बनेको घरमा बहाल बस्ने श्री रोशन कुमार मण्डलले म निवेदले बहालमा लिएको उक्त घरमा २ फ्ल्याट भाडामा लिएर २ फ्ल्याट मध्ये एक फ्ल्याट विगत २०८१/०२/०२ देखि रोल्पा जिल्ला लिवाङ गा.वि.स वडा नं ६ बस्ने श्री आशिष शाह र ठेगाना नखुलेको श्री समिर राज वाग्लेले सम्झौता नगरी बहालमा लिई संयुक्त रुपमा (Messenger Tours and Travels Pvt. Ltd.) नामक संस्था सञ्चालन गर्दै आउनुभएको र विगत २०८१ कार्तिक महिनादेखि भाडा नतिर्दै हाल सम्पर्क विहिन हुनुभएको हुँदा कोठा खाली गराई पाउँ भनि यस कार्यालयमा निवेदन दिनु भएकोले काठमाडौं महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका २०७९ दफा २७ को उपदफा (३) बमोजिम श्री रोशन कुमार मण्डलले मिति २०८२/०३/२५ मा ३५ दिने सार्वजनिक सूचना प्रकाशित हुँदा समेत तपाई सम्पर्कमा नआउनु भएको हुँदा तपाई श्री आशिष शाह र श्री समिर राज वाग्लेको नाममा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस वडा कार्यालयमा उपस्थित हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा प्रचलित कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

■ साफ यू-१७ च्याम्पियनसिप

# नेपाललाई उपाधि जित्ने अवसर



**यस्तो छ नेपाली टोली**

**गोलरक्षक**

पेम्बा नुर्बु भोटे, राम बोहरा र विशेष बानियाँ

**डिफेन्डर**

कप्तान प्रशान्त मोक्तान, दीपेन कार्की, धीरज रावल, आदित्य रानामगर, भुवन कामी, अनमोल कार्की, मौसम रोकाया र अनोज खड्का

**मिडफिल्डर**

प्रशान्त मेन्याङ्बो, राम थामी, कृष्ट भण्डारी, प्रतिश थापामगर, भूपेश लामा, नसिब हेन्जन, सुशन मगर, सुजन स्याङ्तान

**स्ट्राइकर**

समीर कुमार, दिग्विजय शाही, निशकुमार श्रेष्ठ, रोहित श्रेष्ठ

**रमेश सुवेदी**/नयाँ पत्रिका

नेपाली युवा टोली साफ यू-१७ च्याम्पियनसिपमा उपाधि जित्ने लक्ष्यसहित श्रीलंकाको कोलम्बो पुगेको छ। शुक्रबार बिदाइ भएको नेपाली टोली शनिबार कोलम्बो प्रस्थान गरेको हो। सन् २०११ बाट सुरु भएको प्रतियोगिता नौपटक आयोजना हुँदा नेपाल अहिलेसम्म उपाधिविहीन छ। चारपटक फाइनलमा पुगेर पनि नेपाल उपविजेतामै सीमित भयो। दसौँ संस्करणमा भने फरक रणनीति र तयारीका साथ श्रीलंका पुगेको नेपालको अहिले एउटै लक्ष्य उपाधिका साथ घर फर्किने प्रशिक्षक सञ्जित श्रेष्ठले बताए।

> दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले नौपटक विभिन्न उमेर समूहको प्रतियोगिता आयोजना गरेको छ। नेपाल अहिलेसम्म चारपटक उपविजेता बनेको छ।

खेलाडीले मोरङमा एक महिना बन्द प्रशिक्षणमा बसेका थिए। पछिल्लो समय उमेर समूहको प्रदर्शन कमजोर भएकाले नेपाललाई उपाधि जित्ने चुनौती देखिन्छ। एन्फाले पछिल्लो समय प्रतियोगिता नजिकिँदा खेलाडीको खुला छनोट गर्दै आएको छ। एकेडेमी सञ्चालन नहुँदा उमेर समूहको प्रदर्शन खस्कँदै गएको विभिन्न अन्तर्राष्ट्रिय उमेर समूहको सहभागिताले देखाउँछ। कोलम्बो पुगेको टोलीका गोलरक्षक पेम्बानुर्बु भोटे र विशेष बानियाँ, डिफेन्डर प्रशान्त मोक्तान र भुवन कामीसँगै मिडफिल्डर राम थामी र सुजन स्याङ्तानसहित ६ जना यू-१६ साफ च्याम्पियनसिप खेलिसकेका छन्।

प्रशिक्षक श्रेष्ठले उमेर समूहका अनुभवी खेलाडी हुँदा हौसिएका छन्। यू-१७ च्याम्पियनसिप भारतले सर्वाधिक ६ पटक जितेको छ। बंगलादेशले दुई तथा पाकिस्तानले एकपटक जितेको छ। नेपाल सर्वाधिक चारपटक उपविजेता भएको हो। भारत र बंगलादेश समान दुई तथा पाकिस्तान एकपटक उपविजेता भएका छन्। भुटान, श्रीलंका, माल्दिभ्स र अफगानिस्तान भने सहभागितामै सीमित छन्। श्रीलंकामा एक दिनको तयारीपछि नेपाली टोलीले प्रतिस्पर्धा गर्नेछ। दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले आयोजना गर्ने प्रतियोगिता १५ देखि २७ सेप्टेम्बरसम्म हुँदै छ।

यो प्रतियोगिता हरेक दुई वर्षमा हुँदै आएको छ। साफले यो प्रतियोगितामा फरक-फरक यू-१५, यू-१६ र यू-१७ को उमेर समूहलाई सहभागिता गराउँदै आएको छ। पछिल्लो वर्षमा निकै सक्रिय रहेको साफले लगातार तीन वर्षमा तीनपटक प्रतियोगिता आयोजना गरिसकेको छ। सन् २०११ बाट सुरु भएको प्रतियोगितामा नेपाल सन् २०१३, सन् २०१७, सन् २०१९ र सन् २०२२ मा फाइनलमा पुगेको थियो। नेपाल चारै फाइनलमा भारतसँग पराजित भएको थियो। सन् २०१९ मा भारतको भएको फाइनलमा नेपाली टोली भारतसँग ७-० को हारेको थियो। सन् २०२२ कोलम्बोमै नेपाली टोली उपाधि भिडन्तमा भारतसँग ४-० ले पराजित भयो। यसअघि नेपाल सन् २०१३ मा १-० र सन् २०१७ मा २-१ ले पराजित भएको हो।

## मोरङमा एक महिना लामो तयारी

एन्फाले मोरङमा खेलाडीलाई प्रशिक्षणमा राखेको थियो। एक महिना लामो समय चलेको प्रशिक्षणमा खेलाडीहरूले आफ्ना कमजोरी सुधार्न मौका पाएको प्रशिक्षक श्रेष्ठले बताए। काठमाडौंको अधिकांश मैदानमा प्रतियोगिता चलिरहँदा युवा खेलाडीको तयारीका लागि एन्फाले मोफसलमा राखेको हो। प्रशिक्षक श्रेष्ठले प्रारम्भिक खुला छनोटमा सयजना खेलाडी सहभागी थिए। त्यसपछि ४५ जना हुँदा अन्तिम चरणमा २३ जना टोली बनाइएको हो। 'हामीले प्रशिक्षकको योजनाअनुसार नै खेलाडीलाई विराटचोकमा राखेर तयारी गराएका हौं। लामो तयारी भएको छ,' एन्फाका प्रवक्ता सुरेश शाहले बताए।

## एन्फाको खल्लो बिदाइ

एन्फाले खेलाडीलाई शुक्रबार बिदाइ आयोजना गरेको थियो। तर, एन्फा कम्प्लेक्स सुनसान देखियो। जेन-जीको कारण कर्फ्यु थियो। जेन-जीको आन्दोलनदेखि नै एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ तथा महासचिव किरण राई सम्पर्कमा छैनन्। उनीहरू खेलाडीको बिदाइमा पुगेनन्। एन्फाको आन्तरिक द्वन्द्वका कारण संस्थापन इतरपक्षले एन्फा जानै छाडेका छन्। सिइओ, सहायक महासचिव, उपाध्यक्षलगायतले खेलाडीलाई बिदाइ गर्दै आएका थिए। जेन-जीकै कारण बिदाइ कार्यक्रमका कुनै पनि पदाधिकारी उपस्थित भएनन्। एन्फा प्रवक्ता सुरेश शाहले मात्रै खेलाडीलाई बिदाइ गरेका थिए। 'अन्तर्राष्ट्रिय सहभागिता हुँदा पनि कुनै पदाधिकारी बिदाइमा सहभागी भएनन्। खेलाडीले कुन मनोबलका साथ खेल्नु। यो नेतृत्वको नालायकीपन हो,' एक असन्तुष्टि पक्षका नेताले भने।

## पहिलो खेल श्रीलंकासँग

समूह 'ए'मा रहेको नेपालले आयोजक श्रीलंका र बंगलादेशसँग खेल्ने तालिका छ। १५ सेप्टेम्बरमा श्रीलंकासँग खेल्दै नेपालले प्रतियोगिताको सुरु गर्नेछ। नेपालको दोस्रो खेल १८ सेप्टेम्बरमा बंगलादेशसँग छ। नेपाल पहिलो खेलमै विजयी भए सीधै सेमिफाइनल स्थान सुरक्षित गर्नेछ। यता, समूह 'बी'मा भारत, माल्दिभ्स, पाकिस्तान र भुटान छन्। दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन्। फाइनल खेल २७ सेप्टेम्बरमा हुनेछ।

## ■ नेपाली युवा टोलीको प्रदर्शन

| मिति | फर्म्याट | नेपालको प्रदर्शन | च्याम्पियन |
|---|---|---|---|
| सन् २०११ | यू-१६ | तेस्रो स्थान | पाकिस्तान |
| सन् २०१३ | यू-१६ | उपविजेता | भारत |
| सन् २०१५ | यू-१६ | सेमिफाइनल | बंगलादेश |
| सन् २०१७ | यू-१५ | उपविजेता | भारत |
| सन् २०१८ | यू-१५ | चौथो स्थान | बंलादेश |
| सन् २०१९ | यू-१५ | उपविजेता | भारत |
| सन् २०२२ | यू-१७ | उपविजेता | भारत |
| सन् २०२३ | यू-१६ | समूह चरण | भारत |
| सन् २०२४ | यू-१७ | सेमिफाइनल | भारत |

# लिग नभएपछि बंगलादेश आयौं : अञ्जन



ढाकामा पहिलो दिनको अभ्यास सत्रपछि शनिबार ब्रदर्स युनियनमा आबद्ध भएका एरिक विष्ट, सनिश श्रेष्ठ, अञ्जन विष्ट र योगेश गुरुङ सामूहिक तस्बिर खिचाउँदै (बायाँबाट)।

**नयाँ पत्रिका**

नेपाली राष्ट्रिय फुटबल टोलीका स्ट्राइकर अञ्जन विष्टले देशमा सहिद स्मारक 'ए' डिभिजन लिग नहुँदा बंगलादेशको प्रिमियर लिग खेल्न पुगेको बताएका छन्। ढाका पुगेका अञ्जन ब्रदर्स युनियनसँग शुक्रबार नयाँ सिजनको लिग खेल्न सम्झौता गरेका छन्। उनीसहित ब्रदर्स युनियनमा आबद्ध भएका थप तीन नेपाली खेलाडी सनिश श्रेष्ठ, एरिक विष्ट र योगेश गुरुङले अभ्यास सत्रमा समावेश भएका छन्।

अभ्यास सत्रपछि सामाजिक सञ्जालमा अञ्जनले लेखेका छन्, 'म नेपालको राष्ट्रिय फुटबल खेलाडी भएको नाताले, देशमा धेरै वर्षदेखि फुटबलको लिग नहुँदा बाध्यतावश छिमेकी देश बंगलादेश लिग खेल्न आउनुपरेको छ।' उनले बंगलादेश बाध्यतावश जानुपरेको जनाए। 'दुई छाक टार्न र बाबा-आमाको सपना, इच्छा पूरा गर्न अरूको देशमा आइपुगेको छु। सम्पूर्ण खेलाडी अहिले बेरोजगार भएको अवस्थामा छन्,' उनले भनेका छन्।

अखिल नेपाल फुटबल संघ (एन्फा)को आन्तरिक कलह र राजनीतिक कारण देशभित्रको फुटबल गतिविधि नियमित छैन। घरेलु फुटबलका कार्यक्रम राम्रोसँग चलेको छैन। प्रशासनिक झगडा उस्तै छ। पंकजविक्रम नेम्वाङ नेतृत्वमा आएको चौथो वर्ष चलिरहँदा सहिद स्मारक डिभिजन लिगको साइकल एकपटक मात्रै पूरा भएको छ। हरेक वर्ष हुनुपर्ने डिभिजन लिग गर्न योे नेतृत्वले सकेको छैन।

यी चार खेलाडीसहित यो सिजन राष्ट्रिय टोलीका आठ खेलाडीले बंगलादेशको लिग खेल्दै छन्। कप्तान किरण चेम्जोङ र फरवार्ड आयुष घलानले बंगलादेश पुलिसबाट खेल्दै छन्। यो क्लब पछिल्लो सिजन सातौँ स्थानमा थियो। रक्षक योगेश, सनिश, मिडफिल्डर एरिक र फरवार्ड अञ्जन खेलेको टिम पछिल्लो सिजन पाँचौँ स्थानमा रहेको थियो। रक्षक अनन्त तामाङ जोडिएको फोर्टिस एफसीले गत सिजन छैटौँ स्थानमा लिग टुंग्याएको थियो। पछिल्लोपटक चौथो स्थानमा रहेको रहमतगन्जले नेपालका रक्षक अभिषेक लिम्बूलाई भित्र्याएको छ। सबै खेलाडी बंगलादेश पुगिसकेका छन्।

## लिग गराउन आग्रह

अञ्जनले एन्फालाई चाँडै लिग गराउन पनि अनुरोध गरेका छन्। नेम्वाङ नेतृत्वमा आएको तीन वर्षमा मात्र एकपटक डिभिजन लिगको साइकल पूरा भएको छ। लिग सकिएको आठ सय दिन पुग्दा पनि एन्फाले डिभिजन लिग सुरु गर्ने तरखर देखाएको छैन। ढाकाबाट अञ्जनले भने, 'मेरो बिन्ती छ, एन्फालाई, अबचाहिँ फुटबलको लिग ब्याक गराउने वातावरण चाँडोभन्दा चाँडो गरियोस्।' उनले देशमा फर्किएर डिभिजन लिग खेल्न तयार भएको पनि प्रस्ट पारेका छन्।

## खेल संक्षेप

### पर्वतीय दौड ११ असोजमा

**कास्की**/ दोस्रो संस्करणको पर्वतीय दौड प्रतियोगिता ११ असोजमा हुने भएको छ। जेन-जीको प्रर्दशनपछि देशमा सृजना भएको विषम परिस्थितिका कारण प्रतियोगिताको आयोजना एक साता पछि सारेको आयोजकले जनाएको छ। यसअघि पोखरा क्लिक प्रालिले ४ असोजमा दौड भनिएको थियो। अब ११ असोजमा दौड हुने प्रतियोगिता संयोजक दीननाथ बरालले बताए। पहिलो संस्करणको तुलनामा दौडको पुरस्कार राशी बढाइएको छ। पुरुषतर्फ पहिलो हुनेले ५० हजार, दोस्रोले ३० हजार र तेस्रोले २० हजार रुपैयाँ प्राप्त गर्ने छन्। वडास्तरीय खुला, महिला र यू-१६ का विजेताले जनही १५ हजार र उपविजेताले सातहजार रुपैयाँ हात पार्ने छन्। ४० वर्ष माथिका भेट्रान र विदेशी धावकलाई प्रोत्साहन पुरस्कारको समेत व्यवस्था भएको संयोजक बरालले जानकारी दिए। भेट्रान र विदेशीतर्फका विजेताले जनही १५ हजार रुपैयाँ हात पार्ने छन्। दौडले समग्र पोखरा क्षेत्रको खेल पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने उनको भनाई छ।

### नेपालको खेल भियतनाममा

**काठमाडौं**/ एएफसी एसियन कप २०२७ छनोटका महत्त्वपूर्ण खेलमा नेपालले 'होम ग्राउन्ड'को फाइदा गुमाएको छ। प्रतियोगिताको प्रारम्भिक चरणमा भियतनामसँग खेल्न लागेको नेपालले घरेलु मैदानको अभावमा दुवै खेल भियतनाममै खेल्ने भएको हो। त्रिपुरेश्वरस्थित दशरथ रंगशाला अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रतियोगिता गराउन अयोग्य भएपछि नेपालले 'होम एन्ड अवे'को अवधारणा गुमाउँदै दुवै खेल प्रतिद्वन्द्वी देशमै खेल्नुपर्ने बाध्यता भएको हो।

एन्फाले न्युट्रल भेन्यु छनोट गर्न सक्ने विकल्प हुँदा-हुँदै भियतनाममै दुवै खेल खेल्ने निर्णय गरेको छ। एसियाली फुटबल महासंघ (एएफसी)ले पनि नेपालले दुवै खेल भियतनाममै खेल्ने निर्णयलाई औपचारिक मान्यता दिइसकेको छ। अब नेपालले पहिलो खेल ९ अक्टोबरमा बिन्ह डुओङ रंगशालामा र दोस्रो खेल १४ अक्टोबरमा थोङ न्हाट रंगशालामा खेल्नेछ। यद्यपि, खेल 'अवे'मा मात्रै सीमित भएपछि नेपाली टोलीको रणनीति र तयारीमा थप चुनौती थपिएको छ।

### युनाइटेडका गोलरक्षक ओनाना टर्किस क्लबमा

**लन्डन**/ म्यानचेस्टर युनाइटेडका गोलरक्षक आन्द्रे ओनाना सिजनको बाँकी समयका लागि टर्की क्लब ट्राब्जोन्स्पोरमा लोनमा गएका छन्। युनाइटेडमा पहिलो तीन प्रिमियर लिग खेल नखेलेका २९ वर्षीय ओनानाले यो सिजन केवल काराबाओ कपमा ग्रिम्स्बीविरुद्ध खेलेका थिए। युनाइटेडले ओनानालाई सन् २०२३ मा इन्टर मिलानबाट ४७.२ मिलियन पाउन्डमा अनुबन्ध गरेको थियो। युनाइटेडबाट एक सय दुई खेल खेलेका उनले ०२४ एफए कप जित्दा टोलीको सदस्य थिए। प्रशिक्षक रुबेन अमोरिमले नयाँ गोलरक्षक सेने लामेन्सलाई रोयल एन्ट्वर्पबाट २१ मिलियन युरोमा भित्र्याएपछि ओनाना टर्किस क्लबमा पुगेको एजेन्सीले जनाएको छ। अहिले युनाइटेडसँग लामेन्स, अल्लाय बायिन्डिर र टम हिटन गोलरक्षक विकल्पका रूपमा छन्। युनाइटेडले प्रिमियर लिगमा आइतबार म्यानचेस्टर सिटीको सामना गर्नेछ।

# एकै मोडेलसँग डेटिङमा अल्काराज र सिनर

**एजेन्सी**

गत साता युएस ओपन चलिरहँदा कार्लोस अल्काराज र जानिक सिनर कोर्टमा मात्र नभएर मैदानबाहिर पनि प्रतिस्पर्धा गरिरहेका थिए। लगातार तीन ग्रान्डस्लामको फाइनलमा प्रतिद्वन्द्वी बनेका अल्काराज र सिनरबिचको भिडन्त रोचक तथा नाटकीय बनेको थियो। न्युयोर्कको अथुर रंगशालामा २२ वर्षीय अल्काराजले सिनरलाई ६-२, ३-६, ६-१ र ६-१ ले परास्त गर्दै युएस ओपन जिते। अल्काराजले छैटौँ ग्रान्डस्लाम उपाधि मात्र आफ्नो बनाएनन्, उनले एटिपी पुरुष वरीयताको शीर्ष स्थानमा विराजमान सिनरलाई उछिन्न सफल भए। अल्काराजले उपाधिसँगै पाँच मिलियन अमेरिकी डलरसमेत हात पारे।

यो त भयो वर्षको अन्तिम ग्रान्डस्लाम युएस ओपनको उपाधि भिडन्तका केही पक्ष। युएस ओपन सकिएको एक सातापछि बेलायती एजेन्सीहरूले स्पेनिस खेलाडी अल्काराज र इटालियन सिनरबिच मैदानबाहिर एक महिनाका लागि अर्को भिडन्त चलिरहेको जनाएका छन्। युएस ओपनको च्याम्पियन भएसँगै अल्काराजले मोडेल ब्रुक्स नाडरसँग खुसी मनाएका थिए। उनै मोडेल नाडरले सिनरसँग पनि सम्बन्ध राखेको खुलासा बेलायती मिडियाहरूले दाबी गरेका छन्।

अल्काराजसँग युएस ओपनको विजयी उत्सव पार्टी मनाइरहँदा नाडरले सिनरसँग डेटिङ गरिरहेको पेज सिक्सको दाबी छ। 'रमाइलो र हास्यास्पद पक्ष यो छ। एकै समयमा मोडेल नाडर सिनर र अल्काराजसँगै डेटिङमा थिए। अझ अल्काराजले दिइएको पार्टीमा नाडर सिनरसँगै देखिन्थिइन्,' पेज सिक्सले भनेको छ।



## उपाधि भिडन्त हेर्न पुगेकी मोडेल ब्रुक्स

अल्काराज र सिनरबिचको उपाधि भिडन्त चलिरहँदा नाडर दर्शकदीर्घाको अगाडिकै सिटमा थिइन्। उनले कसको पक्षमा समर्थन गरिरहेको भन्ने कसैलाई थाहा थिएन। स्पेनिस पत्रकार अल्बर्टो गुजमानले अल्काराज र सिनरले एकै मोडेलसँग सम्बन्ध राखेको बताएका छन्। 'स्पेनिस टेलिभिजनमै अल्काराजले एक मोडेलसँग डेटिङ गरिरहेको खुलासा गरेका थिए, तर यो युएस ओपनको फाइनलमा प्रस्ट भयो,' पत्रकार अल्बर्टोले भने, 'यद्यपि, अहिले उनीहरूले डेटिङमा छैनन् भनेका छन्, तर वास्तवमा उनीहरू डेटिङमै छन्।' मिडिया, सहकर्मी तथा पत्रकाहरूले नाडरबिचको सम्बन्ध खुलासा गरे पनि अल्काराज ब्रिटिस टेनिस स्टार इमाना राडुकानसँग नजिक छन्। युएस ओपनको मिक्स डबल्समा अल्काराज र इमाना जोडीका रूपमा थिए। तर, इमानाले गत जुनमा स्पेनिस खेलाडीसँग सम्बन्ध नरहेको र केवल साथी मात्र बताएकी थिइन्।

## टक सोमै सिनरसँग सम्बन्धको खुलासा

चर्चित जिमी मिमेल्स टक सोको एक कार्यक्रममै मोडेल नाडरले आफू सिनरसँग डेटिङमा रहेको खुलासा गरेकी थिइन्। फेरि केही समयपछि उनले सिनरसँग डेटिङमा नरहेको जनाइन्। तर, नाडरकी एक आफन्त ग्रिस अनाकी अनुसार अहिले पनि वर्तमान समयकै उत्कृष्ट युवा खेलाडीद्वयसँग नाडरको सम्बन्ध चलिरहेको छ।

कतिपयले एकै समयमा एक महिलाले दुईजना पुरुषसँग डेटिङ गर्न असम्भव भएको बताएका छन्। तर, ग्रिस अनाले भने बजारमा आएको हल्ला केवल हल्ला मात्र नभएर सत्य भएको बताएकी छिन्।

# आर्सनलले नटिंघमलाई हरायो

**एजेन्सी**

मार्टिन जुबिमेन्दीले पहिलोपटक इंग्लिस प्रिमियर लिगमा दुई गोल गरेपछि शनिबार आर्सनलले नटिंघम फरेस्टलाई ३-० ले पराजित गरेको छ। लिभरपुलसँग पराजित भएयता आर्सनल लयमा थिएन। अन्तर्राष्ट्रिय ब्रेकपछि आर्सनलले प्रिमियर लिगमा उत्कृष्ट सुरुवात गऱ्यो। चार खेलबाट नौ अंकका साथ आर्सनल अंकतालिकाको शीर्ष स्थानमा उक्लिएको छ। पाँच अंक जोडेको नटिंघम ११औँ स्थानमा छ।

खेलको ३२औँ मिनेटमा मार्टिनले आर्सनललाई १-० को अग्रता दिलाएका थिए। उनले एक प्रयासमा गोल गरेक हुन्। खेलको ४६औँ मिनेटमा भिक्टर ज्योकेरेसको गोलमा आर्सनल २-० ले अघि रह्यो।

उनले इजको सटिक पासमा गोल गरेका हुन्। खेलको ७९औँ मिनेटमा मार्टिनले आर्सनलको जित ३-० को पक्का पारे। प्रतिस्पर्धामा क्रिस उड र ज्योकेरेसका प्रहार बारनजिक हुँदै बाहिरिएको थियो। खेलमा आर्सनलले नटिंघममाथि दबाब राखेको थियो।

प्रशिक्षक अर्टेटाले विपक्षीविरुद्ध आक्रामक रणनीति बनाएका थिए। मिडफिल्डर मिकेल मारिनोले फिनिसिङ लाइन-अपमा रहेका खेलाडीलाई सटिक पास उपलब्ध गराएका थिए। गत साता फिफा विश्वकपअन्तर्गत युरोपियन छनोटमा स्पेनले टर्कीलाई हराउँदा मिकेलले ह्यात्रिक गरेका थिए। मिकेलको उत्कृष्ट प्रदर्शनमा आर्सनलले मिडफिल्डमा नियन्त्रण राखेको थियो। आर्सनलका डेभिड रायले आफ्नो सय प्रिमियर लिग खेल पूरा गरे।

# टी-२० क्रिकेटमा तेस्रोपटक तीन सय रन पूरा

**एजेन्सी**

विकेटकिपर ब्याट्समयान फिल साल्ट इंग्ल्यान्डका लागि टी-२० आई क्रिकेटमा कम बलमा शतक बनाउने पहिलो खेलाडी बनेका छन्। उनले दक्षिण अफ्रिकाविरुद्ध भएको दोस्रो टी-२० आईमा ३९ बलमा शतक बनाउने कीर्तिमान बनाएका हुन्। उनले दक्षिण अफ्रिलकाविरुद्ध एक सय ४१ रन बनाए। यो इंग्ल्यान्डको लागि व्यक्तिगत ठुलो स्कोर हो।

म्यानचेस्टरको ओल्ड ट्राफोर्ड मैदानमा इंग्ल्यान्डले २० ओभरमा ३०४ रन बनाएको थियो। यो स्कोर इंग्ल्यान्डको अहिलेसम्मकै टी-२० आईकै सर्वाधिक योगफल हो। अन्तर्राष्ट्रिय क्रिकेटकै तेस्रो ठुलो स्कोर हो। ३०५ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिका १६.१ ओभरमा मात्र १५८ रन बनाउँदा अलआउट भएको थियो। यो खेलमा इंग्ल्यान्ड १४६ रनले विजयी भयो।

## बटलरले पनि बनाए कम बलमा अर्धशतक

जोस बटलरले इंग्ल्यान्डका लागि कम बलमा अर्धशतक बनाउने रेकर्ड राखेका छन्। उनले मात्र १८ बलमा अर्धशतक बनाएका थिए। बटलरले ३० बलमा आठ चौका र सात छक्कासहित ८३ रनको योगदान दिए। साल्टले अविजित एक सय ४१ रन बनाएका हुन्। बटलर र साल्टले ४७ बलमा सर्वाधिक १२६ रनको साझेदारी गरेका थिए। कप्तान ह्यारी ब्रुकले ४१ तथा ज्याकोब बेथेलले २६ रन बनाएका हुन्।

दक्षिण अफ्रिकाको ब्याटिङमा कप्तान ऐडन मारक्रमले २० बलमा सर्वाधिक ४१ रन बनाएका थिए। इंग्ल्यान्डकै जोफ्रा अर्चरले सर्वाधिक तीन विकेट लिए। साम करन र लिआम डाब्सन तथा विल ज्याक्सले समान दुई विकेट लिए।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com